# प्रदेश राजपत्र

प्रदेश नं. ३ प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) हेटौंडा, मकवानपुर, मंसिर ५ गते, २०७६ साल (अतिरिक्ताङ्क २७(ख)

## भाग २

प्रदेश सरकार

प्रदेश नं. ३, हेटौंडा

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

**प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६**

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अधिकारप्राप्त अधिकारी" भन्नाले यस नियमावली बमोजिम खर्च गर्ने वा सोको लागि निकासा दिने अधिकार पाएको अधिकारी सम्झनु पर्छ र सो शब्दले कायम मुकायम वा निमित्त भई काम गर्ने अधिकारी समेतलाई जनाउँछ।

(ख) "अनुदान" भन्नाले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, दातृ निकाय तथा संघ संस्थाहरूबाट प्रदेश सरकारलाई प्राप्त हुने सहायता सम्झनु पर्छ।

(ग) "आन्तरिक नियन्त्रण" भन्नाले आ-आफ्नो कामको प्रकृति अनुसार आफू र अन्तर्गतका निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी र प्रभावकारी रुपमा सम्पन्न हुने गरी कानूनले

निर्धारण गरेको प्रक्रिया अनुसार तालुक निकायबाट निरन्तर रूपमा गरिने सुपरिवेक्षण र अनुगमन कार्य सम्झनु पर्छ।

(घ) "आन्तरिक स्रोत" भन्नाले प्रदेश कानून बमोजिम प्रदेश सरकारले संकलन गर्ने दस्तुर, शुल्क, कर लगायतका सबै किसिमका आय सम्झनु पर्छ।

(ङ) "आवधिक योजना" भन्नाले प्रदेश नीति तथा योजना आयोगले तोकिदिएको समयभित्र पूरा गर्नु पर्ने योजना सम्झनु पर्छ।

(च) "उपशीर्षक"भन्नाले व्यय अनुमानको विवरण पुस्तिकामा उल्लेख हुने उपशीर्षक सङ्केत संख्या सम्झनु पर्छ।

(छ) "एकीकृत प्रदेश लेखा" भन्नाले प्रदेशस्तरका कार्यालयबाट प्राप्त प्रतिवेदन, स्थानीय तहबाट प्राप्त प्रतिवेदन एवं प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालय अन्तर्गतका इकाई कार्यालयहरुबाट प्राप्त हुने एकीकृत विवरण, प्रदेश सरकारलाई प्राप्त हुने अनुदान, वैदेशिक सहायता, आन्तरिक ऋण, लगानी, प्रदेश सरकारको आन्तरिक स्रोतबाट प्राप्त आय समेतबाट प्राप्त हुने रकम समेतको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले वार्षिक रूपमा तयार गर्ने लेखा सम्झनु पर्छ।

(ज) "ऐन" भन्नाले प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ सम्झनु पर्छ।

(झ) "खर्च शीर्षक" भन्नाले व्यय अनुमानको रकमगत विवरणको शीर्षकहरुको वर्गीकरण सम्झनु पर्छ।

(ञ) "दातृ पक्ष" भन्नाले द्विपक्षीय वा बहुपक्षीय सम्झौताद्वारा प्रदेश सरकारलाई वैदेशिक सहायता (ऋण वा अनुदान) उपलब्ध गराउने मित्रराष्ट्र वा अन्तर्राष्ट्रिय वा विदेशी संघ संस्था सम्झनु पर्छ।

(ट) "धरौटी रकम" भन्नाले कुनै काम टुङ्गो नलागेसम्म सुरक्षण वापत राखिएको सुरक्षण जमानत रकम (रिटेन्सन मनी) वा अर्नेष्ट मनी वा सो वापतको बिडबण्ड वा परफरमेन्स बण्ड सम्झनु पर्छ र सो शब्दले अन्य कुनै कारणले सुरक्षण राख्नु पर्ने भई सो वापत राखिएको रकम समेतलाई जनाउँछ।

(ठ) "प्रदेश लेखा नियन्त्रक कार्यालय" भन्नाले प्रदेश स्थित प्रदेश लेखा नियन्त्रक कार्यालय सम्झनु पर्छ र सो शब्दले प्रदेश लेखा नियन्त्रक ईकाइ कार्यालय समेतलाई जनाउँछ।

(ड) "बजेट दिग्दर्शन" भन्नाले कार्यक्रम तथा बजेट तयार गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी भएको पुस्तिका सम्झनु पर्छ।

(ढ) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(ण) "मन्त्री" भन्नाले मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्री समेत सम्झनुपर्छ।

(त) “लगती राजस्व” भन्नाले लगत कसी लगतअनुसार असुल उपर गरिने राजस्व सम्झनु पर्छ।

(थ) “वस्तुगत सहायता” भन्नाले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, दातृ राष्ट्र वा संघसंस्थाहरूबाट प्राप्त भएका जिन्सी मालसामान सम्झनु पर्छ र सो शब्दले नेपाल सरकार, प्रदेश सरकार,स्थानीय तह, दातृ राष्ट्र वा संघसंस्थाहरू आफैले निर्माण गरी हस्तान्तरण गरिएको अचल सम्पति (टर्न की) समेतलाई जनाउँछ।

(द) “विभागीय प्रमुख” भन्नाले प्रदेश सरकार अन्तर्गतको कुनै निकायमा कार्यरत राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह वा विभागीय प्रमुखको हैसियतमा काम गर्ने गरी तोकिएको पदाधिकारी सम्झनु पर्छ।

(ध) "विभाग" भन्नाले प्रदेश सरकारका विषयगत मन्त्रालय मातहत रहने प्रदेशस्तरका विभाग सम्झनुपर्छ र सो शब्दले विभाग सरहको अधिकार प्रयोग गर्ने निर्देशनालय समेतलाई जनाउँछ।

(न) “विशेष परिस्थिति” भन्नाले सुख्खा, अनावृष्टि, अतिवृष्टि, भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक विपद् एवं प्रकोप तथा आकस्मिक वा अप्रत्याशित विशेष

कारणबाट श्रृजना भएको परिस्थितिलाई सम्झनु पर्छ।

(प) "सरकारी रकम" भन्नाले प्रदेश सरकारलाई राजस्वको रूपमा वा अन्य कुनै किसिमबाट प्राप्त हुने रकम सम्झनु पर्छ।

(फ) "सदर स्याहा" भन्नाले सुरक्षण वापत धरौटी खातामा जम्मा रहेको धरौटी रकमलाई यस नियमावली बमोजिम प्रदेश सञ्चित कोषमा दाखिला गर्ने कार्य सम्झनु पर्छ।

(ब) "सरकारी बाँकी" भन्नाले ऐनको दफा २ को खण्ड (ग) बमोजिम असुल उपर गर्नु पर्ने रकम सम्झनु पर्छ।

(भ) "सोझै भुक्तानी" भन्नाले विशेष, इम्प्रेष्ट खातामा रहेको रकमबाट खर्च गरिने रकम वा सम्बन्धित आयोजना कार्यालयको माग अनुसार दातृ पक्षबाटै सम्बन्धित व्यक्ति, फर्म, कम्पनी, संस्था वा आपूर्तिकर्तालाई सोझै भुक्तानी दिने वा दातृ पक्षले सोझै भुक्तानी गर्ने प्रक्रिया सम्झनु पर्छ।

(म) "शिर्षक" भन्नाले व्यय अनुमानको विवरण पुस्तिकामा उल्लेख हुने अनुदान संख्या सम्झनु पर्छ।

(य) "हसवली राजस्व" भन्नाले लगती राजस्व बाहेक पटके रूपमा शुल्क, दस्तुर, लिलाम बिक्री, बोलपत्र फाराम बिक्री आदिबाट प्राप्त हुने राजस्व सम्झनु पर्छ।

## परिच्छेद–२

## प्रदेश सञ्चित कोष तथा खाता सञ्चालन सम्बन्धी व्यवस्था

३. **प्रदेश सञ्चित कोषको सञ्चालन तथा प्रयोगः** (१) प्रदेश सञ्चितकोष सञ्चालनका लागि प्रदेश लेखा नियन्त्रक कार्यालयले समय समयमा तोकिदिए बमोजिमका खाताहरू रहनेछन्।

(२) उपनियम (१) बमोजिमका खाताहरूको सञ्चालन प्रदेश लेखानियन्त्रक कार्यालय वा सो कार्यालयले तोकीदिए बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालय वा अन्य कार्यालयले गर्नेछ।

(३) प्रदेश सञ्चित कोषको खाता प्रदेश लेखा नियन्त्रक र निजले तोकेको अधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ। खाता सञ्चालनका लागि मन्त्रालयका सचिवबाट दस्तखत नमूना प्रमाणित गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिमका खाताहरूमा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको विनियोजित रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिदिए बमोजिम गर्नु पर्नेछ।

(५) प्रदेश सरकारले प्रदेश सञ्चित कोषको प्रयोग सालबसाली रूपमा जारी हुने विनियोजन ऐन, पेश्की खर्च ऐन, पूरक ऐन, उधारो खर्च ऐन तथा अन्य प्रचलित कानूनबमोजिम गर्नेछ।

४. **प्रदेश सञ्चित कोषबाट भुक्तानीः** (१) सालबसाली पेश्की खर्च ऐन वा विनियोजन ऐन जारी भएपछि मन्त्रालयले दिएको अधिकारको आधारमा स्वीकृत बजेट विवरण अनुसार प्रदेश लेखा नियन्त्रक

कार्यालयले तोके बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित कार्यालयको भुक्तानी आदेश बमोजिम प्रदेश सञ्चित कोषबाट रकम भुक्तानी दिनेछ।

(२) उपनियम (१) बमोजिम सञ्चित कोषबाट रकम भुक्तानी दिन नसकिने अवस्थामा त्यसको जानकारी सम्बन्धित कार्यालयलाई दिनुपर्नेछ।

५. **खाता खोल्न स्वीकृति लिनु पर्ने**ः प्रदेश सञ्चित कोषबाट सरकारी कारोबार गर्न नियम ७ को उपनियम (१) बमोजिम तोकिएको बैंकमा मात्र एकल कोष खाता प्रणालीमा आधारित प्रदेश सरकारले स्वीकृत गरेको विद्युतीय प्रणालीबाट भुक्तानी लिने गरी सरकारी अड्डाखाना (स/अ) समूहको बैंक खाता खोल्न स्वीकृति दिइनेछ।

६. **एकल कोष खाता सञ्चालन**ः (१) नियम ४ को उपनियम (१) बमोजिम एकल कोष खाता प्रणाली अनुसार भुक्तानी आदेशमा कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारी र आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको आर्थिक प्रशासन शाखाको कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन गर्नु पर्नेछ ।आर्थिक प्रशासन शाखाको दरवन्दी रिक्त भएको वा दरवन्दी नरहेको अवस्थामा प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिदिएको लेखा समूहको कर्मचारीबाट त्यस्तो खाताको सञ्चालन गर्नु पर्नेछ। प्रदेश लेखा नियन्त्रक कार्यालयले लेखा समूहको कर्मचारी उपलब्ध गराउन नसकेको अवस्थामा सम्बन्धित कार्यालय प्रमुखले तोकेको कर्मचारी र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीको संयुक्त दस्तखतबाट गर्नु पर्नेछ।

(२) प्रदेशको राजधानी रहेको जिल्ला स्थित कार्यालयहरुको दस्तखत नमूनाको प्रमाणित गर्ने कार्य प्रदेश लेखा

नियन्त्रक वा निजले तोकेको अधिकृत कर्मचारीबाट गराउनु पर्नेछ। प्रदेश लेखा नियन्त्रक कार्यालय नरहेको जिल्लाको हकमा प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय प्रमुख वा निजले तोकेको लेखा समूहको कर्मचारीबाट गराउनु पर्नेछ।

७. **सरकारी रकम सम्बन्धी व्यवस्थाः** (१) नियम ४ बमोजिम प्रदेश मातहतका कार्यालयको नाममा हुने भुक्तानी आदेश अनुसारको रकम नेपाल राष्ट्र बैंक वा सरकारी कारोबार गर्ने गरी तोकिएको बैंकबाट भुक्तानी लिनु पर्नेछ ।प्रदेश लेखा नियन्त्रक कार्यालयको परामर्शमा नेपाल राष्ट्र बैंकले सरकारी कारोबार गर्ने बैंक तोक्न सक्नेछ।

(२) प्रदेश सरकारी कारोबारको लागि प्रदेश लेखा नियन्त्रक कार्यालयको परामर्शमा नेपाल राष्ट्र बैंक वा नेपाल राष्ट्र बैंकले तोकेको बैंकले प्रदेश सरकारी कारोबार निर्देशिका तयार गरी लागू गर्नु पर्नेछ।

(३) सरकारी कारोबार सञ्चालनको लागि विभिन्न कार्यालयहरूमा रकम उपलब्ध गराउन बैंकहरूमा कोषको व्यवस्था नेपाल राष्ट्र बैंकले मिलाउनुपर्नेछ।

## परिच्छेद–३

## राजस्व दाखिला र राजस्व लेखा

८. **राजस्व रकम बुझ्ने र दाखिला गर्नेः** (१) प्रचलित कानूनबमोजिम प्राप्त भएको राजस्व प्रदेश लेखा नियन्त्रक कार्यालयको निर्देशन अनुसार राजस्व आर्जन गर्ने कार्यालयको कार्यालय कोड नम्बर राखी प्रदेश लेखा नियन्त्रक कार्यालयको नाममा रहेको सरकारी

कारोबार गर्ने बैंकमा खोलिएको राजस्व खाता (नन् अपरेटिभ रेभिन्यू अकाउन्ट) मा जम्मा गर्नु पर्नेछ।

(२) राजस्व आर्जन गर्ने कार्यालयले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्व रकम उपनियम (१) मा उल्लेख भए बमोजिमको खातामा जम्मा गर्नु पर्नेछ  करदाताबाट सोझै बैंकमा जम्मा भई प्राप्त हुन आएको बैंक भौचर र कार्यालयले नगद संकलन गरी बैंकमा दाखिला गरेको बैंक भौचर कार्यालय कोड नम्बरसहित प्रदेश लेखा नियन्त्रक कार्यालयको नाममा रहेको खातामा जम्मा हुने रकमको लेखांकन गरीस्रेस्ता राख्नु पर्नेछ । बेरुजु रकम असुल भएमा बेरुजु कायम भएको कार्यालयको कोड नम्बरसहित प्रदेश लेखा नियन्त्रक कार्यालयको नाममा रहेको राजस्व खातामा जम्मा गरिएको बैंक भौचर संलग्न गरी सम्बन्धित कार्यालयले गोश्वारा भौचर उठाई त्यस्तो रकमको आम्दानी जनाई लेखा राख्नु पर्नेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यालयले दस हजार रुपैयाँ सम्मको नगदै बुझिलिई त्यस्तो राजस्व रकम दैनिक रूपमा उपनियम (१) बमोजिमको खातामा जम्मा गर्नु पर्नेछ र नगद राजस्व आम्दानी बैंक दाखिला विवरणमा प्रविष्ट गर्नु पर्नेछ।दैनिक रूपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिनभित्र त्यस्तो नगद बैंक दाखिला गर्नु पर्नेछ । कार्यालय हाताभित्र बैंक सुविधा उपलब्ध भएको अवस्थामा नगद बुझ्न पाइने छैन ।

(४) करदाता वा सेवाग्राहीबाट चेक वा ड्राफ्टको रूपमा प्राप्त भएको रकम सम्बन्धित बैंकबाट राजस्व खातामा जम्मा भएको भौचर प्राप्त भएपछि मात्र कार्यालयले आम्दानी जनाउनु पर्नेछ।

(५) कार्यालयमा नगद वा बैंक भौचरको रूपमा प्राप्त भएको जुनसुकै राजस्व रकम आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनु पर्नेछ।

(६) राजस्व बेरुजु असुल उपर भएमा सम्बन्धित राजस्व शीर्षकमा नै आम्दानी बाँध्नुपर्नेछ।

(७) राजस्व संकलन, लेखांकन र प्रतिवेदन समेतको कारोबारको लागि राजस्व लेखा प्रणाली सम्बन्धी एकल विद्युतीय खाता प्रणाली प्रदेश सरकारबाट स्वीकृत गरी लागू गर्न सकिनेछ।

९. **राजस्व लेखा अद्यावधिक गरी राख्ने**: प्रत्येक कार्यालयले नेपाल सरकारबाट स्वीकृत राजस्व वर्गीकरण र व्याख्या अनुरूप लगती तथा हसवली राजस्व आम्दानी दाखिला गरी नियम ८ बमोजिम आम्दानी जनाउँदा दोहोरो स्रेस्ता प्रणाली अनुसार राजस्व स्रेस्ताको लागि महालेखा परीक्षकको कार्यालयबाट तोकिएको ढाँचामा लेखा अद्यावधिक गरी राख्नु पर्नेछ र लेखामा भिड्ने प्रमाणित कागजातहरू पनि सिलसिलाबद्ध तरिकाले राख्नु पर्नेछ।

१०. **मासिक प्रतिवेदन पेश गर्ने**: राजस्व आम्दानी गर्ने प्रत्येक कार्यालयले सम्बन्धित बैंकमा जम्मा भएको राजस्वको बैंक हिसाब मिलान गरी महिना भुक्तान भएको सात दिनभित्र मासिक विवरण तयार गरी तालुक कार्यालयर सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ।

११. **विवरण पेश गर्नु पर्ने**: नियम १० को प्रतिवेदनको अतिरिक्त तालुक कार्यालयले माग गरे बमोजिमको प्रतिवेदन तथा विवरण राजस्व आर्जन गर्ने कार्यालयले पेश गर्नु पर्नेछ।

१२. **राजस्वको वार्षिक आर्थिक विवरण तयार गर्ने**: प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको पैंतीस दिनभित्र लगती राजस्वको रकम र असुल हुन बाँकी रकम तथा हसवली राजस्व समेतको

कच्चावारी समेत भिडाई राजस्वको वार्षिक आर्थिक विवरण तयार गरी तालुक कार्यालय, सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्नु पर्नेछ।

१३. **जिल्लाभरको राजस्व विवरण तयार गर्ने**: सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयले नियम १२ बमोजिम प्राप्त आर्थिक विवरणको आधारमा जिल्लास्थित राजस्व आर्जन गर्ने सबै कार्यालयको राजस्वको विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ।

१४. **राजश्वको एकीकृत आर्थिक विवरण तयार गर्नुपर्ने**: प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेशस्थित कार्यालयहरुबाट संकलित राजश्वको वार्षिक आर्थिक विवरणको एकीकृत विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्नु पर्नेछ।

१५. **कार्यालय प्रमुखले निरीक्षण गरन् सक्ने**: कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ९ बमोजिम लगती तथा हसवली राजस्वको लेखा रहे नरहेको यकिन गर्नु पर्नेछ । यसरी निरीक्षण भए वा नभएको कुरा आन्तरिक लेखा परीक्षण गर्दा हेर्नु पर्नेछ।

१६. **लेखापरीक्षण गराउने**: (१) कार्यालयमा आम्दानी भएको राजस्वको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिदिए बमोजिम गराउनु पर्नेछ। अन्तिम लेखा परीक्षण गर्दा हिसाब संशोधन भएमा सम्बन्धित कार्यालयले संशोधित आर्थिक विवरण तयार गरी सम्बन्धित प्रदेश

लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयलाई दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम संशोधित हिसाब प्राप्त हुन आएमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयले संशोधन सहितको अन्तिम विवरण प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ। प्रदेश लेखा नियन्त्रक कार्यालयले पनि नियम १४ बमोजिम तालुक कार्यालयले तयार गरेको प्रादेशिक राजस्व लेखासँग भिडाई अन्तिम विवरण तयार गर्नु पर्नेछ।

१७. **कार्यालय प्रमुख उत्तरदायी हुनेः** राजस्व रकम बैंक दाखिला गर्ने, गराउने र लेखा राख्ने, राख्न लगाउने उत्तरदायित्व कार्यालय प्रमुख मार्फत लेखा प्रमुखको हुनेछ।

## परिच्छेद-४

## बजेट तथा कार्यक्रम सम्बन्धी व्यवस्था

१८. **स्रोत अनुमान र खर्चको सीमा निर्धारण गर्नुपर्नेः** (१) आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयोजनको लागि उपलब्ध हुने स्रोत र गर्न सकिने खर्चको सीमा पूर्वानुमान ऐनले तोके बमोजिमको समयभित्र मन्त्रालयले तयारगरी सक्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम स्रोत अनुमान र खर्चको सीमा निर्धारण गर्ने प्रयोजनको लागि देहाय बमोजिमको स्रोत अनुमान समिति रहनेछः-

(क) मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय -संयोजक

(ख) प्रदेश नीति तथा योजना

आयोगका उपाध्यक्ष -सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) प्रदेश लेखा नियन्त्रक -सदस्य

(ङ) प्रतिनिधि (निर्देशकस्तर), नेपाल राष्ट्र बैंक -सदस्य

(च) महाशाखा प्रमुख (बजेट), आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(छ) महाशाखा प्रमुख (राजश्व), आर्थिक मामिला तथायोजना मन्त्रालय -सदस्य सचिव

(३) उपनियम (२) बमोजिमको समितिले आवश्यकता अनुसार विषय विज्ञ र विषयगत मन्त्रालयको सचिव समेतलाई वैठकमा आमन्त्रित गर्न सक्नेछ।

(४) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आर्थिक परिसूचकहरुको विश्लेषण गरी समष्टिगत आर्थिक संरचना तयार गर्ने,

(ख) आगामी तीन आर्थिक बर्षको बजेटको कुल सीमा सहितको मध्यकालीन खर्च संरचना निर्धारण गर्ने,

(ग) राजस्व, वैदेशिक अनुदान र ऋण तथा आन्तरिक ऋणको प्रक्षपेण गर्ने,

(घ) राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, अनुदानबाट प्राप्त हुने रकम तथा अन्य आयको प्रक्षेपण गर्ने,

(ङ) कूल बजेटमा चालू, पूँजीगत र वित्तीय क्षेत्रको हिस्सा निर्धारण गर्ने,

(च) समितिले स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गरी सो को लिखित प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्ने।

(५) समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

१९. **मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने**: (१) प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि मन्त्रालयले आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको अनुसूची-१ बमोजिमको ढाँचामा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेछ। खर्च संरचना तयार गर्दा आवधिक योजनालाई मार्गदर्शनको रुपमा लिनु पर्नेछ। योजना तथा कार्यक्रमको प्राथमिकीकरणको आधार मन्त्रालयले निर्धारण गरेबमोजिम हुनेछ।

(२) मध्यमकालीन खर्च संरचना तयार गर्ने कार्यविधि मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

२०. **बजेट तर्जुमा गर्ने**: (१) प्रत्येक कार्यालयले तालुक निकायको निर्देशन र मन्त्रालयले निर्धारण गरेको बजेट सीमा, बजेट तर्जुमा दिग्दर्शन र परिपत्रको अधीनमा रही आफ्नो उद्देश्य अनुरूपको कार्य सम्पादन गर्न लक्ष्य निर्धारण गरी सोको आधारमा आगामी आर्थिक वर्षको लागि बजेट तर्जुमा गर्नु पर्नेछ।

(२) प्रदेश सरकारले मन्त्रालयको सिफारिसमा बहुवर्षीय आयोजना तोकी बजेट विनियोजन गर्न सक्नेछ। बहुवर्षीय आयोजना बाहेक अन्य आयोजना तथा कार्यक्रमको लागि मन्त्रालयले आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रमको सम्बन्धमा प्राथमिकता तथा नीतिगत लक्ष्य निर्धारण गरी उपनियम (१)

बमोजिमको परिपत्र हुनु अगावै सम्बन्धित मन्त्रालयलाई आवश्यक मार्गदर्शन उपलब्ध गराउनु पर्नेछ।

(३) आवधिक योजनाको लक्ष्य, नीति र मन्त्रालयको मार्गदर्शनलाई समेत ध्यानमा राखी प्रदेश सरकारले गर्नु पर्ने काम, हासिल गर्ने लक्ष्य, कार्यक्रम र आर्थिक स्रोत तथा देहायका कुराहरूलाई समेत दृष्टिगत गरी सम्बन्धित मन्त्रालय र निकाय समेतको सल्लाह लिई आगामी वर्षको लागि मन्त्रालयले क्षेत्रगत र मन्त्रालयगत बजेट रकमको सीमा निर्धारण गरीनिर्धारित बजेट रकमको सीमा र बजेट तर्जुमा दिग्दर्शनबमोजिम सम्बन्धित निकायहरूलाई बजेट पेश गर्ने समय तोकी मन्त्रालयले परिपत्र गर्नेछः-

(क) साल बसाली गर्नु पर्ने कामहरू,

(ख) आवधिक योजनाले लक्ष्य गरेका कामहरू,

(ग) चालू भइरहेका काम वा आयोजनाहरू,

(घ) वैदेशिक सहायताका सम्झौतामा उल्लेख भए बमोजिमको अवधिमा गर्नु पर्ने कामहरू,

(ङ) प्रदेश सरकारका नीति र कार्यक्रम अनुसारका कामहरू,

(च) त्रिवर्षीय बजेट सीमा तोकिएको भए सो बमोजिमका कार्यक्रमहरू,

(छ) अन्य आवश्यक कुराहरू।

(४) प्रदेश बजेट तर्जुमा दिग्दर्शन जारी नभएसम्म मन्त्रालयबाट जारी भएको मार्गदर्शनलाई आधार मान्नुपर्नेछ।

२१. **बजेट तथा कार्यक्रम तयार गरी पेश गर्नेः** (१) नियम २० मा उल्लेख भएबमोजिम कार्यालयलाई आगामी वर्षको लागि चाहिने बजेट र कार्यक्रम अनुसूची-२ को ढाँचामा तयार गरी

मन्त्रालयद्वारा निर्धारित समयभित्र तालुक निकायमा पेश गर्नु सम्बन्धित सबै कार्यालय प्रमुखको कर्तव्य हुनेछ।

(२) सम्बन्धित कार्यालयले उपनियम (१) बमोजिम बजेट तथा कार्यक्रम पेश गर्दा चालू वर्षको छ महिनासम्मको प्रगति विवरण अनुसूची-३ बमोजिमको ढाँचामा संलग्न गरी पठाउनु पर्नेछ। साथै चालू कार्यक्रम वा आयोजना भए गर्नु पर्ने कामको कुल परिमाण र लागत, सोमध्ये गत वर्षसम्म सम्पन्न भएको परिमाण र खर्च, चालू वर्षमा सम्पन्न गरिने कामको परिमाण र लागत, चालू छ महिनामा सम्पन्न परिमाणसहित आगामी वर्षमा पनि चालू राख्नु पर्ने भए त्यसको परिमाण र बजेटसमेत पेश गर्नु पर्नेछ।

(३) वार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउँदा वार्षिक खरिद योजना र खरिद गुरूयोजनालाई दृष्टिगत गरी बनाउनु पर्नेछ। कार्यक्रम सुचारुरूपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसँग लिनु पर्ने सहयोग र स्वीकृति बारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्यसमेत प्रथम चौमासिक अवधिमा सम्पन्न गरिसक्नु पर्नेछ।

(४) कार्यालयहरूले खर्च सम्बन्धी बजेट पेश गर्दा आफ्नो कार्यालयबाट उठ्ती हुने राजस्व रकमको पनि बजेट तर्जुमा दिग्दर्शनमा उल्लेख भए बमोजिमको ढाँचामा राजस्व अनुमान बनाई पेश गर्नु पर्नेछ।

(५) कार्यक्रमगत बजेट तर्जुमा गर्दा आर्थिक प्रशासन शाखा प्रमुखको सहभागिता हुनु पर्नेछ।

(६) पूरक बजेट पेश गर्न प्रदेश सरकारको निर्देशन भएमा निर्देशनबमोजिम गर्नु पर्नेछ।

२२. **बजेट तयारीमा तालुक निकायको कर्तव्यः** (१) नियम २१ मा उल्लेख भएबमोजिम बजेट सीमाभित्र रहेर आवश्यक बाँडफाँड गरी सीमा तोकी बजेट तयार गर्न गराउन लगाउने कर्तव्य सम्बन्धित तालुक निकायको हुनेछ। सम्बन्धित तालुक निकायले आफूअन्तर्गत रहेका विभाग वा कार्यालयलाई मन्त्रालयबाट बजेट तर्जुमासम्बन्धी परिपत्र प्राप्त भएको सात दिनभित्र बजेट तयार गर्ने निर्देशन पठाई सक्नुपर्नेछ।

(२) मातहतका कार्यालयबाट बजेट अनुमान तथा वार्षिक कार्यक्रम प्राप्त भएपछि सो अध्ययन गरी बजेट सीमा, आवधिक योजनाको नीतिअनुरूप र उपलब्धिमूलक भए वा नभएको जाँची अन्तिम रूप दिई बजेट तर्जुमा दिग्दर्शन र मन्त्रालयको परिपत्रको अतिरिक्त नियम २१ को उपनियम (१) बमोजिम वार्षिक कार्यक्रम समेत तयार गरी मन्त्रालयले तोकेको समयमा पुग्ने गरी सम्बन्धित मन्त्रालयले मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम बजेटलाई अन्तिम रूप दिँदा बजेट सीमाअनुरूप भए वा नभएको र उपलब्धिमूलक भए वा नभएको प्रष्ट गर्नु पर्नेछ।

२३. **आयोजना स्वीकृत गर्ने गराउनेः** (१) विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेतको विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनु पर्नेछ। जिल्लास्तरीय आयोजना, मन्त्रालयको नीतिभित्र रही सम्बन्धित मन्त्रालयका सचिवले र प्रदेशस्तरीय आयोजना मन्त्रालयले स्वीकृत गर्नुपर्नेछ। आयोजना स्वीकृत गर्ने आधार अनुसूची-४ मा उल्लेख भएबमोजिम हुनेछ। यसरी स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत

सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सोअनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नु पर्नेछ।

तर दशलाख रुपैयाँभन्दा कम लागत पर्ने आयोजनाको सम्बन्धमा उपर्युक्त विधि अपनाई आयोजना स्वीकृत गर्न सम्भव नभएमा कामको आवश्यकता, लागत, त्यसबाट हुने उत्पादन वा रोजगारी वृद्धि वा अन्य आर्थिक सामाजिक उद्देश्य प्राप्तिको विवरण खुलाई त्यसको आधारमा सम्बन्धित मन्त्रालयले स्वीकृत गरी बजेटमा समावेश गराई काम गराउन सक्नेछ। यसको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम स्वीकृत आयोजनाको विवरण सम्बन्धित मन्त्रालयले एक प्रति प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

२४. **कार्यक्रम स्वीकृत गर्ने:** (१) कार्यालयको उद्देश्य, नीतिगत लक्ष्य र स्वीकृत बजेट अन्तर्गत नियम २३ को उपनियम (१) को अधीनमा रही आफ्नो मन्त्रालय र अन्तर्गत सञ्चालन हुने कार्यक्रम सम्बन्धित मन्त्रालयले स्वीकृत गर्नु पर्नेछ। यसरी स्वीकृत भएको कार्यक्रमको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ।

(२) मन्त्रालयबाट स्वीकृत कार्यक्रम, अख्तियारी तथा मार्गदर्शन जारी गर्ने काम विनियोजन ऐन जारी भएको सात दिनभित्र सम्पन्न गरिसक्नुपर्नेछ।

(३)सम्वन्धित मन्त्रालयबाट मातहतका कार्यालयको स्वीकृत कार्यक्रम, अख्तियारी तथा बजेट कार्यन्वयन मार्गदर्शन जारी गर्ने काम मन्त्रालयबाट अख्तियारी तथा बजेट कार्यान्वयन मार्गदर्शन जारी भएको सात दिनभित्र सम्बन्धित कार्यालयमा पठाई सक्नुपर्नेछ।

(४) सम्बन्धित मन्त्रालयले उपनियम (३) बमोजिम स्वीकृत वार्षिक कार्यक्रमको जानकारी महालेखा परीक्षकको कार्यालय, मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

२५. **कार्यक्रम संशोधन गर्नेः** कार्यालयले स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय परिस्थितिलाई समेत ध्यानमा राखी त्यस्तो कार्यक्रमको उद्देश्य, लक्ष्य, स्वीकृत बजेट र आवधिक योजना अनुकुल हुने गरी त्यस्तो कार्यक्रमलाई संशोधन गर्न आवश्यक ठानेमा संशोधन गर्नु पर्ने स्पष्ट कारण खोली तालुक मन्त्रालयको स्वीकृति लिई लागत नबढ्ने गरी त्यस्तो कार्यक्रममा आवश्यक संशोधन गर्न सक्नेछ। यसरी कार्यक्रममा गरिएको संशोधनको जानकारी सम्बन्धित कार्यालयले मन्त्रालयलाई दिनुपर्नेछ।

२६. **चौमासिक प्रगति विवरण पेश गर्नेः** बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-३ बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरी तालुक निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

२७. **बजेट तथा कार्यक्रम कार्यान्वयन प्रगति समीक्षा गर्नेः** (१) नियम २६ बमोजिम चौमासिक प्रगति विवरण प्राप्त भएपछि तालुक निकायले त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्नु पर्नेछ र सबै कार्यालयबाट प्रगति विवरण प्राप्त गरी प्रदेशस्तरको प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको सामूहिक समीक्षा गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम गरिने समीक्षामा प्रगति कम हुनु र लक्ष्य हासिल हुन नसक्नुका प्रमुख कारणहरू र सोको निमित्त जिम्मेवार व्यक्ति समेतको पहिचान गर्नु पर्नेछ। त्यस्तो

समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरू र जिम्मेवार व्यक्तिउपर गर्नुपर्ने कारवाही पनि उल्लेख हुनु पर्नेछ।

(३) तालुक निकायका प्रमुखले बजेट तथा कार्यक्रम अनुसार प्रगति भए वा नभएको तथा बाधा अड्काउ परेको भए सो फुकाई दिने एवं केही निर्देशन दिनु पर्ने भए सो समेत दिने र जिम्मेवार व्यक्ति उपर कारवाही गर्नु पर्ने भए सो समेत प्रचलित कानूनबमोजिम गर्नु पर्नेछ।

(४) यस नियम बमोजिम प्रगति विवरण प्राप्त नभए तालुक निकायले ताकेता गरी प्रगति विवरण प्राप्त गर्नु पर्नेछ । प्रगति विवरण तोकिदिएको समयमा नपठाउने कार्यालय प्रमुखको तलब रोक्का गर्न सकिनेछ।

(५) सम्बन्धित इकाई तथा कार्यालयका तालुक निकायले बजेट शीर्षक, उपशीर्षकको आधारमा चौमासिक प्रगति विवरण तयार गरी मन्त्रालयमा चौमासिक अवधि समाप्त भएको पन्ध्र दिनभित्र पठाउनु पर्नेछ।त्यस्तो चौमासिक प्रगति विवरणको आधारमा मन्त्रालयले वार्षिक बजेटको मध्यावधि मूल्याङ्कन गरी प्रतिवेदन फागुन मसान्तसम्म प्रकाशन गर्नेछ।

२८. **वैदेशिक सहायता बजेट विवरणमा समावेश गर्ने**: (१) कुनैपनि कार्यालयले विदेशी संघ, संस्था, एजेन्सी वा राष्ट्रबाट कुनै पनि किसिमको नगदी वा जिन्सी सहायता प्राप्त गर्दा वा प्राप्त गर्ने सम्झौता गर्दा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको वा हुने सहायतालाई कार्यालयले वार्षिक कार्यक्रम तथा बजेटमा प्रतिबिम्वित गराई आम्दानी खर्च गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम वैदेशिक सहायता बजेटमा प्रतिबिम्वित गर्दा मन्त्रालयले विनियोजन बजेट रकममा समावेश गर्नु पर्नेछ।

(४) मन्त्रालयले नेपाल सरकार, अर्थ मन्त्रालयबाट पूर्व स्वीकृति लिएर मात्र वैदेशिक सहायता सम्बन्धी सम्झौता गर्न सक्नेछ। त्यस्तो सम्झौता भएपछि सोको प्रति महालेखा परीक्षकको कार्यालय, नेपाल सरकार, अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय र प्रदेश लेखा नियन्त्रकको कार्यालयमा तीस दिनभित्र पठाई सक्नुपर्नेछ।

२९. **<u>वैदेशिक सहायता अन्तर्गत खर्च हुन बाँकी रकम यकिन गर्नुपर्नेः</u>**

(१) मित्र राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त भएको वैदेशिक ऋण, अनुदान वा सहयोगबाट सञ्चालित आयोजनाले वार्षिक कार्यक्रम तयार गरी पठाउँदा मित्र राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्थासँग वैदेशिक ऋण अनुदान सहयोगका सम्बन्धमा भएको सम्झौताका विभिन्न शीर्षकमा व्यवस्थित रकम मध्ये चालू वर्षको अन्त्य सम्ममा खर्च भई आगामी आर्थिक वर्षको लागि के कति बचत रहन्छ भन्ने कुरा समेत अनुसूची-५, अनुसूची-६, अनुसूची-७ र अनुसूची-८ बमोजिमका ढाँचाका फाराम भरी पेश गर्नु पर्नेछ। यसरी पेश गरिसकेका फाराममा भरिएका अंकहरूलाई वैदेशिक सहायता प्रदान गर्ने मित्र राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्थाको सहायता विवरण प्रतिवेदनले पुष्टयाईं गरेको हुनु पर्नेछ।

(२) एउटै वैदेशिक सहायता सम्झौता अन्तरगत प्राप्त ऋण अनुदान सहयोग एकभन्दा बढी निकायले उपयोग वा खर्च गर्ने अवस्था भई तीमध्ये कुनै निकायलाई संयोजक तोकिएको भए सो निकायले र संयोजक नतोकिएको भए सबैभन्दा बढी सहयोग उपयोग गर्ने निकायले सम्पूर्ण विवरण समायोजन गरी उपनियम

(१) बमोजिम पेश गर्नुपर्नेछ।संयोजन गर्ने निकाय वर्षै पिच्छे फरक फरक हुने भएमा सुरु वर्षमा जुन निकायबाट संयोजन गरिएको हो, सोही निकायले सो कार्य गर्नुपर्नेछ।

(३) एउटै वैदेशिक ऋण, अनुदान सहयोग सम्बन्धी सम्झौता अन्तर्गत वैदेशिक सहायता उपयोग गर्ने सबै निकायलाई मन्त्रालयले एकैपटक उपस्थित गराई बजेट छलफल गर्नु पर्नेछ।

३०. **<u>वैदेशिक सहायताको आर्थिक पक्ष तथा लेखापरीक्षण सम्बन्धमा राय लिने</u>**ः वैदेशिक सहायता सम्बन्धी सम्झौता गर्नु अघि सम्बन्धित कार्यालयले लेखा परीक्षण सम्बन्धमा महालेखा परीक्षकको कार्यालयको र आर्थिक पक्ष सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयको राय लिनु पर्नेछ।

३१. **<u>बजेट तथा कार्यक्रमलाई अन्तिम रूप दिने</u>**ः (१) यस नियमावली बमोजिम सबै निकायबाट बजेट तथा कार्यक्रम प्राप्त गरी आवश्यक छलफल समेत गरी बजेट तथा कार्यक्रमलाई अन्तिम रूप दिने काम मन्त्रालयले गर्नेछ।

(२) उपनियम (१) बमोजिम बजेट तथा कार्यक्रमलाई अन्तिम रूप दिंदा नियम २१ बमोजिम तयार गरी पेश हुन आएको बजेट विवरण माथि मन्त्रालयले प्रदेशको आर्थिक स्थिति विचार गरी सम्बन्धित मन्त्रालयसँग परामर्श गरी थपघट गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम मन्त्रालयले बजेट थपघट गर्दा सम्बन्धित मन्त्रालयसँग छलफल गरी सोही बमोजिम कार्यक्रम पनि मिलाउन लगाउनु पर्नेछ।

३२. **<u>बजेट निकासा, खर्च तथा लक्ष्य र प्रगति बनाई पेश गर्ने</u>**ः बजेटसाथ प्रदेश सभामा पेश गर्न सम्वन्धित मन्त्रालय तथा अन्तर्गत कार्यालयलाई निकासा भएको बजेट रकम, खर्च तथा खर्च

अनुसारको लक्ष्य र प्रगति प्रत्येक सालको चैत्र महिनाभित्र मन्त्रालयमा पेश गर्नु सबै मन्त्रालयको उत्तरदायित्व हुनेछ।

## परिच्छेद-५
## बजेट निकासा र सरकारी रकम खर्च गर्ने तरिका

३३. **बजेट निकासाः** (१) सालबसाली पेश्की खर्च ऐन वा विनियोजन ऐन वा पूरक विनियोजन ऐन वा उधारो खर्च ऐन जारी भएपछि मन्त्रालयका सचिवले सम्बन्धित सचिवलाई बजेट शीर्षक, उपशीर्षक र रकम समेत खुलेको बजेट विवरण, विकास बजेटमा परेका आयोजनाहरूको निम्ति खर्च व्यहोर्ने स्रोतको विवरण र बजेट खर्च गर्ने गराउने सम्बन्धी अख्तियारी पत्र पठाउनु पर्नेछ। त्यस्तो बजेट विवरण र खर्च गर्ने अख्तियारी पत्रको बोधार्थ महालेखा परीक्षक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बजेट विवरण र खर्च गर्ने अख्तियारीपत्र प्राप्त भएको सात दिनभित्र सम्बन्धित सचिवले विभागीय प्रमुखलाई र विभागीय प्रमुखले मातहत कार्यालय प्रमुख वा कार्यक्रम सञ्चालन गर्ने कार्यालय प्रमुखलाई कार्यालयगत बजेट विवरण स्वीकृत कार्यक्रम र खर्च व्यहोर्ने स्रोत खोली बजेट खर्च गर्ने अख्तियारीपत्र पठाउनु पर्नेछ। सम्बन्धित सचिवले त्यस्तो कार्यालयगत बजेट विवरण, कार्यक्रम र खर्च गर्ने अख्तियारी पत्रको बोधार्थ मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयलाई पनि पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम कार्यालयगत बजेट विवरण, कार्यक्रम र खर्च गर्ने अख्तियारीपत्र प्राप्त भएपछि सम्बन्धित

कार्यालयले प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिदिए बमोजिमको भुक्तानी आदेश भरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयमा बजेट निकासा माग गर्नु पर्नेछ । बजेट निकासा माग गरी पठाउँदा अघिल्लो महिनासम्मको विनियोजन खर्चको फाँटवारी पेश गर्नु पर्नेछ। यसरी निकासा माग गर्दा राजस्व, धरौटी र प्रचलित कानून बमोजिम खडा भएको कार्य सञ्चालन कोष लगायत सम्पूर्ण कारोबारको मासिक फाँटवारी सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयमा पेश गरी हिसाब भिडान गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम सम्बन्धित कार्यालयबाट रीतपूर्वक भुक्तानी आदेश प्राप्त भएपछि सो कार्यालयको राजस्व, धरौटी र प्रचलित कानून बमोजिम खडा भएको कार्य सञ्चालन कोष अन्तर्गत भए गरेका सम्पूर्ण कारोबारको मासिक फाँटवारी पेश भई सकेको भए प्रदेश लेखा नियन्त्रक कार्यालयबाट सम्बन्धित कार्यालयको स्वीकृत बजेट भित्र रही प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिदिए बमोजिम बजेट भुक्तानी निकासा दिई सोको सूचना सम्बन्धित कार्यालयलाई दिनुपर्नेछ। यसरी बजेट रकम निकासा दिंदा मन्त्रालय वा सम्बन्धित कार्यालयको तालुक मन्त्रालय, तालुक निकायबाट बजेट रकम निकासा रोक्का भएकोमा फुकुवा नभएसम्म त्यस्तो रकम भुक्तानी निकासा दिनु हुँदैन।

तर बजेट रकम निकासा भई खर्च भइसकेपछि उक्त निकासा रोक्का राख्न लेखी आएमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो निकासा रोक्का राख्न नसक्ने जानकारी सम्बन्धित कार्यालयको तालुक मन्त्रालय वा निकायलाई दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम बजेट रकम निकासा दिँदा वैदेशिक सहयोग वा ऋण सहायता समावेश भएको योजनाको सम्बन्धमा महालेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तोकेको कार्यविधि अनुसार निकासा दिनु पर्नेछ।

(६) सालबसाली विनियोजन ऐन पारित नभएको अवस्थामा वा विनियोजन ऐन पारित भई उपनियम (१) र (२) बमोजिमका कागजातहरू प्राप्त भइनसकेको अवस्थामा बजेट रकम निकासा प्रक्रिया प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिदिए बमोजिम हुनेछ।

(७) उपनियम (३), (४), (५) र (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित सरकारी कार्यालयको निम्ति विनियोजित बजेट सम्बन्धित कार्यालयले दिएको भुक्तानी आदेश अनुसार सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयबाटै खर्च लेखी भुक्तानी दिनुपर्दा अपनाउनु पर्ने तरिका प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिदिए बमोजिमहुनेछ।

(८) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बजेट रकम निकासा र खर्च सम्बन्धमा मन्त्रालयले थप कार्यविधि तोकिदिन सक्नेछ।

३४. **साल तमाममा बाँकी रकम फिर्ता दाखिला गर्नेः** आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहन आएको रकम देहायबमोजिम फिर्ता दाखिला गर्नु पर्नेछः-

(क) फ्रिज नहुने बजेट उपशीर्षक प्रत्येक वर्ष प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकी दिनेछ। त्यसरी फ्रिज नहुने भनी तोकेको उपशीर्षकहरूको हकमा बाहेक साल तमाम हुनु भन्दा कम्तीमा तीन दिन अगाडि नै सम्बन्धित

कार्यालयहरूले भुक्तानी दिनु पर्ने रकमहरू भुक्तानी दिई आर्थिक कारोबार बन्द गर्नु पर्नेछ।

(ख) प्रदेश सरकारबाट स्थानीय सरकार वा अन्य निकायलाई चालु आर्थिक बर्षमा खर्च गर्ने र खर्च हुन नसकेको रकम फिर्ता हुने शर्तमा निकासा भई गएको अवस्थामा त्यस्तो निकासा प्राप्त गर्ने निकायले आर्थिक वर्ष भित्र निकासा र खर्चको लेखा अद्यावधिक गरि बाँकी रहेको रकम जुन निकायबाट निकासा भइ गएको हो सोही निकाय मार्फत सम्वन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नु पर्नेछ।

(ग) खण्ड (क) को समय पछि पनि कार्यालयलाई अति आवश्यक काम परी खर्च गर्नु परेमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तोके वमोजिमका कार्यालयमा खर्चका विल भरपाई पूर्व लेखा परीक्षण गरी प्रदेश एकल कोष खाता प्रणालीअनुसार भुक्तानी लिनु  पर्नेछ।

(घ) प्रत्येक कार्यालयले लेखा अद्यावधिक राखे वा नराखेको, आवश्यक विवरणहरू तयार गरे वा नगरेको सम्बन्धमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयले आकस्मिक निरीक्षण गरी सो बमोजिम गरेको नदेखिएमा तुरुन्त गर्न लगाई तालुक निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन दिनु पर्नेछ।

३५. **<u>दैनिक कार्य सञ्चालन गर्न रकम निकासा गर्ने</u>**: सालबसाली पेश्की खर्च ऐन वा विनियोजन ऐन लागू भई नियम ३३ को उपनियम (२) बमोजिम कार्यालयगत बजेट विवरण र कार्यक्रम प्राप्त नभएको अवस्थामा कार्यालयको दैनिक कार्य सञ्चालन गर्नको लागि प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिदिए बमोजिमको रकम सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयले प्रदेश एकल कोष खाता प्रणालीअनुसार भुक्तानी गर्न सक्नेछ। पेश्की खर्च ऐन अन्तरगत भुक्तानी तथा निकासा भएको रकम विनियोजन ऐन लागू भएपछि स्वतः विनियोजन ऐन बमोजिम भुक्तानी तथा निकासा भएको मानिनेछ।

३६. **<u>स्वीकृत बजेटबाट खर्च गर्ने</u>**: (१) अधिकार प्राप्त अधिकारीले बाहेक अरू कसैले पनि खर्च गर्ने आदेश दिन वा खर्च स्वीकृत गर्न हुँदैन।

(२) खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले देहायका कुराहरू विचार गरी खर्च गर्न र खर्च गर्ने निकासा दिनु पर्नेछः-

(क) रकम स्वीकृत बजेट सीमाभित्र, सम्बन्धित खर्च शीर्षकमा पर्दछ र खर्च गर्न बाँकी छ भने,

(ख) रकम कुनै योजनाको सम्बन्धमा भए सो योजना स्वीकृत भइसकेको छ भने,

(ग) रकम खर्च गर्नुभन्दा अघि खर्च गर्न निकासाको आदेश प्राप्त भइसकेको छ भने,

(घ) वैदेशिक स्रोतबाट व्यहोर्नेमा स्रोत प्राप्त भइसकेको वा सम्झौता प्रभावकारी भएको छ भने।

(३) सम्बन्धित उपशीर्षकमा विनियोजित एक समूहको खर्च शीर्षकको रकम अपर्याप्त छ र सो रकम खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा सरकारी काममा बाधा पर्ने देखिएमा सोको स्पष्ट कारण खुलाई सोही उपशीर्षकको अर्को समूहको खर्च शीर्षकको मौज्दात रकमबाट खर्च गरी त्यस्तो काम भएको सात दिनभित्र त्यसरी खर्च गरेको रकम नियम ३९ बमोजिम नियमित गराउनु पर्नेछ।

(४) यस नियमावली बमोजिम सम्बन्धित आर्थिक वर्षमा निकासा दिएको रकम मध्ये खर्च नभई बाँकी रहेको रकम नियम ३४ को खण्ड (ख) बमोजिम फिर्ता हुन नसकेमा सोही आर्थिक वर्षको समाप्तिमा स्वतः खर्चमा लेखांकन हुनेछ।चालू आर्थिक वर्षभित्र फिर्ता गर्नु पर्ने रकम फिर्ता हुन नसकेमा आगामी आर्थिक वर्ष श्रावण सात गतेभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयले तोके वमोजिमको खातामा त्यस्तो रकम फिर्ता दाखिला गर्नु पर्नेछ।सोही आर्थिक वर्षभित्र नियम ३४ को खण्ड (ख) बमोजिम फिर्ता दाखिला भएको रकम निकासामा घटाइनेछ।

३७. **<u>सरकारी रकम खर्च सम्बन्धी कार्यविधिः</u>** (१) नयाँ आर्थिक वर्ष शुरु भएपछि कार्यालय प्रमुखले नियम ३३ बमोजिम भुक्तानी निकासा लिई बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्नेछ।

(२) सम्बन्धित बजेट भित्रको रकम खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृति गराई खर्च गर्नु पर्नेछ।स्वीकृत बजेटभित्र परेको तर कारणवश अधिकार प्राप्त अधिकारीको स्वीकृत बिना खर्च गरेको रकम निजले मनासिव ठानेमा पछि स्वीकृत गरी दिन सक्नेछ।

(३) यस नियमावली बमोजिम खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्नेछ। बिल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नु पर्नेछ।

**स्पष्टीकरणः** यस उपनियमको प्रयोजनको लागि "बील भरपाई आउन नसक्ने काममा भएको फुटकर खर्च" भन्नाले एक पटकमा एक हजार रुपैयाँभन्दा कम रकमको ट्याक्सी, रिक्सा भाडा, ज्यामी खर्च र दक्षिणा आदिमा भएको खर्च सम्झनु पर्छ।

(४) प्रदेश सरकारले तोकेको विशेष खर्च वा शान्ति सुरक्षा तथा गुप्तचर सम्बन्धी बिल भरपाई देखाउन उचित नहुने खर्च प्रदेश सरकारले तोकेको अधिकारीले खर्च गरी प्रदेश सरकारले तोकेको अधिकारीबाट समर्थन गराई लेखा राख्नु पर्नेछ। प्रदेश सरकारले त्यसरी अधिकारी तोक्दा खर्चको सीमा पनि तोकिदिनु पर्नेछ।

(५) सरकारी निकायबाट कुनै तालिम, सेमिनार, कार्याशाला, गोष्ठी आदि सञ्चालन गर्नु पर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ। यस्तो स्वीकृत कार्यक्रम अनुरूप सञ्चालित तालिम, सेमिनार, कार्याशाला, गोष्ठी आदि सम्पन्न भइसकेपछि कार्यक्रम अनुरूप कार्य सम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका मालसामानको विवरण तथा बिल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नु पर्नेछ। त्यस्तो प्रतिवेदन अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भएपछि त्यस्तो कार्यमा खर्च भएका खर्च भएर जाने मालसामानहरूको खरिद आदेश, दाखिला रिपोर्ट

तयार गरी कार्यालयमा रहेको जिन्सी खातामा आम्दानी तथा खर्च जनाई रहनुपर्ने छैन।

(६) विकास आयोजनातर्फ योजनाको सर्भे, डिजाइन, लागत अनुमान तथा कार्यक्रम तयार गरी स्वीकृत गराई बजेटमा निर्धारित गरिएको रकम भुक्तानी निकासा लिई नियमानुसार खर्च गर्नु र समयमै निर्धारित कार्यक्रमअनुसार मालसामानको उपलब्धी तथा प्राविधिक एवम् प्रशासकीय व्यवस्था मिलाई कार्य सम्पादन गर्नु सम्बन्धित कार्यालय प्रमुख वा योजना प्रमुखको कर्तव्य हुनेछ। यस सम्बन्धमा बाधा अड्काउ फुकाउन आवश्यक निकासा माग भएकोमा त्यसको निकासा समयमै दिनु सम्बन्धित मन्त्रालय वा निकायको कर्तव्य हुनेछ।

(७) आफूले जिम्मा लिएको सरकारी रुपैयाँ र त्यसको हिसाब किताब बिल भरपाई वा प्रमाण लेखा प्रमुखद्वारा राख्ने तथा राख्न लगाउने समेतको सम्पूर्ण दायित्व कार्यालय प्रमुखको हुनेछ र खर्च गर्दा स्वीकृत बजेटको परिधिभित्र रही कार्यालय प्रमुखले स्वीकृत गर्नु पर्नेछ।

(८) कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ। खर्च भएको सबै रसिद बिल भरपाईहरूमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले "भुक्तानी भएको" जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेछ।

(९) कार्यालय प्रमुखले आर्थिक कारोबार गर्दा आफ्ना मातहतका कर्मचारी उपर पूरा रेखदेख पुऱ्याई नगद तथा जिन्सीमा कुनै किसिमको हिनामिना, हानी नोक्सानी वा लापरवाही समेत हुन नपाउने गरी सरकारी नगद जिन्सी सुरक्षित राख्न उचित प्रबन्ध गर्नु

पर्नेछ। आफूले गर्नु पर्ने काम आफू मुनिका कर्मचारीद्वारा गराएमा पनि त्यस्तो कामप्रति निजको उत्तरदायित्व रहनेछ।

(१०) कार्यालय प्रमुख वा निजबाट अधिकार प्राप्त अधिकारीले प्रचलित कानून बमोजिम सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालय र सम्बन्धित मन्त्रालय वा तालुक निकायमा कारोबारको मासिक फाँटवारी पेश गर्नु पर्नेछ।

(११) मातहत कार्यालयमा आर्थिक प्रशासन सम्बन्धी काम कर्तव्यको उचित पालन गर्नु वा गराउनु र मातहतका कार्यालयको हिसाब प्रदेशको केन्द्रीय हिसाबमा समावेश गराई जाँचबुझ गर्नु गराउनु सम्बन्धित मन्त्रालय तथा निकायको उत्तरदायित्व हुनेछ।

(१२) कार्यालय प्रमुखले सुम्पेको काम र आर्थिक कारोबारको लेखा राख्ने जिम्मेवारी बहन गरी आर्थिक कारोबारमा कार्यालय प्रमुखलाई मद्दत गर्नु र प्रचलित कानून बमोजिम कार्यालय प्रमुखको उत्तरदायित्वमा हिसाब किताब रीतपूर्वक राखी लेखापरीक्षण गराउने काम कर्तव्य आर्थिक प्रशासन शाखा प्रमुखको हुनेछ।

(१३) सम्बन्धित कार्यालयले दिएको भुक्तानी आदेशअनुसार सम्बन्धित निकायको विनियोजित बजेटको सीमाभित्र रही प्रदेश लेखा कार्यालयबाट चेक जारी गर्ने वा सम्बन्धित ब्यक्ति वा फर्मका नाममा विद्युतीय भुक्तानी मार्फत सम्बन्धित ब्यक्ति वा फर्मको खातामा जम्मा हुने गरी भुक्तानी दिने कर्तव्य प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ।

तर प्रदेश लेखा नियन्त्रक कार्यालय स्थापना नहुँदासम्म महालेखा नियन्त्रक कार्यालयले तोकेबमोजिम कोष तथा लेखा

नियन्त्रक कार्यलयले प्रदेश लेखा नियन्त्रक कार्यालयको काम गर्नेछ।

(१४) आर्थिक प्रशासन शाखा प्रमुखले प्रचलित कानून बमोजिमको प्रक्रिया नपुगेको आर्थिक कारोबारको भुक्तानी दिन वा भुक्तानीको निमित्त पेश गर्न वा भुक्तानीको निमित्त सिफारिस गर्न मिल्दैन। आर्थिक कारोबार सञ्चालन एवम् भुक्तानी दिने सम्बन्धमा कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुख बीचमा मतभेद उत्पन्न भएमा कार्यालय प्रमुखको निर्णय अनुसार गर्नु पर्नेछ। यस्तो निर्णयको जानकारी आर्थिक प्रशासन शाखा प्रमुखले तालुक निकाय र सम्बन्धित प्रदेश लेखा कार्यालय समक्ष तुरुन्त पठाउनु पर्नेछ।

(१५) उपनियम (१४) बमोजिम उत्पन्न मतभेदका विषयमा जाँचबुझ गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित कार्यालयलाई आवश्यक परामर्श दिनु पर्नेछ। त्यसरी दिइएको परामर्शको जानकारी सम्बन्धित प्रदेश लेखा कार्यालयले सम्बन्धित कार्यालयको तालुक निकायलाई समेत दिनु पर्नेछ।

(१६) उपनियम (१४) र (१५) बमोजिम प्राप्त प्रतिवेदन उपर सम्बन्धित कार्यालयको तालुक निकायले छानविन गरी आवश्यक कारवाही गर्नु पर्नेछ।

३८. **वैदेशिक सहायता शोधभर्ना लिने**: (१) प्रदेश सरकारको स्रोतबाट खर्च गरी दातृ पक्षबाट शोधभर्ना लिनुपर्नेमा देहाय बमोजिम गर्नुपर्नेछः-

(क) सम्बन्धित मन्त्रालय वा निकायले विभिन्न दातृ पक्षसँग भएको सम्झौताको आधारमा प्रत्येक आयोजनाले खर्च गरेको रकम शोधभर्ना माग गर्ने अधिकारी तोकिदिनु पर्नेछ र शोधभर्ना माग

गर्ने कार्यालयमा खर्चको फाँटवारी र अन्य विवरण उपलव्ध गराउने व्यवस्था गर्नुपर्नेछ। शोधभर्ना माग गर्ने वा सोझै भुक्तानी माग गर्ने अधिकारीको दस्तखत पठाउँदा संयुक्त दस्तखत हुने व्यवस्था गर्नुपर्नेछ,

(ख) सम्बन्धित आयोजना वा कार्यालयले शोधभर्ना हुने गरी सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयबाट प्राप्त गरेको निकासा रकम प्रचलित कानून तथा सम्झौतामा भएको व्यवस्था अनुसार खर्च गरी लेखा राख्नुपर्नेछ। रीतपूर्वकको खर्चको फाँटवारी र शोधभर्ना माग गर्ने कार्यालयले माग गरेको अन्य विवरण तथा आवश्यक कागजातहरू महिना भुक्तान भएको सात दिनभित्र उपलब्ध गराउनु खर्च गर्ने सम्बन्धित कार्यालयको कर्तव्य हुनेछ।

(२) शोधभर्ना माग गर्ने कर्तव्य भएको कार्यालयले शोधभर्ना माग गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) मातहतका कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईलाई सम्झौता बमोजिम के कस्तो रकम खर्च गर्न सकिन्छ, के कस्तो रकम खर्च गरेमा दातृ पक्षबाट शोधभर्ना हुन सक्दैन त्यसको जानकारी पठाउनु पर्नेछ। दातृ पक्षबाट शोधभर्ना हुने गरी निकासा भएको रकमबाट शोधभर्ना हुन नसक्ने रकम खर्च गर्नु वा गराउनु हुँदैन,

(ख) मातहतका कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईबाट शोधभर्ना माग गर्न आवश्यक पर्ने

खर्चको फाँटवारीको अतिरिक्त अन्य आवश्यक विवरण वा कागजात माग गर्न सक्नेछ,

(ग) मातहतका कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईबाट खर्चको फाँटवारी र अन्य आवश्यक विवरण संकलन गरी जाँची शोधभर्ना योग्य रकम निर्धारण गरी सम्बन्धित दातृ पक्षमा बढीमा पैंतालीस दिनभित्र दातृ पक्षको निर्देशिका बमोजिम माग दरखास्त फाराम तयार गरी शोधभर्ना माग गर्नुपर्नेछ। यसरी शोधभर्ना माग भएको दरखास्तको एक प्रति प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ। न्यूनतम माग सीमाङ्क (थ्रेसहोल्ड) नपुगेमा सो पुगेपछि मात्र शोधभर्ना माग गरी पठाउन सकिनेछ,

(घ) मातहतका कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईलाई प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयबाटशोधभर्ना हुने गरी निकासा भएको, दातृपक्षसँग शोधभर्ना माग भएको, शोधभर्ना माग हुन बाँकी, शोधभर्ना प्राप्त भएको, शोधभर्ना प्राप्त हुन बाँकी आदि र सोझै भुक्तानी माग दरखास्त र भुक्तानीको अभिलेख राखी प्रदेश लेखा नियन्त्रक कार्यालयमा भएको अभिलेखसँग प्रत्येक चार महिनामा भिडाउनु पर्नेछ,

(ङ) प्रत्येक आर्थिक वर्षसमाप्त भएको तीन महिनाभित्र अन्तिम लेखा परीक्षण नभएको अवस्थामा पनि परियोजना लेखा (अन अडिटेड प्रोजेक्ट एकाउन्ट) तयार गरी दातृ पक्षलाई

पठाउनु पर्नेछ । अन्तिम लेखापरीक्षण सम्पन्न गराई परियोजना लेखा दातृ पक्षले निर्दिष्ट गरे बमोजिम पठाउनु पर्नेछ,

(च) परियोजनाको नाममा खोलिएको विशेष खाताको हिसाब मासिक रुपमा बैंक स्टेटमेन्टसँग भिडाई सोको प्रतिवेदन प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ,

(छ) प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र गत आर्थिक वर्षको वैदेशिक स्रोततर्फको शोधभर्ना र सोझै भुक्तानी हिसावको पूर्ण विवरण र त्यस सम्बन्धी एकीकृत आर्थिक विवरण प्रदेश लेखा नियन्त्रक कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(३) उपनियम (२) को खण्ड (क) बमोजिम खर्च गर्ने कार्यालयले खर्चको फाँटवारी शोधभर्ना मागपत्र पेश गर्ने कार्यालयमा पठाएको र शोधभर्ना माग गर्ने कार्यालयले माग गरे नगरेको सम्बन्धमा प्रत्येक महीना प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयले अनिवार्य अनुगमन गर्नु पर्नेछ।

(४) प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित कार्यालय वा आयोजनाबाट शोधभर्ना हुने गरी भएको निकासा तथा खर्च सम्बन्धित कार्यालय वा आयोजनाबाट शोधभर्ना माग भएको, दातृ पक्षबाट शोधभर्ना प्राप्त भएको र शोधभर्ना प्राप्त हुन बाँकीको अभिलेख राखी अनुगमन गरी महालेखा नियन्त्रक कार्यालयसँगको समन्वयमा चाँडो शोधभर्ना गर्ने गराउने व्यवस्था गर्नुपर्नेछ।

(५) प्रदेश लेखा नियन्त्रक कार्यालयले उपनियम ४ बमोजिमको विवरण खुलाई एकीकृत विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र मन्त्रालयमा पठाउनु पर्नेछ।

(६) यस नियम बमोजिम शोधभर्ना माग गर्न तोकिएको अधिकारीले मनासिव समयभित्र शोधभर्ना माग गरे नगरेको सम्बन्धमा मन्त्रालय वा निकायले अनुसूची-९ बमोजिमको ढाँचामा मातहत कार्यालयहरूबाट चौमासिक विवरण लिई अनुगमन गर्नु पर्नेछ।लेखा उत्तरदायी अधिकृतले केन्द्रीय आर्थिक विवरण तथा शोधभर्नाको स्थितिको वार्षिक विवरण महालेखा परीक्षकको कार्यालयमा पेश गर्नुपर्नेछ।

(७) नेपाल सरकारबाट प्राप्त हुने वैदेशिक स्रोत समावेश भएको बजेट महालेखा नियन्त्रक कार्यालयबाट फुकुवा भएपछि खर्च गर्नुपर्नेछ।

३९. **खर्च गरेको रकम नियमित हुन सक्ने**: (१) प्रचलित कानून बमोजिम खर्च गर्ने वा गराउने अधिकार नभएको वा बजेटमा रकम भए पनि निकासा भएको रकम अपर्याप्त भएको वा नियम ३६ को उपनियम (३) बमोजिम भएको खर्च सम्बन्धित प्रदेश सचिवको सिफारिसमा मन्त्रालयले ऐनको अधीनमा रही रकमान्तर वा खर्च समर्थन गरी वा थप निकासा दिई त्यस्तो खर्च भएको कुरा नियमित गरी दिन सक्नेछ। यसरी नियमित गर्नुपर्ने कुरा खर्च गरेको सात दिनभित्र सम्बन्धित मन्त्रालय वा विभाग/निर्देशनालयमा पेश गरी सक्नुपर्नेछ।

तर रकमान्तर हुन सक्ने रकमको सम्बन्धमा सम्बन्धित अधिकारीले नियमित गरिदिन सक्नेछ।नियमित हुन नसकेमा खर्च गर्ने वा गराउने अधिकारी नै जिम्मेवार हुनेछ।

(२) बजेटको शीर्षक उपशीर्षक अन्तरगतको रकम खर्च गर्दा रकमान्तर सम्बन्धी अनियमितता भएकोमा सम्बन्धित मन्त्रालयले त्यसरी अनियमित भएको कारण खोली गरेको सिफारिस मन्त्रालयलाई मनासिब लागेमा नियमित गरी दिन सक्नेछ।नियमित हुन नसकेमा खर्च गर्ने वा गराउने अधिकारी नै जिम्मेवार हुनेछ।

(३) स्वीकृत बजेट बाट खर्च गर्नुपर्ने काममा खर्च गर्दा यस नियमावली बमोजिम पुर्याउनुपर्ने रीत नपुर्याई परिस्थितिवश खर्च गरेको र सम्बन्धित मन्त्रालयले जाँच्दा प्रदेश सरकारलाई हानी नोक्सानी भएको देखिन नआएमा नियमित गरीदिन सक्नेछ ।

**स्पष्टीकरणः** यस उपनियमको प्रयोजनको लागि “परिस्थितिवश” भन्नाले तत्काल खर्च नगर्दा सरकारी हानी नोक्सानी हुने, बढी दस्तुर तिर्नुपर्ने, ठूलो आर्थिक व्यय भार व्यहोर्नुपर्ने जस्ता अवस्था सम्झनुपर्छ।

(४) यस नियमावली बमोजिम खर्च गरेको कुरा नियमित गरी दिने मन्त्रालयले सो नियमित गरी दिएको कुराको बोधार्थ महालेखा परीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्नेछ।

(५) अधिकार प्राप्त अधिकारीको स्वीकृति विना खर्च गरेको रकम निजले मनासिव ठानेमा पछि समर्थन गरिदिन सक्नेछ।

(६) अधिकार प्राप्त अधिकारीले यस नियमावली बमोजिम समर्थन गरेपछि त्यस्तो खर्च नियमित भएको मानिनेछ।

४०. **स्वीकृत बजेट नियन्त्रण गर्ने अधिकारः** यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सञ्चित कोष माथि व्ययभार हुने

रकम बाहेक स्वीकृत बजेटमा मन्त्रालयले प्रदेश सञ्चित कोषको अवस्था अनुसार आवश्यक नियन्त्रण गर्न सक्नेछ।

४१. **रकमान्तर तथा खर्चसम्बन्धी व्यवस्थाः** (१) स्वीकृत बजेटको रकम एक बजेट उपशीर्षक, स्रोत वा खर्च शीर्षकबाट अर्को बजेट उपशीर्षक, स्रोत वा खर्च शीर्षकमा रकमान्तर गर्ने अधिकार मन्त्रालयको हुनेछ। सम्बन्धित कार्यालयबाट कारण सहित रकमान्तरको माग भई आएकोमा मन्त्रालयले आवश्यकतानुसार रकमान्तर गरी सो कुराको अभिलेख राख्ने व्यवस्थाको लागि त्यसको जानकारी सम्बन्धित कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पठाउनु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायकाखर्च शीर्षकमा बाहेक अन्य खर्च शीर्षकहरूमा उपनियम (३) र (४) को अधीनमा रही सम्बन्धित मन्त्रालयका सचिव, विभागीय प्रमुख वा कार्यालय प्रमुखले रकमान्तर गर्न सक्नेछः-

(क) दरबन्दी स्वीकृत नभएको पारिश्रमिक भत्ता,
(ख) अनुदान (ट्रान्सफर),
(ग) पूँजीमा अनुदान (सब्सिडी),
(घ) भैपरी आउने,
(ङ) विविध खर्च,
(च) फर्निचर, सवारी साधन र मेशिनरी औजार,
(छ) शेयर लगानी,
(ज) ऋण लगानी।

(३) वार्षिक कार्यक्रम नघट्ने वा वार्षिक कार्यक्रममा बाधा नपर्ने र स्रोत फरक नपर्ने गरी कुनै एक उपशीर्षक भित्रको एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा मन्त्रालयको भए

सम्बन्धित सचिवले र विभाग/निर्देशनालय वा अन्तर्गत कार्यालयको भए सम्बन्धित विभागीय प्रमुखले रकमान्तर गर्न सक्नेछ। यसरी रकमान्तर गर्दा जुन खर्च शीर्षकमा थप रकमान्तर गरिने हो सो खर्च शीर्षकमा विनियोजित रकमको बीस प्रतिशत भन्दा बढी हुने गरी रकमान्तर गर्न पाइने छैन।

तर पानी तथा बिजुली, संचार महशुल, बीमा नवीकरण खर्चका खर्च शीर्षकहरुमा बिल बमोजिमका रकम भुक्तानीको लागि अन्य शीर्षकबाट रकमान्तर गर्न बाधा पर्ने छैन।

(४) स्वीकृत बजेटको विविध रकमबाट खर्च गर्ने गरी निर्धारित भएको काममा बाहेक बजेटमा नपरेको रकमसँग सम्बन्धित अरू काम तथा अतिथि सत्कारमा एक पटकमा दश हजार रुपैयाँसम्म सम्बन्धित प्रदेश सचिव, पाँचहजार रुपैयाँसम्म विभागीय वा विभाग प्रमुख र तीन हजार रुपैयाँसम्म कार्यालय प्रमुखको स्वीकृति लिई खर्च गर्न सकिनेछ।

तर बजेटमा परेको रकममा विविध रकमबाट खर्च गर्न पाइने छैन।

(५) उपनियम (२) र (३) बमोजिम रकमान्तर गरिएकोमा सोको बोधार्थ आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय र महालेखा परीक्षकको कार्यालयलाई रकमान्तर गरेको सात दिन भित्र दिनु पर्नेछ।

(६) चालू वर्षको बजेटले नखाम्ने गरी बढी खर्च हुने गरी दायित्व सृजना गर्नु हुँदैन।

तर, विशेष कारण एवं परिस्थितिवश उपनियम (७) मा उल्लिखित खर्च शीर्षकहरूमा चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने भएमा बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा

भुक्तानी दिनु पर्ने कारण खोली महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई बार्षिक आर्थिक विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयबाट प्रमाणित गराई राख्नु पर्नेछ र त्यस्तो भुक्तानी दिन बाँकीको कच्चावारी आर्थिक विवरणका साथ तालुक निकाय, सम्बन्धित मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय तथा महालेखा परीक्षकको कार्यालयमा पठाउनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको कच्चावारीमा रहेको खर्च रकममध्ये देहायको खर्चको भुक्तानी दिन बाँकीरहेमा चालू आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा सम्बन्धित कार्यालयले देहायका खर्च शीर्षकमा भुक्तानी दिन सक्नेछः-

(क) पारिश्रमिक (स्वीकृत दरबन्दीको),

(ख) भत्ता,

(ग) सरुवा भ्रमण खर्च (सरुवा भएको अवस्थामा मात्र),

(घ) भाडा,

(ङ) लुगा तथा खाद्य प्रदार्थ,बिरामी र बन्दीको सिदा,

(च) कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसँग भएको सम्झौता बमोजिमको रकम,

(छ) दावी प्राप्त भइसकेको सेवा निवृत्त सुविधा।

(८) उपनियम (७) मा उल्लिखित खर्च बाहेकका अन्य खर्चहरूको भुक्तानी स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको अवस्थामा दिन सकिनेछ।

(९) कुनै कार्यालयको विनियोजित रकम स्रोतान्तर गर्नु पर्ने भएमा सम्बन्धित मन्त्रालयको सहमतिमा मन्त्रालयले स्रोतान्तर गर्न सक्नेछ।

तर संघीय सरकारबाट प्राप्त वैदेशिक स्रोत समावेश भएको अनुदान रकम स्रोतान्तर गर्नुपर्दा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनुपर्ने छ।

४२. **दान, दातव्य र अनुदान सहयोगः** (१) सरकारी नगदी, जिन्सी मालसामान वा घर जग्गा कुनै व्यक्ति वा संस्थालाई हस्तान्तरण वा दान दातव्य गर्दा वा आर्थिक सहायता दिँदा आर्थिक मामिला तथा योजना मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले दिने वा नदिने निर्णय गर्न सक्नेछ। एक सरकारी निकायको स्वामित्वमा रहेको चल अचल सम्पत्ति अर्को सरकारी निकायलाई हस्तान्तरण गर्दा भने प्रदेश सरकारले सम्बन्धित मन्त्रालयको सहमति लिई गर्नेछ।

तर वार्षिक बजेटमा समावेश भएको देहायको आर्थिक सहायता दिनलाई यस नियमले बाधा पुऱ्याएको मानिने छैनः-

(क) प्राकृतिक प्रकोप तथा विपद् आदिमा आन्तरिक मामिला तथा कानून मन्त्रालय वा प्रदेश सरकारको निर्णयबाट दिने आर्थिक सहायता,

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय एवं प्रादेशिक संघ संस्थालाई आर्थिक सहायता, चन्दा शुल्क दिने भनी प्रदेश सरकारको निर्णयबाट तोकिएका रकम,

(ग) प्रदेश सरकारले नियम बनाई वा निर्णय गरेर तोकिदिएका आर्थिक सहायता वा अनुदान रकम,

(घ) स्वीकृत वार्षिक कार्यक्रम अनुसार लक्षित समूहलाई बितरण गरिने मालसामान (जस्तैः बिउबिजन, बोटबिरुवा, दोपाया, चौपाया, आदि)।

(२) उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएको नगद वा वस्तुगत आर्थिक सहायता दिनलाई बजेट पेश गर्दा यथासम्भव लक्ष्य, कार्यक्रम र लागत अनुमान र कुन नियम वा निर्णयबाट कसलाई कसरी दिने हो प्रष्ट खोली पेश गर्नु पर्नेछ।

(३) सालबसाली प्रकृतिका बाहेक विशेष प्रकारका पटके कार्यक्रम, आयोजनाको लागि कुनै सरकारी वा गैरसरकारी कार्यालय, संगठित संघ, संस्था र संस्थानलाई बजेटमा समावेश भएको रकम मन्त्रालयले निकासा दिँदा सम्बन्धित मन्त्रालय मार्फत दिनु पर्नेछ। यसरी निकासा भई सम्बन्धित संघ, संस्था वा संस्थानलाई दिएको रकमको आय व्ययको प्रगतिको विवरण लिई जुन कामको लागि त्यस्तो रकम दिइएको हो सो काममा खर्च गरे वा नगरेको, लक्ष्य अनुसार गरे वा नगरेको, प्रचलित कानून बमोजिम लेखापरीक्षण भए वा नभएको कुराहरूको अध्ययन, अनुगमन गरी वार्षिक विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयमा र मन्त्रालयमा पठाउने कर्तव्य सम्बन्धित मन्त्रालयको हुनेछ।

(४) अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्नेछ।

४३. **आफू वा कुनै खास व्यक्ति वा वर्गलाई फाइदा हुने गरी निकासा दिन नहुने**ः कुनै अधिकार प्राप्त अधिकारीले आफूलाई वा कुनै खास

व्यक्ति वा वर्गलाई फाइदा हुने गरी सरकारी धन खर्च गर्न वा सरकारी मालसामान दिने गरी निकासा दिनु हुँदैन।

तर प्रचलित कानूनबमोजिम लिन खान पाउने वा दिनु पर्ने वा अदालतको निर्णय बमोजिम दिन लिन पाउनेमा यो नियमले बाधा पुऱ्याएको मानिने छैन।

४४. **आवधिक स्रेस्ता तथा विवरण पठाउने**: मन्त्रालय,विभाग र प्रदेश लेखा नियन्त्रक कार्यालयको माग बमोजिम आवधिक स्रेस्ताको विवरण पठाउनु सबै कार्यालय प्रमुखको कर्तव्य हुनेछ।

४५. **आय व्यय ठीकसँग भएको छ भन्ने कुरामा विश्वस्त हुन ध्यान दिनु पर्ने**: अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको दृष्टिकोणले देहायका कुराहरूमा ध्यान दिई देहाय बमोजिम सरकारी रकम निकासा दिनु वा खर्च गर्नु पर्नेछ। कारोबार र लेखाङ्कन भए पछि पनि भए गरेका कारोबारमा आन्तरिक जाँच गरी वा गराई ठिक छ भन्ने कुरामा विश्वस्त हुनु पर्नेछः-

(क) सालबसाली विनियोजन ऐन बमोजिम सेवा तथा कार्यहरूमा खर्च गर्न विभिन्न शीर्षक तथा उपशीर्षकमा स्वीकृत भएका रकम सो सेवा तथा कार्यका निमित्त स्वीकृत सीमाभित्र रही सोही प्रयोजनको लागि खर्च भएको छ,

(ख) आर्थिक कारोबार प्रचलित कानून बमोजिम छ र आम्दानी खर्चका कलमहरूको प्रमाण पुगेको छ,

(ग) महालेखा परीक्षकको कार्यालयबाट तोकिएको ढाँचा अनुरूप लेखा राखिएको छ,

(घ) आर्थिक विवरणले त्यसमा लेखिएको अवधिको आर्थिक कारोबारको यथार्थ चित्रण गर्दछ,

(ङ) सरकारी सम्पत्तिको लगत दुरुस्त र अद्यावधिक छ, सरकारी सम्पत्तिको सुप्रबन्ध र संरक्षण भएको छ,

(च) नगदी वा जिन्सी तथा अन्य सरकारी सम्पत्ति समेतको हानी नोक्सानी र दुरूपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था छ र त्यसको अनुसरण गरिएको छ,

(छ) राजस्व र अरू समस्त आम्दानी र धरौटी समेतको लेखा ठीक छ र असुल तहसिल गर्ने र लेखा राख्ने तरिकाहरूको पर्याप्त पालना गरिएको छ,

(ज) सरकारी ऋण, जमानत, निक्षेप, ऋण निवारण कोष तथा ऋण विमोचनका निमित्त छुट्याइएका र विमोचन गरिएको रकमहरूको लेखा यथार्थ छ,

(झ) औद्योगिक तथा व्यावसायिक सेवाहरू भए त्यसको आम्दानी खर्च, लेखा, त्यसको जिन्सी नगदी मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था तथा नियमहरू पर्याप्त छन् र तिनीहरूको पालना गरिएको छ,

(ञ) कार्यालयको संगठन, व्यवस्थापन तथा कार्य विभाजन यथेष्ठ र समुचित छ र सो अनुसार कार्य सञ्चालन भएको छ,

(ट) कुनै काम अनावश्यक रूपमा दोहोरो हुने गरी विभिन्न कर्मचारी वा निकायबाट गरिएको छैन र आवश्यक काम गर्न छुटाएको छैन,

(ठ) उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको छ र हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको छ,,

(ड) कार्यक्रम अनुसार निर्धारित समयभित्र प्रगति भएको छ र कामको गुणस्तर र परिमाण समेत सन्तोषजनक छ,,

(ढ) कार्यालयको उद्देश्य र नीति स्पष्ट छ र निर्दिष्ट उद्देश्य तथा नीति अनुरूप कार्यक्रम तयार भएको छ,,

(ण) स्वीकृत लागत खर्चको सीमाभित्र रही कार्यक्रम सञ्चालन गरिएको छ र लागतको तुलनामा प्राप्त प्रतिफल मनासिब छ,

(त) लक्ष्य प्रगति तथा लागत खर्चको आँकडा राख्ने व्यवस्था पर्याप्त र भरपर्दो छ,

(थ) निकासा अनुसार खर्च गरेको भए तापनि बेमनासिव तरिकाले वा चल अचल राष्ट्रिय धन बरबाद हुने गरी खर्च भएको छैन तथा खर्च र निकासा औचित्यपूर्ण छ,

(द) चल अचल राष्ट्रिय धनको अनुदान वा राजस्वको अभिहस्ताङ्कन वा खानी, जंगल, जलशक्ति आदिको सुविधा प्रदान सम्बन्धमा पट्टा, लाइसेन्स, अधिकार र कुनै अन्य प्रकारबाट

राजस्व वा चल अचल राष्ट्रिय धन त्याग गर्ने गरी जारी गरिएका सबै निकासाहरू औचित्यपूर्ण छन्,

(ध) आवधिक आर्थिक विवरणहरू समयमा तयार भएका छन् र समयमा पेश हुने गरेका छन्।

## परिच्छेद-६

## सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत, संरक्षण र बरबुझारथ

४६. **सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षण**ः (१) कार्यालयमा रहेको नगद, बैंक मौज्दात, चेक र त्यसको स्रेस्ता, धरौटी र त्यसको स्रेस्ता र राजस्वको लेखा आर्थिक प्रशासन शाखा प्रमुखको जिम्मामा रहनेछ।जिन्सी मालसामान तथा तत्सम्बन्धी स्रेस्ता कार्यालय प्रमुखले तोकेको प्रशासन सेवाका कर्मचारीको जिम्मामा रहनेछ।राजस्वको लगत र त्यस सम्बन्धी अन्य कागजातहरू कार्यालय प्रमुखले आफ्नै रेखदेखमा कुनै कर्मचारीको जिम्मामा राख्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम जिम्मामा रहेका सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

(३) उपनियम (२) बमोजिमको काम गर्न सम्बन्धित कार्यालय प्रमुखले आफ्नो जवाफदेहीतामा आफूभन्दा मुनिका अन्य कर्मचारीलाई लगाउन सक्नेछ।

४७. **जिन्सी मालसामानको लगत तयार गर्नेः** (१) कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै

प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम लगत तयार गर्ने र लगत बमोजिमको जिन्सी मालसामान जिम्मा लिने अभिभारा कार्यालय प्रमुखको रेखदेखमा जिन्सी शाखाको जिम्मा लिने कर्मचारीको हुनेछ।

(३) प्राविधिक काममा प्रयोगमा ल्याइने जिन्सी मालसामानको हकमा उपनियम (१) बमोजिम लगत तयार गर्दा सम्बन्धित कार्यालयका प्राविधिक कर्मचारीबाट जँचाई के कस्तो अवस्थामा त्यस्तो मालसामान प्राप्त भएको हो प्रमाणित गराई सो कुरा कैफियत जनाई लगत खडा गर्नु पर्नेछ।

(४) अन्य निकायबाट हस्तान्तरण भई आएका मूल्य नखुलेका जिन्सी सामग्री र कार्यालयमा मौज्दात रहेका मालसामान मध्ये पुरानो मालसामानको मूल्य कारणवस खुल्न नसकेको अवस्थामा कार्यालय प्रमुखको अध्यक्षतामा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयको प्रतिनिधि र सम्बन्धित विषयको प्राविधिक कर्मचारी भएको समितिले त्यस्तो मालसामानको अवस्था र प्रचलित बजार मूल्य समेत विचार गरी मूल्य कायम गराई राख्नु पर्नेछ ।यसरी मूल्य कायम भएपछि जिन्सी खातामा मूल्यसहितको अभिलेख अध्यावधिक गर्नु पर्नेछ।नयाँ खरिद हुने जिन्सी सामग्री स्पेशिफिकेशन सहित मूल्य खुलाएर मात्र जिन्सी आम्दानी बाँध्नुपर्ने छ।

४८. **<u>वैदेशिक सहायताबाट प्राप्त हुने मालसामानको व्यवस्था</u>**ः

(१) वैदेशिक सहायतासम्बन्धी सम्झौतामा वस्तुगत सहायता पनि समावेश भएकोमा त्यसको प्रतिलिपि मन्त्रालयले

सम्झौता भएको तीस दिनभित्र सम्वन्धित मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।मन्त्रालयले समेत वस्तुगत सहायता अन्तर्गत प्रदान गरिएको सहायताको विवरण उपशीर्षक अनुसार दातृ पक्षबाट प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित मन्त्रालयलाई उपलब्ध गराईदिने व्यवस्था मिलाउनु पर्नेछ।यसरी उपलब्ध गराइने विवरणमा उपशीर्षक समेत खुलाउनु पर्नेछ।

(२) कार्यालय वा आयोजनाले सहायताबाट प्राप्त हुने जिन्सी मालसामान वा अन्य कुनै प्रकारको वस्तुगत सहायता प्राप्त गरेपछि सोको विवरण र मूल्य खुलाई आम्दानी बाँधी प्राप्त भएको जिन्सी मालसामान वा वस्तुगत सहायताको मूल्य समेत खुलेको विवरण पन्ध्र दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयमा पठाई त्यसको जानकारी तालुक मन्त्रालय वा निकायलाई दिनु पर्नेछ । यसरी जानकारी प्राप्त भएपछि मन्त्रालय वा निकायले सोको लगत राख्नु पर्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम वस्तुगत सहायताको विवरण प्राप्त भएपछि प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित कार्यालयमा रहेको जिन्सी मालसामानको निरीक्षण गरी त्यस्तो वस्तुगत सहायताको हिसाब वार्षिक प्रदेश आर्थिक विवरणमा समावेश गर्नु पर्नेछ।

(४) वैदेशिक सहायता सम्बन्धी सम्झौता अन्तर्गत प्राप्त भएको वस्तुगत सहायतामा राजस्व छुट दिएको भए सोको विवरण आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ। यसरी वस्तुगत सहायतामा प्राप्त भएको राजस्व छुटको व्यहोरा सम्बन्धित कार्यालयले दाखिला रिपोर्ट र जिन्सी किताबमा पनि जनाउनु पर्नेछ।

(५)नेपाल सरकार वा प्रदेश सरकारले निर्धारित राजस्वको दरमा छुट दिई कुनै आयोजना वा कार्यालयको नाममा मालसामान पैठारी गर्न स्वीकृति दिएको भए त्यस्तो मालसामानको पैठारी लगत सम्बन्धित आयोजना वा कार्यालयले राख्नु पर्नेछ । त्यसरी पैठारी भएको मालसामान पछि हस्तान्तरण भई प्रदेश सरकारको स्वामित्वमा आएमा त्यस्तो मालसामानको विवरण आयोजना वा कार्यालयको सहायक खातामा राखी प्रयोग गर्नेको नाम नामेसी खुलाइ राख्नु पर्नेछ।

(६) वस्तुगत सहायता अन्तर्गत कुनै एक आयोजना वा कार्यालयले मालसामान प्राप्त गरी विभिन्न आयोजना वा कार्यालयमा त्यस्तो मालसामान बाँडफाँड वा हस्तान्तरण गर्ने भएमा हस्तान्तरण गर्दा प्रति इकाई मूल्य र प्राप्त मिति, मालसामानको विवरण र भन्सार छुट भए वा नभएको व्यहोरा समेत खुलाउनु पर्नेछ।

**४९. <u>लगत राख्ने</u>:** वैदेशिक सहायता सम्बन्धी सम्झौता अन्तर्गत वस्तुगत सहायतामा प्राप्त भएको मालसामानको मूल्य, त्यस्तो मालसामानको विवरण र भन्सार छुट भए वा नभएको व्यहोरा समेत खुलाई यस नियमावली बमोजिम आम्दानी बाँधेपछि त्यस्तो सहायतालाई आर्थिक विवरणमा समावेश गरी त्यस्तो विवरण तालुक निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ। बजेटमा समावेश नभएको तर विशेष परिस्थितिमा प्राप्त भएको वस्तुगत सहायताको अलग विवरण बनाई एक प्रति प्रदेश लेखा नियन्त्रक कार्यालय र एक प्रति महालेखा परीक्षकको कार्यालयमा पठाई लेखा परीक्षण गराउनु पर्नेछ।

**५०. <u>निरीक्षण गर्ने</u>:** (१) नियम ४६, ४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले

निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लेखी वा लिई राख्ने व्यवस्था गर्नु पर्नेछ। यसरी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएको कुनै मालसामान भेटिएमा मूल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाई त्यस्तो मालसामानको मर्मत सम्भार र संरक्षण गर्नु गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदनमा देहायका कुराहरू स्पष्ट रूपमा खुलेको हुनु पर्नेछः-

(क) जिन्सी किताबमा आम्दानी नबाँधिएका जिन्सी मालसामान के कति र कस्तो अवस्थामा छन्,

(ख) मालसामानको संरक्षण र सम्भार राम्रोसँग भएको छ छैन,

(ग) के कति जिन्सी मालसामानहरू मर्मत सम्भार गर्नु पर्ने अवस्थामा छन्,

(घ) के कति जिन्सी मालसामानहरू बेकम्मा भई लिलाम बिक्री वा मिन्हा गर्नु पर्नेछन्,

(ङ) जिन्सी मालसामानको प्रयोग भए वा नभएको, हानी नोक्सानी भए वा नभएको र हानी नोक्सानी भएको भए कसको लापरवाहीबाट भएको हो,

(च) एकै किसिमको मालसामानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालू आर्थिक वर्षमा खरिद गरिएको परिमाणको तुलनात्मक विवरण,,

(छ) जिन्सी सामानको मूल्य खुलेको छ/छैन,

(ज) प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिदिएका अन्य कुराहरू।

(३) निरीक्षण प्रतिवेदन प्राप्त भएपछि कार्यालय प्रमुखले त्यस्तो प्रतिवेदनको एक प्रति तालुक निकायमा पठाउनुपर्नेछ। तालुक निकायले त्यस्तो प्रतिवेदन प्राप्त भएपछि प्रतिवेदन बमोजिम भए नभएको सम्बन्धमा प्रतिनिधि खटाई निरीक्षण गर्नुपर्ने छ। निरीक्षणबाट कुनै कैफियत देखिएमा सो सम्बन्धमा कार्यालय प्रमुखलाई एक महिना भित्रमा आवश्यक निर्देशन दिनुपर्ने छ। प्रतिवेदनको विषयमा एक महिनाभित्र कुनै निर्देशन पठाएमा कार्यालय प्रमुखले सो समेतलाई विचार गरी सो अवधिभित्र कुनै निर्देशन प्राप्त नभएमा लिलाम बिक्रि गर्नुपर्ने मालसामान छ महिनाभित्र र मर्मत सम्भार गर्नुपर्ने भए तीन महिनाभित्र गरिसक्नु पर्नेछ। कार्यालयको आवश्यकता भन्दा बढी मालसामान खरिद गरी उपयोग नभई त्यसै रहेको भए तालुक निकायमा प्रतिवेदन पेश गरी निर्देशन प्राप्त भए अनुसार हस्तान्तरण गरी आवश्यकताभन्दा बढी मालसामान खरिद गर्ने आदेश दिने उपर प्रचलित कानूनबमोजिम विभागीय कारवाही समेत गर्नुपर्नेछ।

(४) उपनियम (२) को खण्ड (ग) बमोजिम मर्मत सम्भार गर्नु पर्ने भनी उल्लेख भएका मालसामानहरूको मर्मत सम्भारको बजेटको व्यवस्था मिलाई दिने र मर्मत हुन नसक्नेलाई लिलाम बिक्री र मिन्हाको कारवाही गर्ने जिम्मेवारी तालुक निकायको हुनेछ।

(५) कुनै कार्यालयको प्रयोगमा नआएका वा नआउने तर अर्को कार्यालयको लागि उपयोगी हुने मालसामानहरू हस्तान्तरण गर्दा दिने निकायको सम्बन्धित मन्त्रालयको सहमति र लिने निकायको सहमतिको आधारमा हस्तान्तरण गर्नु पर्नेछ।

**५१.** **<u>जिन्सी मालसामानको संरक्षण र सम्भार गर्ने उत्तरदायित्व</u>:** नियम ४६, ४७, ४८ र ४९ बमोजिम लगत खडा गरी राखिएको सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनीहरूको राम्रो सम्भार गरी वा चालू अवस्थामा राख्ने उत्तरदायित्व सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

**५२.** **<u>जिन्सी मालसामानको स्रेस्ता</u>:** जिन्सी मालसामानको स्रेस्ताको ढाँचा महालेखा नियन्त्रक कार्यालयको समन्वयमा प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरी महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत गराई लागू गर्नु पर्नेछ।यसरी लागू नभएसम्मका लागि महालेखा नियन्त्रक कार्यालयबाट लागू गरेको जिन्सी श्रेस्ताको प्रचलित ढाँचा नै लागू गरिनेछ।

**५३.** **<u>वार्षिक प्रतिवेदन र रेखदेख</u>:** (१) प्रत्येक कार्यालयले गत आर्थिक वर्षको मौज्दात, चालू आर्थिक वर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको मालसामान र वस्तुगत सहायताको रूपमा प्राप्त भएको मालसामान समेत उल्लेख गरी कुल जिन्सी मालसामानको परिमाण र मूल्य, चालू आर्थिक वर्षमा लिलाम, मिन्हा, हस्तान्तरण भई खर्च भएको परिमाण र मूल्य, बाँकी जिन्सी मालसामान मध्ये साबूत, मर्मत सम्भार, लिलाम, मिन्हा गर्नु पर्ने मालसामानको परिमाण समेत खुलाई आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित मन्त्रालय, विभाग रप्रदेश लेखा नियन्त्रक कार्यालयमा एक एक प्रति पठाउनु पर्नेछ।यस्तो प्रतिवेदन प्राप्त भए पछि सम्बन्धित मन्त्रालय र विभागले अध्ययन र जाँचबुझ गरी आवश्यक निर्देशन दिनु पर्नेछ।

(२) कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएमा यसरी निर्णय भएको पैतीसौं दिनमा कार्यालय खारेज भएको मानिनेछ। उक्त अवधिभित्रमा सो कार्यालय कायम रहेको दिनसम्मको जिन्सी

मालसामानको मौज्दात र मर्मत सम्भार, लिलाम, मिन्हा गर्नु पर्ने मालसामानको परिमाण र मूल्य समेत खुलाई त्यस्तो कार्यालय खारेज भएको वा गाभिएको मितिले पैंतीस दिन भित्र प्रतिवेदन तयार गरी वा गर्न लगाई सम्बन्धित मन्त्रालय वा विभागले त्यस्तो मालसामानको जिम्मा लिने दिने व्यवस्था मिलाउनु पर्नेछ।

(३) कुनै कार्यालय वा निकाय विभाजन भएको अवस्थामा विभाजन भएका निकायबीचको आपसी सहमतिमा जिन्सी मालसामानको बाँडफाँड गर्नुपर्ने छ। सम्पत्ती बाँडफाँड सँगै स्रेस्ता, कागजात र बेरुजुसमेत कार्यप्रकृति अनुरुप बाँडफाँड गरी जिम्मा लिनुपर्ने छ।

(४) उपनियम (१) बमोजिमको प्रतिवेदनबाट वा अन्य कुनै स्रोतबाट जिन्सी मालसामानको लगत नराखेको, मर्मत सम्भार, लिलाम, मिन्हा, बरबुझारथ नगरेको देखिएमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयले त्यस्तो जिन्सी मालसामानको निरीक्षण गर्न सक्नेछ। त्यस्तो निरीक्षणको प्रतिवेदन सम्बन्धित मन्त्रालय, विभाग/निर्देशनालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम प्राप्त हुन आएको प्रतिवेदनबाट वा अन्य कुनै स्रोतबाट कुनै कार्यालयमा जिन्सी मालसामान सम्बन्धी अनियमितता देखिएमा मन्त्रालयको भए मन्त्रालय आफैले र विभाग/निर्देशनालय वा अन्तर्गत कार्यालयको भए सम्बन्धित विभागीय प्रमुखले आवश्यक कारवाही गरी जिन्सी मालसामानको लगत राख्न, मर्मत, सम्भार तथा संरक्षण गर्न लगाउनु पर्नेछ। विभागीय प्रमुखले गरेको यस्तो कारवाहीको जानकारी सम्बन्धित मन्त्रालयलाई दिनु पर्नेछ।

५४. **घर जग्गाको लगत**: (१) प्रत्येक कार्यालयले कार्यालय बसेको सरकारी घर जग्गा तथा कार्यालय अन्तर्गतको सरकारी घर जग्गाको लगत महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नु पर्नेछ। त्यस्तो घर जग्गा आफ्नो नाउँमा वा अन्य कुनै कार्यालयको नाउँमा मालपोत कार्यालयमा दर्ता भई जग्गाधनी प्रमाण पूर्जा प्राप्त नभएकोमा प्रचलित कानून बमोजिम कार्यालयको नाउँमा दर्ता गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको घर जग्गाको विवरण तालुक विभाग, मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

(३) प्रदेश भित्रको सरकारी घरजग्गाको लगत प्रदेश लेखा नियन्त्रक कार्यालय विद्युतीय प्रणालीमा अद्यावधिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

५५. **बरबुझारथ**: (१) नगद, जिन्सी मालसामान, बौद्धिक सम्पत्ति, विनियोजित रकम, राजस्व, धरौटी, बेरुजु, अन्य रकमको लगत स्रेस्ता तथा सरकारी कागजात र आफ्नो जिम्मामा भएको वा रहेको काम आदिको जिम्मा लिने कर्मचारी साधारणतया सरुवा, काज सरुवा, बढुवा, अवकाश प्राप्त गरी वा अन्य कुनै कारणले आफू कार्यरत कार्यालय छोडी जाँदा वा सो कामबाट अलग हुँदा निजको बरबुझारथ गर्ने कर्तव्य हुनेछ। बरबुझारथ बुझिलिने कर्मचारीले पनि तुरुन्त बुझिलिनु पर्नेछ। आलटाल गरी बुझी नलिएमा त्यस्ता कर्मचारीलाई विभागीय कारवाही हुनेछ।

(२) उपनियम (१) बमोजिम बरबुझारथ गर्ने कर्तव्य भएका कर्मचारीले ऐनको दफा ५० मा उल्लेख भए बमोजिमको म्याद भित्र बरबुझारथ गरी सक्नु पर्नेछ। सो म्याद भित्र पनि बरबुझारथ नगरेमा तालुक कार्यालयको प्रतिनिधिको रोहवरमा

निजको जिम्मामा रहेको नगदी जिन्सीको लगत तयार गरी कार्यालय प्रमुखले बरबुझारथ गराउनु पर्नेछ।यसरी बरबुझारथ गरेको जानकारी तालुक निकायमा पनि दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम लगत तयार गरी बरबुझारथ गराएकोमा स्रेस्ता अनुसार नपुग भएको नगदी जिन्सीको सम्बन्धमा बरबुझारथ गर्ने कर्तव्य भएको कर्मचारीको जिम्मेवारी रही रहनेछ।

(४) उपनियम (१) वा (२) बमोजिम बरबुझारथ हुँदा नगद वा जिन्सी मालसामान, बौद्धिक सम्पत्ति, राजस्व, धरौटी र अन्य रकमको लगत स्रेस्ता आदि हानी नोक्सानी वा हिनामिना भएको देखिएमा त्यस्तो हानी नोक्सानी वा हिनामिना रकम ऐन बमोजिम असुल उपर गरिनेछ।

(५) उपनियम (३) बमोजिम मूल्य असुल उपर गर्नु पर्दा सो मालसामानको अवस्था तथा वर्तमान बजार मूल्यलाई समेत विचार गरी मूल्य कायम गरिनेछ । यसरी मूल्य कायम गर्ने काम मन्त्रालय र विभाग/निर्देशनालयको हकमा सम्बन्धित कार्यालयको प्रमुखले तोकेको अधिकृत र एकजना प्राविधिक अधिकृत, आन्तरिक मामिला तथा कानून मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयको अधिकृत प्रतिनिधि रहेको समितिले र सो बाहेक अन्य कार्यालयको हकमा सम्बन्धित कार्यालयका प्रमुख, सम्बन्धित विषयको प्राविधिक र प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयका प्रतिनिधि समेत रहेको समितिले गर्नेछ।

(६) उपनियम (१) बमोजिम बरबुझारथ गर्ने कर्तव्य भएका कर्मचारी नोकरीबाट अवकाश लिइसकेको र पत्ता नलागेको वा मृत्यु भएको वा स्वास्थ्यका कारणबाट होस ठेगान नभएको वा मानसिक सन्तुलन गुमाएको रहेछ र त्यस्तो कर्मचारीले गर्नु पर्ने

बरबुझारथ निजको परिवारका सदस्यले गर्न चाहेमा निज वा निजले मन्जुर गरी पठाएको व्यक्तिबाट वा सम्बन्धित कार्यालय प्रमुखले खटाएको व्यक्तिको रोहबरमा जसले बुझिलिनु पर्ने हो सो व्यक्तिले बुझिलिनु पर्नेछ।

५६. **<u>बरबुझारथको प्रमाण पत्र</u>:** (१) नियम ५५ बमोजिम बरबुझारथ गर्ने कर्तव्य भएको कर्मचारीलाई सो बमोजिम बरबुझारथ गरी सकेपछि साबिक कार्यालयबाट अनुसूची-१० बमोजिमको ढाँचामा बरबुझारथको प्रमाणपत्र दिनुपर्नेछ।

(२) बरबुझारथ गर्ने कर्मचारीले उपनियम (१) बमोजिम प्रमाणपत्र पेश नगरी निजलाई हालको कार्यालयमा हाजिर हुन दिइने छैन।

(३) बरबुझारथ गर्ने व्यक्ति अवकाश प्राप्त कर्मचारी भए उपनियम (१) बमोजिमको प्रमाणपत्र पेश नगरी निजलाई निवृत्तभरण वा उपदान दिइने छैन।

## परिच्छेद-७

## <u>लिलाम बिक्रीसम्बन्धी व्यवस्था</u>

५७. **<u>लिखित आदेश बिना लिलाम बिक्री गर्न नहुने</u>:** (१) कार्यालय प्रमुख वा निजले तोकेको अधिकारीको लिखित आदेश बिना जिन्सी मालसामान लिलाम बिक्री वा हस्तान्तरण गर्नु गराउनु हुँदैन।

(२) नियम ५३ बमोजिमको प्रतिवेदनमा उल्लिखित बेकम्मा भई काम नलाग्ने देखिएका मालसामानहरू लिलाम बिक्री गर्ने, मर्मत गर्नु पर्ने मालसामानहरू मर्मत गर्ने, आम्दानी नबाँधिएका मालसामान तुरुन्त आम्दानी बाँध्ने कर्तव्य कार्यालय प्रमुख वा निजले तोकेको अधिकारीको हुनेछ।

(३) नियम ५३ बमोजिमको प्रतिवेदन कार्यालय प्रमुख बाहेक अरूले दिएको रहेछ भने लिलाम बिक्री गर्नु पर्ने जिन्सी मालसामानको सम्बन्धमा त्यस्तो जिन्सी मालसामान लिलाम बिक्री गर्ने अवस्थामा छ वा छैन कार्यालय प्रमुखले जाँची लिलाम बिक्री गर्नु पर्ने भनी ठहराएकोमा मात्र लिलाम बिक्री गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम जिन्सी मालसामान हस्तान्तरण गर्दा हस्तान्तरण फाराम भरी हस्तान्तरण गर्नु पर्नेछ । मालसामान बुझिलिने कार्यालयले हस्तान्तरण भई आएको मालसामान जिन्सी खातामा आम्दानी बाँधी सोको जानकारी साबिक कार्यालयलाई दिनु पर्नेछ।बुझिलिने कार्यालयबाट आम्दानी बाँधेको जानकारी प्राप्त भएपछि साबिक कार्यालयले त्यस्ता मालसामानको लगत कट्टा गर्नु पर्नेछ।

**५८.** **लिलाम गर्ने व्यवस्थाः** (१) जिन्सी निरीक्षण प्रतिवेदनमा पुरानो भई काममा आउन नसक्ने टुटफुट भई बेकम्मा भएका र पुनः मर्मत नहुने भनी किटान भएका मालसामान मध्ये कार्यालय प्रमुखले लिलाम गर्नु पर्ने भनी ठहराइएका मालसामानको परल मूल्य खुलेकोमा तीन लाख रुपैयाँसम्मको र परल मूल्य नखुलेको भए हाल मूल्याङ्कन भएको मूल्यमा एक लाख रुपैयाँसम्म वा दुवै गरेर चार लाख रुपैयाँसम्मका मालसामान आर्थिक प्रशासन शाखा प्रमुख, जिन्सी अधिकृत वा जिन्सी शाखा प्रमुख समेतको राय लिई कार्यालय प्रमुखले एक वर्ष भित्र लिलाम बिक्री गर्नु पर्नेछ।

तर घर जग्गा जस्ता स्थिर सम्पत्ति प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय बेगर लिलाम बिक्री गर्न पाइने छैन ।तर नेपाल सरकारबाट हस्तान्तरण भएका यस्ता सम्पत्तिका हकमा नेपाल सरकारको पूर्व सहमति बेगर लिलाम बिक्री गर्न पाइने छैन।

(२) कुनै मेशिन औजार तथा भारी उपकरण र सवारी साधन चालू हालतको भए पनि पुरानो मोडल, त्यसको स्पेयर पार्ट पूर्जाको अभाव तथा मर्मत सम्भार तथा सञ्चालनमा बढी खर्च लाग्ने तथा वर्तमान अवस्थामा अनुपयोगी भनी मेकानिकल प्राविधिकबाट प्रतिवेदन पेश गरेका मेशिन औजार तथा भारी उपकरण र उपनियम (१) मा उल्लिखित मूल्य भन्दा बढी परल मूल्य वा मूल्याङ्कन भएका मालसामान कार्यालय प्रमुखले लिलाम गर्नु पर्ने भनी ठहराएमा त्यस्ता मालसामान जाँचबुझ एवं सर्वेक्षण गरी सिफारिश गर्न उपनियम (३) बमोजिम समिति गठन गर्नु पर्नेछ।

(३) उपनियम (२) मा उल्लिखित मालसामानको मूल्याङ्कनको लागि देहाय बमोजिमको समिति गठन गर्नु पर्नेछः-

(क) प्रदेश सरकारका मन्त्रालय, विभाग, निकाय तथा कार्यालयको हकमा सम्बन्धित निकायका प्रमुख वा निजले तोकेको अधिकारीको अध्यक्षतामा निकायका प्रमुखले तोकेको सम्बन्धित विषयको अधिकृतस्तरको प्राविधिक प्रतिनिधिर प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको अधिकृतस्तरको प्रतिनिधि भएको तीन जनाको समिति,

(ख) खण्ड (क) मा उल्लिखित कार्यालय बाहेक अन्य कार्यालयको हकमा कार्यालय प्रमुख वा निजले तोकेको अधिकृतको अध्यक्षतामा सम्बन्धित विषयको प्राविधिक प्रतिनिधि र सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई

कार्यालयले तोकेको अधिकृतस्तरको प्रतिनिधि भएको समिति,

(ग) प्राविधिक प्रतिनिधि तोक्दा यथासम्भव सम्बन्धित जिन्सी मालसामानको ज्ञान भएको कर्मचारी खटाउनु पर्नेछ,

(घ) दश लाख रुपैयाँभन्दा बढी मूल्य पर्ने वा विशेष प्रकारको जिन्सी मालसामानको हकमा यस समितिले बढीमा दुई जनासम्म सम्बन्धित विषयका प्राविधिक आमन्त्रण गर्न सक्नेछ,

(ङ) उपनियम (६) बमोजिम आवश्यक अध्ययन सर्वेक्षण गरी मूल्य नतोकिएकोमा अनुमानित मूल्य समेत तोकी यस समितिले कार्यालय प्रमुख समक्ष सिफारिसको प्रतिवेदन दिनेछ।

(४) उपनियम (३) बमोजिमको समितिको सिफारिस भएपछि परल मूल्य खुलेकोमा दश लाख रुपैयाँसम्म र मूल्य नखुली मूल्याङ्कन भएकोमा दुई लाख रुपैयाँसम्म र दुवै गरी बाह्र लाख रुपैयाँ मूल्य सम्मको जिन्सी मालसामान कार्यालय प्रमुखले लिलाम गर्नेछ।सो भन्दा माथि मूल्य भएकोमा लिलाम गर्ने स्वीकृतिको लागि सबै व्यहोरा खुलाई विभाग भए विभागमा र विभाग नभए सम्बन्धित तालुक निकाय, सचिवालय वा मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम सम्बन्धित विभाग वा मन्त्रालयमा प्रतिवेदन प्राप्त भएपछि त्यस्तो प्रतिवेदनको सम्बन्धमा सर्वेक्षण एवं मूल्याङ्कन गर्न विभाग वा मन्त्रालयले देहायका सदस्यहरू भएको समिति गठन गरी सर्वेक्षण एवं मूल्याङ्कन गराउनु पर्नेछः-

(क) सम्बन्धित सचिव वा विभाग प्रमुखले तोकेको राजपत्रांकित द्वितीय श्रेणीको अधिकृत -अध्यक्ष

(ख) सम्बन्धित विषयको प्रतिनिधि -सदस्य

(ग) प्रतिनिधि (अधिकृतस्तर), सम्बन्धित कार्यालय वा मन्त्रालय -सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(ङ) सम्बन्धित मन्त्रालय वा विभागले तोकेको मन्त्रालय वा विभाग अधिकृतस्तरको प्रतिनिधि -सदस्य सचिव

तर उपनियम (३) बमोजिमको समितिले सिफारिश गरेकै मूल्याङ्कन मनासिव लागेमा सम्बन्धित विभाग वा मन्त्रालयले त्यसैलाई समर्थन गरी स्वीकृति दिन सक्नेछ।

(६) उपनियम (३) वा (५) बमोजिमको समितिले मालसामानको मूल्य कायम गर्दा मालसामानको उपयोगिता, सेवा आयु, ह्रास कट्टी, अवशेष मूल्य र बजार मूल्य समेत विचार गरी मूल्य कायम गर्नु पर्नेछ। ह्रास कट्टी गर्दा आयकर कानून बमोजिमको दरमा कट्टी गर्नु पर्नेछ। भन्सार नतिरेको मालसामानको मूल्य कायम गर्दा भन्सार महसूल समेत समावेश गरी सो शुल्क समेतमा ह्रास कट्टी गर्नु पर्नेछ।

तर यसरी उल्लिखित आधारहरू कुनैपनि वा आंशिकरूपमा किटान गर्न नसकिने मालसामानको हकमा कार्यालय प्रमुखले तालुक निकायको प्रमुखसमक्ष पेश गर्नु पर्ने छ । यसरी जानकारी प्राप्त भएपछि निज प्रमुखले सम्बन्धित विशेषज्ञलाई मालसामान प्रयोगमा आउने वा नआउने बारे जाँचबुझ गर्न लगाउनु पर्नेछ।सम्बन्धित विशेषज्ञले त्यस्ता मालसामान मर्मत गरेर पनि

पुनः प्रयोग हुन नसक्ने वा मर्मत गर्दा उपनियम (१६) बमोजिमको स्थिति हुने प्रतिवेदन दिएमा सोही प्रतिवेदनलाई आधार लिई मूल्य कायम गर्ने निर्देशन तालुक निकायका प्रमुखले दिनु पर्नेछ।

(७) उपनियम (५) बमोजिमको समितिको सिफारिस पेश भएपछि विभाग/निर्देशनालय वा मन्त्रालयले लिलाम गर्ने आदेशका साथ सम्बन्धित कार्यालयमा पठाई दिनु पर्नेछ । यसरी आदेश प्राप्त भएपछि कार्यालयले उपनियम (८) बमोजिम लिलाम बिक्री गर्नेछ।

(८) उपनियम (७) बमोजिम लिलाम गर्ने आदेश प्राप्त भएपछि वा उपनियम (१) बमोजिम लिलाम गर्ने निर्णय भएपछि मालसामान लिलाम बिक्री गर्न एक्काईस दिनको म्याद दिई देहायका कुराहरू समेत खुलाई सूचना प्रकाशन गरी लिलाम बढाबढ गराउनु पर्नेछः-

(क) मालसामानको विवरण,

(ख) मालसामानको न्यूनतम मूल्य,

(ग) लिलाम बढाबढ हुने स्थान, समय (शुरु र अन्त्य हुने समय बजे) र मिति,

(घ) न्यूनतम मूल्यबाट बढाबढ शुरु हुने कुरा,

(ङ) लिलाम सकार गर्न डाँक बोल्नु अघि नै न्यूनतम मूल्यको पाँच प्रतिशतले हुने नगद धरौटी राख्नु पर्ने कुरा र डाँक अंक बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानु पर्ने कुरा,

(च) लिलाम सकार गरेको मालसामान उठाई लैजानु पर्ने अवधि,

(छ) अन्य आवश्यक कुराहरू।

(९) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बोलपत्रबाट लिलाम बिक्री गर्न मनासिव देखिएमा मालसामान हेर्न सक्ने व्यवस्था मिलाई उपनियम (८) बमोजिम म्याद दिई बोलपत्र माग गर्न सकिनेछ । यसरी बोलपत्र आव्हान गरिएकोमा बोल अंकको दश प्रतिशतले हुने रकम बराबरको बैंक जमानत वा धरौटी खातामा जम्मा गरेको भौचर बोलपत्र साथ राख्नु पर्नेछ। तालुक निकायमा दाखिला भएको बोलपत्र तोकिएको मितिमा खोली सो सम्बन्धी कागजात छिटो साधनद्वारा सम्बन्धित कार्यालयमा पठाउन पर्नेछ।

(१०) उपनियम (८) वा (९) बमोजिम प्रकाशित सूचना बमोजिम लिलाम सकार गर्न चाहने व्यक्ति, फर्म, संस्था वा कम्पनीले देहाय बमोजिमको रकम तिरी सम्बन्धित कार्यालयबाट सो कार्यालयको कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीको दस्तखत र कार्यालयको छाप लागेको बोलपत्र फाराम किन्नु पर्नेछः-

(क) एकलाख रुपैयाँसम्म न्यूनतम मूल्य कायम भएको बोलपत्रको लागि तीन सय रुपैयाँ,

(ख) एक लाख भन्दा माथि दश लाख रुपैयाँसम्म न्यूनतम मूल्य कायम भएको बोलपत्रको लागि एक हजार रुपैयाँ,

(ग) दशलाख भन्दा माथि जतिसुकै रकम न्यूनतम मूल्य कायम भएको बोलपत्रको लागि दुई हजार रुपैयाँ।

(११) उपनियम (८) र (९) बमोजिमको लिलाम बढाबढ गर्न वा बोलपत्र माग गरी लिलाम बिक्री गर्ने सूचना प्रकाशन गर्दा परल मूल्य नखुलेकोमा हाल मूल्याङ्कन गर्दा एकलाख रुपैयाँसम्म

मूल्य कायम हुने मालसामान र परल मूल्य खुलेकोमा हाल मूल्याङ्कन गर्दा तीनलाख रुपैयाँसम्म मूल्य कायम हुने मालसामानको लिलाम बिक्री गर्न बोलपत्र माग गर्ने कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय र सम्भव भए सम्म सम्बन्धित निकायको वेभसाइटमा समेत बोलपत्र आह्वानको सूचना प्रकाशन गरीर सो भन्दा बढी मूल्य कायम हुने मालसामान राष्ट्रियस्तरको पत्रपत्रिकामा सम्भव भएसम्म सम्बन्धित निकायको वेभसाइटमा समेत सूचना प्रकाशन गरी लिलाम बिक्री गर्न सकिनेछ। यसरी लिलाम बिक्री गर्दा पहिलो पटक लिलाम बिक्री हुन नसकेमा सात दिनको म्याद दिई पुनः लिलाम बिक्रीको कारवाही गर्नु पर्नेछ। पुनः लिलाम बिक्रीको कारवाही गर्दा पनि लिलाम हुन नसकेमा कायम मूल्यमा नघट्ने गरी सिधै वार्ताबाट बिक्री गर्न सकिनेछ। वार्ताबाट पनि बिक्री नभएमा पुनः मूल्याङ्कन गरी लिलाम गर्न सकिनेछ।

(१२) लिलाम सकार गरेको जिन्सी मालसामान सम्बन्धित कार्यालयले तोकेको अवधि भित्र कबोल गरेको पूरा रकम दाखिला नगरी सामान नउठाएमा राखिएको धरौटी जफत गरी जफत रकम बराबर मात्र घटी कबुल भएका क्रमशः दोस्रो, तेस्रो वा चौथौ घटीवालाको कबुल अंक स्वीकृत गर्न सकिनेछ। यसरी गर्दा पनि लिलाम हुन नसकेमा पुनः लिलाम गर्नु पर्नेछ।

(१३) उपनियम (११) बमोजिमको प्रक्रियाबाट बिक्री हुन नसकेमा उपनियम (३) र (५) बमोजिमको समितिबाट पुनः मूल्याङ्कन गराई लिलाम बढाबढ गराउनु पर्नेछ। यसरी पुन मूल्याङ्कन गरिएको मूल्यमा पनि लिलाम बढाबढ हुन नसकेमा कार्यालय प्रमुखले सम्बन्धित विषयको प्राविधिक कर्मचारी र प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक इकाई

कार्यालयको प्रतिनिधिको रोहबरमा मूल्य कायम गरी तालुक निकायको स्वीकृति लिई सिधै बिक्री गर्न सक्नेछ। यसरी सिधै बिक्री हुन नसकेमा तालुक निकायबाट निर्णयबाट लगत कट्टा गर्नु पर्नेछ।

(१४) सवारी साधन, मेशिनरी, औजार र प्राविधिक मालसामान बाहेक फर्निचर जस्ता मालसामानको मूल्याङ्कन गर्दा समिति नराखी आयकर प्रयोजनको लागि निर्धारित ह्रास कट्टी दरको आधारमा मूल्य कायम गर्न सकिनेछ। आयु निश्चित भएका जुनसुकै मालसामानको आयु समाप्त भए पछि उपनियम (३) बमोजिमको समितिबाट मूल्याङ्कन गराई लिलाम बिक्री गर्न सकिनेछ।

(१५) यस नियमावली बमोजिम लिलाम बिक्री भए वा नभएको सम्बन्धमा तालुक निकायले वर्षको एक पटक निरीक्षण गरी सोको प्रतिवेदन एक तह माथिको अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(१६) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाह्र वर्ष भन्दा बढी पुराना र चालु हालतमा नरहेका वा चालु हालतमा ल्याउन सोही मालसामानको बजार मूल्यको पच्चीस प्रतिशत भन्दा बढी मर्मत खर्च लाग्ने भएमा कार्यालय प्रमुखले उपनियम (३) बमोजिमको समितिको सिफारिशमा लिलाम बिक्री गर्न सक्नेछ।

(१७) निर्माण भएका भौतिक संरचना भत्काई लिलाम बिक्री गर्दा भत्काउन लाग्ने खर्च र मालसामान बिक्री गर्दा प्राप्त हुने रकमको आइटमवाइज लागत अनुमान तयार गर्नु पर्नेछ । लिलामबाट प्राप्त हुने रकम भत्काउँदा लाग्ने खर्च भन्दा बढी हुन

आएमा फरक रकमलाई नै न्यूनतम मूल्य मानी लिलाम घटाघट सम्बन्धी कारवाही गर्नु पर्नेछ।

५९. **<u>जफत भएका मालसामानको मूल्याङ्कन</u>**: जुनसुकै कारणबाट जफत भएका मेशिन, उपकरण, सवारी साधन वा मालसामान लिलाम बिक्री गर्दा सम्बन्धित मन्त्रालयबाट मूल्याङ्कन समिति गठन गरी यस नियमावली बमोजिम लिलाम बिक्री गरिनेछ । यसरी समिति गठन गर्दा प्रदेश लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि समेत राख्नु पर्नेछ।

६०. **<u>बिक्रीको व्यवस्था</u>**: प्रदेश सरकारको आयोजना वा कार्यालयले उत्पादन गरेको मालसामानको हकमा सम्बन्धित मन्त्रालयले तोकिदिए बमोजिम बिक्री गर्नु पर्नेछ।

६१. **<u>नष्ट गर्नु पर्ने</u>**: कार्यालयले प्रचलित कानूनबमोजिम आफ्नो कब्जामा लिएको वा आफ्नो मौज्दातमा रहेको मालसामानको उपभोग मिति समाप्त भएमा वा अन्य कुनै कारणबाट उपभोग गर्न नहुने प्रमाणित भएमा त्यस्तो मालसामान मुचुल्का गरी सार्वजनिक रूपमा नष्ट गर्नु पर्नेछ।यसरी नष्ट गरेपछि त्यस्तो सामानलाई मुचुल्काको आधारमा जिन्सी खातामा मिन्हा खर्च जनाउनु पर्नेछ।

## परिच्छेद-८
## <u>धरौटीसम्बन्धी व्यवस्था</u>

६२. **<u>धरौटी खाता</u>**: (१) प्रदेश र अन्तर्गतका सम्पूर्ण कार्यालयको धरौटी रकम सञ्चालनको लागि सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयको नाममा खोलिएको एकल कोष बैंक खाता मार्फत सञ्चालन हुनेछ।प्रत्येक कार्यालयले प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त गरेको आफ्नो कार्यालय कोड नम्वर समेत उल्लेख गरी धरौटीको कारोबार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको धरौटी खातामा रकम जम्मा गर्नु पर्दा सम्बन्धित व्यक्तिले बैंक भौचरहरू भरी बैंक दाखिला गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको भौचर मध्ये एकप्रति बैंकले सम्बन्धित व्यक्तिलाई दिनेछ। सो भौचर सम्बन्धित कार्यालयमा बुझाई सोको नगदी रसिद लिनु पर्नेछ। सिलबन्दी बोलपत्र साथ पेश गर्ने भौचरको सम्बन्धमा बोलपत्र खोली सकेपछि नगदी रसिद लिनु दिनु पर्नेछ।

(४) उपनियम (१) बमोजिमको धरौटी कारोबारको लागि भुक्तानी आदेशको सञ्चालन कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ। आवश्यकतानुसार आफ्नो उत्तरदायित्वमा कार्यालय प्रमुखले आफ्नो मातहतका अन्य अधिकृत र आर्थिक प्रशासन शाखाका प्रमुख वा निजले तोकेको आर्थिक प्रशासन शाखाको कर्मचारीको दस्तखतबाट समेत धरौटी कारोबार सञ्चालन गर्न गराउन सक्नेछ।

६३. **धरौटी राख्ने अवस्थाः** देहायको अवस्थामा धरौटी रकम जम्मा गर्न सकिनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई बुझाउनु पर्ने राजस्व अग्रिम रूपमा बुझाउन,

(ख) खण्ड (क) बमोजिम बुझाउनु पर्ने राजस्व कति बुझाउनु पर्ने भन्ने निर्णय नहुँदै त्यस्तो राजस्व रकम अग्रिम रूपमा बुझाउन,

(ग) बोलपत्र वा लिलाममा भाग लिनको लागि सम्बन्धित कार्यालयले तोकिदिएको रकम दाखिला गर्न,

(घ) कुनै काम गर्नु अगावै कुनै रकम अग्रिम धरौटी राख्नु पर्ने भनी शर्त भएमा त्यस्तो शर्त पूरा गर्न,

(ङ) सरकारी कार्यालय वा अदालत वा कुनै निकायले मागेको धरौटी जमानत बुझाउन,

(च) अन्य कुनै कारणबाट धरौटी राख्नु पर्ने भए त्यस्तो रकम बुझाउन।

६४. **धरौटी रकम राजस्वमा दाखिला गर्ने**: जुन प्रयोजनको लागि धरौटी राखिएको हो सो काम पूरा भई प्रचलित कानून बमोजिम वा करारको सर्तनामा बमोजिम धरौटी रकम राजस्व खातामा दाखिला गर्नु पर्ने भएमा सम्बन्धित अधिकारीले प्रचलित कानून वा करारको शर्तनामामा म्याद तोकिएको भए सो म्याद भित्र र म्याद नतोकिएको भए पन्ध्र दिन भित्र निर्णय गरी त्यस्तो धरौटी रकम राजस्व खातामा दाखिला गर्नु पर्नेछ।

६५. **धरौटी जफत गर्ने**: (१) कुनै काम गर्न धरौटी वा जमानत राख्नु पर्ने भई राखिएको धरौटी वा जमानत त्यस्तो काम पूरा नगरेको कारणले प्रचलित कानून बमोजिम वा करारको शर्तनामा बमोजिम जफत गर्नु पर्ने भएमा कार्यालय प्रमुखले निर्णय गरी त्यस्तो धरौटी वा जमानतको रकम जफत गर्नु पर्नेछ।

(२) नियम ६६ बमोजिम धरौटी रकम फिर्ता पाउने व्यक्तिबाट सरकारी बाँकी कुनै रकम असुल उपर गर्नु पर्ने भएमा त्यस्तो रकम निजले फिर्ता पाउने धरौटी रकमबाट कट्टा गरी असुल उपर गर्न सकिनेछ।

(३) उपनियम (१) र (२) बमोजिम जफत वा कट्टा भएको रकम राजस्व खातामा दाखिला गर्नु पर्नेछ।

(४) उपनियम (१) र (२) बमोजिम जफत वा कट्टा गरिएको जानकारी धरौटी राख्ने सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ।

६६. **धरौटी रकम फिर्ता**: (१) कुनै कार्यालयमा बुझाएको धरौटी नियम ६४ बमोजिम राजस्व दाखिला नहुने वा नियम ६५ बमोजिम जफत वा कट्टा पनि नहुने भएमा त्यस्तो धरौटी रकम सम्बन्धित व्यक्तिले फिर्ता पाउनेछ।

(२) उपनियम (१) बमोजिम धरौटी रकम फिर्ता पाउने व्यक्तिले धरौटी रकम फिर्ता लिन पाउने म्याद प्रचलित कानूनले तोकेको भएमा सोही अवधिभित्र र म्याद नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम सम्बन्धी कारवाही अन्तिम रूपमा समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम फिर्ता पाउन सम्बन्धित कार्यालयमा नगदी रसिद वा बैंक भौचर साथ निवेदन दिनु पर्नेछ।

तर कार्यालयले नै कट्टी गरी धरौटीमा जम्मा गरेको रकमको हकमा नगदी रसिद वा बैंक भौचर पेश गर्नु पर्ने छैन।

(३) उपनियम (२) बमोजिमको म्यादभित्र धरौटी फिर्ता लिन नआएमा नियम ६७ बमोजिमको कार्यविधि अपनाई कार्यालय प्रमुखले राजस्वमा आम्दानी बाँध्नु पर्नेछ।

६७. **राजस्वमा आम्दानी बाँध्ने कार्यविधि**: (१) यो नियमावली प्रारम्भ हुनु भन्दा अगाडि राखिएका धरौटी मध्ये प्रयोजन बाँकी रहेका बाहेक अन्य धरौटी रकम प्रमाण साथ दावी गर्न आएमा फिर्ता दिने गरी राजस्वमा आम्दानी बाँधिनेछ।प्रयोजन बाँकी रहेका धरौटीको हकमा नियम ६६ बमोजिम हुनेछ।

(२) बैंक खातामा रकम जम्मा भएको तर कार्यालयको धरौटी खातामा लेखाङ्कन भएको नदेखिएको वा कसले के वापत धरौटी राखेको हो भन्ने कुरा पनि स्पष्ट नभई बैंकको खातामा त्यसै रही रहेको वा कार्यालयको धरौटी खाता भन्दा बैंकमा

जम्माजम्मीमा बढी भएको रकम नियम ७२ को उपनियम (२) मा उल्लिखित अवधि पछि राजस्व खातामा जम्मा गर्नु पर्नेछ।

६८. **<u>धरौटी कारोबारको लेखा</u>**: (१) प्रत्येक कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी कारोबारको लेखा अनुसूची-११ बमोजिमको ढाँचामा गोश्वारा धरौटी खाता र अनुसूची-१२ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्नेछ। धरौटी रकमको छुट्टै बैंक नगदी किताब समेत राखी प्रत्येक वर्ष जिम्मेवारी सार्नु पर्नेछ।

(२) प्रत्येक कार्यालयले आफ्नो कार्यालयको धरौटी कारोबारको मास्केबारी महिना भुक्तान भएको मितिले सात दिनभित्र र धरौटीको आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको पैंतीस दिन भित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय र सम्बन्धित मन्त्रालय वा तालुक निकायमा पठाउनु पर्नेछ। सम्बन्धित मन्त्रालय वा तालुक निकायले अन्तर्गत निकायबाट प्राप्त धरौटी विवरणको आधारमा वार्षिक विवरण बनाई महालेखा परीक्षकको कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सम्बन्धित कार्यालयबाट प्राप्त भएको धरौटी विवरणको आधारमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयले चौमासिक तथा वार्षिक रुपमा जिल्लागत धरौटी विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्नेछ । सो आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रादेशिक धरौटी विवरण तयार गर्नुपर्नेछ।

(४) प्रत्येक कार्यालयले धरौटीको लेखा अद्यावधिक राखी एक आर्थिक वर्षमा बाँकी रहेको धरौटी अर्को आर्थिक वर्षमा जिम्मेवारी सार्नु पर्नेछ।

६९. **धरौटी कारोबारको लेखा परीक्षणः** धरौटी कारोबारको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ। आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट तोकिए बमोजिम हुनेछ।

७०. **धरौटी रकम अन्य प्रयोजनको निमित्त खर्च गर्न नहुनेः** (१) धरौटी वापत प्राप्त भएको रकम यस नियमावलीमा लेखिए बाहेक अन्य काममा खर्च गर्न हुँदैन। व्यक्तिगत प्रयोगमा खर्च गरेको देखिएमा वा यस नियमावली बमोजिम निर्धारित समयमा दाखिला नगरेमा सोको बिगो र बिगो बमोजिमको जरिवाना समेत कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखबाट दामासाहीले असुल उपर गर्नु पर्नेछ। यसरी असुल हुन आएको जरिवाना रकम राजस्व खातामा दाखिला गरिनेछ।

(२) प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिदिएको विशेष प्रयोजनको लागि राखिने धरौटीको लागि सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयको स्वीकृति लिएर बेग्लै खाता खोली सोही कार्यालयबाट निर्धारित कार्यविधि पूरा गरी खर्च गर्नु पर्नेछ।

७१. **धरौटी रकमको हिसाब मिलान गर्नेः** (१) बैङ्क धरौटी खाताको बैङ्क स्टेटमेण्ट प्राप्त गरी प्रदेश लेखा नियन्त्रक कार्यालयले कार्यालयहरुको एकमुष्ठ स्रेस्ता बाँकी रकम र स्टेटमेण्टमा भएको बाँकी भएको रकम मासिक रुपमा भिडाई हिसाब मिलान गर्नु पर्नेछ।

(२) धरौटी स्रेस्तामा आम्दानी जनिएको तर स्टेटमेण्टमा मौज्दात कम भएको धरौटी हिसाब सम्बन्धमा सम्बन्धित तालुक निकाय वा मन्त्रालयले कसको लापरवाहीबाट त्यस्तो हुन गएको हो छानबिन गरी त्यस्तो लापरवाही गर्ने व्यक्तिलाई विभागीय कारवाही गरी असुल उपर गर्नु पर्नेछ।

(३) धरौटी स्रेस्तामा आम्दानी नजनिएको तर बैंकमा जम्मा भई स्टेटमेण्टमा देखिएको रकमको सम्बन्धमा सम्बन्धित व्यक्तिबाट रकम दाखिला भएको नब्बे दिन भित्र दाखिला प्रमाण पेश हुन नआएमा त्यस्तो रकम सदर स्याहा गरी राजस्व खातामा दाखिला गर्नु पर्नेछ।

७२. <u>**अस्तित्वमा नरहने कार्यालयको धरौटी खाता**</u>: (१) कुनै आयोजना सम्पन्न हुँदा वा कुनै कार्यालय खारेज हुँदा पनि धरौटी रकम बाँकी रहन गएमा त्यस्ता आयोजना वा कार्यालयको कारोबार बन्द गरी विवरण सहितको धरौटी रकम तालुक निकाय वा तालुक निकायले तोकिदिए बमोजिम सो आयोजना वा कार्यालयको दायित्व र जिम्मेवारी लिने कार्यालयमा बुझाउनु पर्नेछ र सो बुझिलिने कार्यालयले पनि सोको अभिलेख राखी धरौटी फछ्र्यौट सम्बन्धी कारवाही गर्नु पर्नेछ।

(२) यो नियमावली प्रारम्भ हुनुभन्दा पहिले अस्तित्वमा नरहेका वा अन्य कुनै कार्यालयमा दायित्व हस्तान्तरण नभएका कार्यालयको नाममा विभिन्न बैंकमा धरौटी खातामा रहेको धरौटी रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयले प्राप्त भएसम्मका विवरण खुलाई धरौटी फिर्ता दाबी गर्ने सूचना प्रत्येक आर्थिक वर्षमा एक पटक प्रकाशन गर्नेछ।म्यादभित्र फिर्ता दाबी लिन नआएमा राजस्व खातामा दाखिला गर्न सम्बन्धित बैंकलाई आदेश दिन सक्नेछ।

## परिच्छेद-९
## <u>पेश्की दिने र पेश्की फर्छ्यौटसम्बन्धी व्यवस्था</u>

७३. <u>**पेश्की दिने र फर्छ्यौट गर्ने**</u>: (१) यस नियमावली बमोजिम सरकारी वा अन्य कुनै व्यक्तिले सरकारी काम काजको निमित्त

पेश्की लिनु पर्दा कुन कामको निमित्त के कति रकम चाहिने हो त्यसको विवरण पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त विवरणको आधारमा कार्यालय प्रमुखले सम्बन्धित कामको लागि आवश्यक पर्ने रकमभन्दा बढी नहुने गरी पेश्की लिने कर्मचारीको हकमा पद र प्रयोजन तथा अन्य व्यक्तिको हकमा सो व्यक्तिको तीन पुस्ते, स्थायी र अस्थायी ठेगाना प्रष्ट लेखी पेश्की दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम दिइएको पेश्की यस नियमावलीमा तोकिएको म्याद भित्र यसै नियमावलीको कार्यविधि अपनाई फर्छ्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैथरीको कर्तव्य हुनेछ।कार्यालयमा पेश्की रकमको बिल भरपाई सहितको विवरण प्राप्त भएपछि एक्काईस दिनभित्र कार्यालयले फर्छ्यौट गरिसक्नु पर्नेछ।फर्छ्यौट गर्दा बजेटले नपुगेमा प्राप्त बिल भरपाई जाँची भुक्तानी दिनु पर्ने अङ्क ठहऱ्याई पेश्की फर्छ्यौट गरी भुक्तानी दिन बाँकी रकम नियम ४१ को उपनियम ८ को अधीनमा रहीभुक्तानी दिन बाँकी कच्चावारीमा चढाउनु पर्नेछ।

७४. <u>**दैनिक तथा भ्रमण भत्ता पेश्की**</u>: सरकारी कामको सिलसिलामा नेपालभित्र वा विदेश भ्रमण काजमा खटिने सरकारी कर्मचारी र अन्य व्यक्तिलाई भ्रमण खर्च नियमावली बमोजिम पाउने दैनिक तथा भ्रमण भत्ता र अन्य रकम भए सो समेत हिसाब गरी बढी नहुने गरी पेश्की दिनु पर्नेछ र सम्बन्धित कर्मचारी तथा व्यक्तिले पनि भ्रमणबाट आफ्नो कार्यालय वा स्थानमा फर्केको वा भ्रमण कार्य पूरा गरेको मितिले पन्ध्र दिनभित्र फाँटवारी पेश गरी लिएको पेश्की रकम फर्छ्यौट गर्नु पर्नेछ।म्याद भित्र फाँटवारी पेश नगरी म्याद नाघे पछि पेश्की फर्छ्यौट को निमित्त फाँटवारी पेश

हुन आएमा म्याद नाघेको अवधिको निमित्त बाँकी पेश्की रकममा दश प्रतिशत ब्याज समेत लगाई असुल गरिनेछ।

७५. **मालसामान खरिद सम्बन्धी पेश्की**: (१) प्रचलित कानून बमोजिम कार्यालयले नेपालभित्र वा विदेशबाट मालसामान वा सेवाखरिद गर्दा सोझै सम्बन्धित बिक्रेतालाई भुक्तानी दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम मालसामान तथा सेवा खरिद गर्न, कार्यक्रम सञ्चालन गर्न नसकिने भई त्यस्तो मालसामान तथा सेवाखरिद गर्न, कार्यक्रम सञ्चालन गर्न आफ्नो कार्यालयका कर्मचारीलाई पेश्की दिई पठाउनु पर्ने हुन आएमा पेश्की दिनु परेको कारण खोली कार्यालय प्रमुखको स्वीकृतिमा पेश्की दिन सकिनेछ।

(३) उपनियम (२) बमोजिम मालसामान वा सेवाखरिद गर्न, कार्यक्रम सञ्चालन गर्न पेश्की रकम बुझिलिने कर्मचारीले मालसामानवा सेवा खरिद गरी, कार्यक्रम सञ्चालन गरी कार्यालयमा फर्केको बढीमा सात दिनभित्र सो पेश्की रकम फर्छ्यौट गर्न मालसामान तथा प्राप्त सेवा, कार्यक्रम सञ्चालन गरेको समेत बिल भरपाई पेश गर्नु पर्नेछ।

(४) यस नियम बमोजिम कर्मचारीलाई पेश्की दिनु पर्ने हुन आएमा साधारणतया कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखलाई पेश्की दिनु हुँदैन।

७६. **व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई दिइने पेश्की**: (१) कुनै सरकारी कार्यालयले मालसामान खरिद गर्न, सेवा उपलब्ध गर्न वा निर्माणसम्बन्धी कामको लागि कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई पेश्की दिँदा यस नियमावली बमोजिम बैंक ग्यारेण्टी लिनु पर्नेछ।

(२) पेश्की दिनु पर्ने ठेक्काको सम्झौतामा तोकिएको म्याद भित्र काम पूरा नभई पेश्की बाँकी रहन गएमा त्यस्तो पेश्की रकमको म्याद नाघेको मिति देखि वार्षिक दश प्रतिशतका दरले साँवा र ब्याज समेत बुझाउनु पर्ने कुरा सम्झौताको शर्तमा उल्लेख गर्नु पर्नेछ।

(३) सम्झौताको शर्त अनुसार दिइने पेश्की र भ्रमणको निमित्त दिइने पेश्की बाहेक चालू आर्थिक वर्षको अन्त्य सम्ममा नफर्छिने गरी कुनै पेश्की दिनु हुँदैन।विशेष परिस्थितिमा नदिई नहुने भएमा एक तह माथिको पदाधिकारीबाट निर्णय गराई दिन सकिनेछ।

७७. **पेश्की दिन वा धरौटी खातामा जम्मा गर्न नहुने**: आर्थिक वर्षको अन्त्य सम्ममा काम हुन नपाई केवल बजेट खर्च लेखाङ्कन गर्ने उद्देश्यले मात्र कसैलाई पेश्की दिन वा धरौटी खातामा रकम जम्मा गर्नु हुँदैन।

७८. **विभागीय कारवाही गरिने**: (१) सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फर्छ्यौट नगरेमा बाँकी पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक दश प्रतिशतका दरले ब्याज समेत असुल गरिनेछ र अनावश्यक पेश्की लिएको वा फर्छ्यौट गर्न अटेर गरेमा वा म्याद भित्र फाँटवारी नबुझाएमा तलब रोक्का गर्ने र तलब रोक्का गर्दा पनि अटेर गरेमा प्रचलित कानून बमोजिम विभागीय कारवाही गर्न सकिनेछ।सरकारी कर्मचारी बाहेकका अन्य व्यक्तिको हकमा सार्वजनिक सूचना समेत जारी गरी सरकारी बाँकी सरह ब्याजसहित असुल उपर गरिनेछ।

(२) पेश्की लिने व्यक्तिबाट पेश्कीसम्बन्धी आवश्यक विवरण प्राप्त भएपछि वा मालसामान वा सेवा प्राप्त गराउने वा

अन्य सरकारी काम पूरा गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट मालसामान वा सेवा प्राप्त भएपछि वा पूरा गर्नु पर्ने काम पूरा भएपछि यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की बराबरको रकम खर्च लेखी फर्छ्यौट गरिदिनु पर्नेछ। थप भुक्तानी दिनको लागि बजेट अभाव भएको अवस्थामा बजेटले खामेजति रकम भुक्तानी दिने र बाँकी रहन आउने रकमको अभिलेख राख्नु पर्नेछ।

७९. **फर्छ्यौट हुन बाँकी रकमको जिम्मेवारी सार्ने र बरबुझारथ गर्नेः**

(१) सरकारी कामकाजको निमित्त एक आर्थिक वर्षमा गएको पेश्कीको रकम सोही आर्थिक वर्षमा फर्छ्यौट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फर्छ्यौट हुन बाँकी रहेको पेश्की रकमको नाम नामेसी सहितको के के वापत पेश्की गएको हो सो समेत खुलाई जिम्मेवारी अर्को आर्थिक वर्षमा सारी प्रमाणित गर्नु पर्नेछ। यसरी सारिएको पेश्की यस नियमावली बमोजिम फर्छ्यौट गर्नु पर्नेछ।

(२) कार्यालय प्रमुखले सरुवा, बढुवा हुँदा वा अवकाश प्राप्त गर्दा वा अन्य कुनै कारणले अड्डा छोडी जाँदा वा सेवाबाट अलग हुँदा फर्छ्यौट हुन बाँकी रहेको पेश्की रकमको विवरण बरबुझारथ गर्नु पर्नेछ।

८०. **पेश्कीको फाँटवारी पेश गर्नु पर्नेः** (१) जिम्मेवार व्यक्तिले सम्बन्धित तालुक निकाय वा मन्त्रालयमा प्रत्येक आर्थिक वर्षको आषाढ महिनाको स्रेस्ता दाखिला गर्दा सो आर्थिक वर्ष भरिमा गएको र विगतको जिम्मेवारी सरेको पेश्की मध्ये फर्छ्यौट हुन बाँकी रहेको पेश्की र बाँकी मध्ये फर्छ्यौट गर्नुपर्ने म्याद नाघेको र ननाघेको विवरण, नाम नामेसी र सोको कारण समेत खुलाई फाँटवारी पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेश्कीको फाँटवारी प्राप्त भएपछि सम्बन्धित विभागवा मन्त्रालयले पेश्कीको लगत राखी म्यादभित्र पेश्की फर्छ्यौट नगर्ने नगराउने लाई नियम ७८ र ८३ बमोजिम कारवाही गर्नु पर्नेछ।

८१. **म्याद थप गर्न सकिने**: (१) कसैले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फर्छ्यौट गर्न नसक्ने मनासिब कारण खुलाई निवेदन दिएमा कार्यालय प्रमुखले बढीमा एक्काईस दिनसम्मको म्याद थप गर्न सक्नेछ।सो भन्दा बढी थप म्याद दिनु पर्ने भएमा तालुक निकाय वा मन्त्रालयले मात्र म्याद थप्न सक्नेछ।

(२) कुनै कामको ठेक्का स्वीकृत भइसकेपछि निर्धारित शर्त बमोजिम लिएको पेश्की फर्छ्यौटगर्ने म्याद बढाउनु पर्ने विशेष परिस्थिति पर्न आएमा कार्यालयले आफ्नो तालुक निकायबाट सहमति लिनु पर्नेछ र यसरी म्याद थपिँदा जमानतको म्याद नाघ्ने भएमा त्यसको म्याद समेत बढाउन लगाउनु पर्नेछ।

८२. **धरौटी वापतको पेश्की**: (१) सरकारी कार्यालयले टेलिफोन, इन्टरनेट, धारा, बत्ती र यस्तै अन्य सुविधा वापत धरौटी राखेको रकमहरूको विवरण अनुसूची-१३ बमोजिमको ढाँचामा सम्बन्धित कार्यालयले लगत राखी सोको जानकारी तालुक निकाय र प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयमा दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम जानकारी प्राप्त भएपछि प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयले अनुसूची-१४ बमोजिमको ढाँचामा त्यसको लगत राखु पर्नेछ र सो कुराको सूचना सम्बन्धित कार्यालयलाई दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सूचना प्राप्त भएपछि सम्बन्धित कार्यालयले आफ्नो खातामा अभिलेख राखुपर्नेछ।

८३. **<u>पेश्की फछ्र्यौट सम्बन्धमा अनुगमन गर्ने</u>**: (१) यस नियमावली बमोजिम पेश्की फर्छ्यौट भयो वा भएन भन्ने कुरा जानकारी दिन र पेश्की फर्छ्यौट समयमा गराउन पेश्कीको सूची तयार गरी आर्थिक प्रशासन शाखा प्रमुखले कार्यालय प्रमुख समक्ष महीना भुक्तान भएको सात दिनभित्र पेश गर्नु पर्नेछ। कार्यालय प्रमुख, आर्थिक प्रशासन शाखा प्रमुखले सोको समीक्षा गरी फछ्र्यौटको कार्य गर्नु पर्नेछ।

(२) प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको कार्यालयले आन्तरिक लेखा परीक्षण गर्दा पेश्की जिम्मेवारी सारे वा नसारेको, म्याद भित्र पेश्की फछ्र्यौट गरे वा नगरेको समेत हेरी लेखा परीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा तालुक निकायले प्रचलित कानून बमोजिम कारवाही गर्नु पर्नेछ।

## परिच्छेद-१०

## <u>एकीकृत आर्थिक/वित्तीय विवरण र कार्य सम्पादन प्रतिवेदन</u>

८४. **<u>मासिक तथा वार्षिक विवरण तयार गरी पेश गर्ने</u>**: (१) प्रत्येक कार्यालयले महिना भुक्तान भएको सात दिन भित्र खर्चको फाँटवारी, फछ्र्यौट हुन बाँकी पेश्कीको मास्केबारी र बैंक हिसावको विवरण, राजस्वको मास्केबारी, राजस्वको बैंक हिसाबको विवरण, धरौटीको मास्केबारी, धरौटीको बैंक हिसाबको विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयमा र नियम ८६ बमोजिम तालुक निकायमा पठाउनु पर्नेछ।

(२) वैदेशिक सहायता समावेश भएका आयोजना वा कार्यालयहरूले उपनियम (१) बमोजिम विवरण पठाउँदा वस्तुगत

सहायता, सिधै भुक्तानी, टर्नकी बेसिसको सहायता, प्राविधिक र अन्य सहायता र शोधभर्ना हुने रकम, दातृ संस्था, स्रोतको प्रकार र रकम नम्बर समेतको विवरण पठाउनु पर्नेछ।

(३) प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको पैंतीस दिनभित्र उपनियम (२) मा उल्लिखित विवरण समेत समावेश गरी वार्षिक आर्थिक विवरण तयार गरी सो आर्थिक विवरण साथ आर्थिक वर्षको अन्तमा बाँकी रहेको पेश्कीको विवरण, भुक्तानी हुन बाँकीको कच्चावारी संलग्न गरी सम्बन्धित तालुक निकाय र प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयमा पठाउनु पर्नेछ।

८५. **आर्थिक विवरण जाँची पठाउने:** प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयले नियम ८४ को उपनियम (२) र (३) बमोजिम पेश हुन आएको विवरणमा वार्षिक बजेट, रकमान्तर, निकासा, खर्च, बाँकी रकम, बैंक हिसाब र फ्रिज विवरणसमेत भिडाई प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिदिएको समयभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा एक प्रति र मन्त्रालय वाविभाग/निर्देशनालय वा तालुक निकायमा एक प्रति पठाउनु पर्नेछ।

८६. **प्रदेशको एकीकृत लेखा राख्ने दायित्व:** यस नियमावली बमोजिम सम्बन्धित कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयबाट प्राप्त विवरणको आधारमा देहाय बमोजिम एकीकृत लेखा राख्नु पर्नेछः-

(क) विभाग भएकोमा विभागले र विभाग नभएकोमा सम्बन्धित मन्त्रालय वा संविधानमा व्यवस्था भएको निकायहरु तथा निकायले एकीकृत लेखा राख्नु पर्नेछ।

(ख) विभाग भएको मन्त्रालयले प्रत्येक चार महिनामा विभागबाट एकीकृत आर्थिक विवरण लिई तथा

विभाग नभएको मन्त्रालय र संविधानमा व्यवस्था भएका निकायहरु तथा सरकारी निकायहरू आफैले अन्तर्गत कार्यालयको एकीकृत विवरण तयार गर्नु पर्नेछ। विभागले समेत आफू अन्तर्गतका कार्यालयको एकीकृत आर्थिक विवरण तयार गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(ग) चालू आर्थिक वर्षको बजेट कार्यान्वयनको स्थिति मूल्याङ्कनको लागि प्रत्येक मन्त्रालयले तथा निकायहरूले चैत्र महिनामा संशोधित अनुमान तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र मन्त्रालयमा पठाउनु पर्नेछ।

(घ) खण्ड (क) बमोजिम प्रदेशको एकीकृत लेखा राख्दा वार्षिक बजेट, स्रोतान्तर, रकमान्तर, निकासा, खर्च, वस्तुगत सहायता, सिधै भुक्तानी, टर्नकी बेसिसको सहायता, प्राविधिक र अन्य सहायता र शोधभर्ना हुने रकमको दातृ संस्था, स्रोतको प्रकार समेत खुल्ने गरी लेखा राख्नु पर्नेछ र यस्ता विवरणहरू समेत समावेश भएको आर्थिक विवरण तयार गरी कार्तिक मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

(ङ) प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयहरूबाट प्राप्त विवरणहरूको आधारमा विनियोजन, राजस्व, धरौटी र कोष तर्फको निकासा र खर्चको वार्षिक एकिकृत विवरण तयार गर्नु पर्नेछ।

(च) मन्त्रालयले वार्षिक एकीकृत विवरण तयार गर्दा निकासा र खर्च प्रदेश लेखा नियन्त्रक कार्यालयसँग भिडेको प्रमाण सहित नियम ८४ को उपनियम (२) बमोजिमको विवरणसमेत एकीकृत गरी मन्त्रालय अन्तर्गतको एकीकृत वार्षिक आर्थिक विवरण तयार गरी कार्तिक मसान्तभित्र महालेखा परीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ।

(छ) खण्ड (च) बमोजिमको विवरण मन्त्रालयबाट प्राप्त भएपछि प्रदेश लेखा नियन्त्रक कार्यालयले नगद, सोझै भुक्तानी तथा वस्तुगत सहायता वा ऋण समेतको लेखा राखी एकीकृत वार्षिक आर्थिक विवरण तयार गरी मंसिर मसान्तभित्र महालेखा परीक्षकको कार्यालय, महालेखा नियन्त्रक कार्यालय र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

८७. <u>**जिल्लागत विवरण तयार गर्ने**</u>: (१) प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयले जिल्लास्थित कार्यालयहरूलाई दिएको निकासाको आधारमा उपशीर्षकगत वा कार्यालयगत छुट्टिने गरी प्रत्येक मन्त्रालय तथा निकायको संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त रकम, आन्तरिक आय तथा ऋण वा अनुदानप्रदेश सरकारको स्रोत, अनुदानर ऋण सहायता तर्फको निकासाको विवरण तयार गरी महिना भुक्तान भएको सात दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निकासा विवरण पेश गर्दा बजेटमा समावेश भएको तर निकासा दिन नपर्ने नियम ८४ को उपनियम (२) बमोजिमको वस्तुगत सहायता, सिधै भुक्तानी, टर्नकी

बेसिसको सहायता, प्राविधिक र अन्य सहायताको दातृ संस्था र स्रोतको प्रकारसमेत खुल्ने निकासा विवरण समेत संकलन गरी पेश गर्नु पर्नेछ।

(३) नियम ८४ को उपनियम (१) बमोजिम प्राप्त हुन आएको मासिक खर्चको विवरण प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयले आफ्नो अभिलेखसँग भिडाई उपशीर्षकगत वा कार्यालयगत छुट्टिने गरी प्रत्येक मन्त्रालय तथा निकायको निकासा खर्चको विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्नेछ।

(४) नियम ८४ को उपनियम (३) मा उल्लिखित आर्थिक विवरण प्राप्त भएपछि प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयले आफ्नो अभिलेखसँग भिडाई र जाँच्नुपर्ने अन्य कुरा भए जाँची सो आर्थिक विवरणको आधारमा जिल्लास्तरीय वार्षिक आर्थिक विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

(५) कार्यालयहरूबाट प्राप्त हुने राजस्व तथा धरौटीको आर्थिक विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयले जिल्लागत वार्षिक आर्थिक विवरण बनाई प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्नेछ।

८८. **लेखा तथा आर्थिक विवरण पेश गर्नु पर्नेः** यस नियमावली बमोजिम सम्बन्धित निकाय वा कार्यालयमा लेखा तथा आर्थिक विवरण पेश गर्नु र प्रदेश लेखा नियन्त्रक कार्यालय तथा सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयले माग गरे बमोजिम आवधिक लेखा तथा आर्थिक विवरण र वैदेशिक सहायताका विवरण, वस्तुगत सहायता, सिधै भुक्तानी, टर्नकी बेसिसको सहायता, प्राविधिक र अन्य

सहायताको दातृ संस्था र स्रोतको प्रकार समेत खुल्ने निकासा र खर्चको विवरण समेत पेश गर्नु सम्पूर्ण कार्यालय प्रमुखको कर्तव्य हुनेछ।यस नियमावली बमोजिम लेखा तथा आर्थिक विवरण मनासिव माफिकको कारण बेगर पेश गर्नु पर्ने समयमा पेश नगर्ने कार्यालय प्रमुख उपर प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत चलाउन सकिनेछ।

८९. **वार्षिक आर्थिक कारोबार प्रतिवेदनः** (१) प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आफ्नो आर्थिक कारोबार (नगदी, जिन्सी, आय व्यय) को अनुसूची-१५ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको एक्काईस दिनभित्र दुई प्रति सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय र तालुक निकायमा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेश हुन आएको प्रतिवेदन मध्ये एकप्रति सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयले प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

(३) कुनै मन्त्रालयमा र अन्तर्गत विनियोजित रकम राजस्व र धरौटी बाहेकका छुट्टै सरकारी कोषको सञ्चालन भएको भए सो कोषको वार्षिक आय-व्ययको आर्थिक विवरणहरू आर्थिक वर्ष समाप्त भएको पैंतीस दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा र महालेखा परीक्षकको कार्यालयमा पठाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त विवरण उपर जाँचबुझ गर्नु पर्ने भए प्रदेश लेखा नियन्त्रक कार्यालयले आवश्यक जाँचबुझ गरी गराई एकीकृत विवरण महालेखा परीक्षकको कार्यालयमा पठाउनु पर्नेछ।

(५) उपनियम (१) र (३) मा उल्लेख भएको म्यादले नपुग हुने भएमा मन्त्रालय वा विभागीय प्रमुखको सचिव तथा

निकायको प्रशासकीय प्रमुखको स्वीकृतिमा बढीमा पैंतीस दिनसम्म थप हुन सक्नेछ।

९०. **वार्षिक कार्य सम्पादन प्रतिवेदन पेश गर्ने**: (१) प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र देहायका विषयहरू राखी वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार गरी सम्बन्धित विभाग/निर्देशनालय मार्फत सम्बन्धित मन्त्रालय र प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयमा पेश गर्नु पर्नेछ। यसरी प्रतिवेदन पेश गर्दा नियम ८९ बमोजिमको प्रतिवेदनको प्रतिलिपि समेत संलग्न गर्नु पर्नेछः-

(क) बजेट तथा कार्यक्रम बनाई पेश गरेको मिति,

(ख) आर्थिक विवरणहरू सम्बन्धित कार्यालयमा पेश भएको मिति,

(ग) लेखापरीक्षणको निमित्त आर्थिक विवरण पेश भएको मिति र कार्यालय,

(घ) राजस्व, धरौटी विनियोजनको लेखापरीक्षण सम्पन्न रकम,

(ङ) जम्मा बेरुजु रकम,

(च) बेरुजुको पत्र प्राप्त भएको मिति,

(छ) बेरुजुको जवाफ पेश भएको मिति,

(ज) चालू वर्षको बेरुजु फछ्र्यौट गरी सम्परीक्षण भएको रकम,

(झ) साबिक बेरुजु अंक र पछि निस्केको बेरुजु अंक समेत जम्मा कति बेरुजु कायम भयो, त्यसमध्ये कति सम्परीक्षण गराई फछ्र्यौट गराइयो, सो रकम,

(ञ) बेरुजु लगत अद्यावधिक छ वा छैन, अद्यावधिक भए कुन कुन आर्थिक वर्ष बजेट उपशीर्षकको छ, सो कुरा,

(ट) जिन्सी मालसामानको निरीक्षण के कति पटक गरियो सोको मिति,

(ठ) जिन्सी मालसामानको मर्मत सम्भार वा लिलाम बिक्री गरियो वा गरिएन, गरिएको भए त्यसको मिति, नगरिएको भए सोको कारण,

(ड) कार्यालयको खास काम वा कार्यक्रमको लक्ष्य र प्रगति विवरण,

(ढ) तालुक मन्त्रालय, विभाग/निर्देशनालयबाट आर्थिक कारोबारको विषयमा समयमा निकासा पाए वा नपाएको,

(ण) कार्यालय निरीक्षण भएको मिति,

(त) विशेष काम गर्नेलाई पुरस्कार र काम नगर्नेलाई दण्ड सजाय दिएको विवरण,

(थ) दातृ पक्षसँग शोधभर्ना हुने गरी भएको कुल खर्च शोधभर्ना माग गरेको रकम र मिति, शोधभर्ना प्राप्त रकम र मिति, शोधभर्ना माग गर्न बाँकी रकम र सोको कारण।

(२) उपनियम (१) बमोजिमको कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयले आफ्नो विषयसँग सम्बन्धित कुरामा अध्ययन जाँचबुझ गरी त्यसको प्रतिक्रिया वा रायसहित सम्बन्धित कार्यलयको तालुक निकायमा एक महिनाभित्र पठाउनुपर्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम प्रतिवेदन प्राप्त भएपछि सम्बन्धित मन्त्रालयले कार्य सम्पादन मूल्याङ्कन गरी प्रोत्साहन दिनु पर्नेमा प्रोत्साहन पुरस्कार र कार्य सन्तोषजनक नभएमा स्पष्टीकरण माग गरी यथोचित निर्देशन दिनुपर्नेछ।

(४) उपनियम (१) र (२) बमोजिमको म्यादमा काम सम्पन्न हुन नसकेमा बढीमा तीस दिनसम्म नियम ८९ को उपनियम (५) मा उल्लिखित पदाधिकारीबाट म्याद थपको स्वीकृति लिन सकिनेछ।

## परिच्छेद-११

## लेखा, लेखापरीक्षण र बेरुजु फर्छ्यौट सम्बन्धी व्यवस्था

९१. **कारोबारको लेखा राख्नेः** (१) प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नु पर्नेछ। लेखा भिड्ने प्रमाणित कागजातहरू पनि सिलसिलाबद्ध तरिकाले राख्नु पर्नेछ।

(२) वैदेशिक सहायतामा सञ्चालित आयोजनाको हकमा उपनियम (१) बमोजिम स्वीकृत लेखाको अतिरिक्त प्रदेश लेखा नियन्त्रक कार्यालयले तोके बमोजिमको सहायक लेखा समेत राख्नुपर्नेछ। त्यसरी राखिएको सहायक लेखाको आधारमा दातृ पक्षलाई चाहिने विवरण समयमै पेश गर्नु पर्नेछ।

(३) वस्तुगत सहायता, सिधै भुक्तानी, टर्नकी, प्राविधिक सहायताको हिसाब राख्ने र विवरण पेश गर्ने कुरा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तोकिदिए बमोजिम हुनेछ।

(४) प्रदेश लेखा नियन्त्रक कार्यालयले लेखा प्रणाली विषयमा समय समयमा स्वीकृत गरी पठाएको निर्देशिका कार्यालयहरूले पालना गर्नु पर्नेछ।

(५) कार्यालय प्रमुखले कारोबारको लेखा अद्यावधिक भए वा नभएको विषयमा बरोबर जाँच गर्नु पर्नेछ। आफ्नो कार्यालय अन्तर्गत अन्य कार्यालयहरू भए त्यस्तो कार्यालयमा आफै गई वा अन्य कर्मचारी खटाई आन्तरिक जाँच निरीक्षण गर्नु वा गराउनु पर्नेछ।

(६) कार्यालयमा राख्नु पर्ने लेखा ठीक दुरुस्तसँग राखे वा नराखेको, तहबिल मौज्दात ठीक भए वा नभएको सम्बन्धमा प्रदेश लेखा नियन्त्रक कार्यालय प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयले आकस्मिक वा समय समयमा जाँच गर्न सक्नेछ । यसरी जाँच गरेको प्रतिवेदन र लेखा ठीक नराखी जरिवाना गर्न पर्ने भए सो समेत उल्लेख गरी सम्बन्धित कार्यालयको तालुक निकाय प्रमुख समक्ष पठाउनु पर्नेछ। यसरी प्रतिवेदन प्राप्त भएको सात दिन भित्र तालुक निकायले सम्बन्धित कार्यालय प्रमुखलाई आवश्यकता अनुसार निर्देशन दिने वा कारवाही गर्नु पर्नेछ।

(७) यस नियमावली बमोजिम जाँच हुँदा कुनै कैफियत भएमा कार्यालय प्रमुख वा विभागीय वा विभाग/निर्देशनालय प्रमुख, विभागीय प्रमुख नभए तालुक निकायले देहाय बमोजिम कारवाही गरी त्यसको जानकारी महालेखा परीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्नेछः-

(क) नगदी र जिन्सी मालसामानको लगत खडा गर्न छुट भएकोमा तीन दिनभित्र लगत खडा गर्न लगाउने,

(ख) नगदी जिन्सी मालसामानको लगत गोलमाल गरी प्रदेश सरकारलाई हानी नोक्सानी पारेकोमा पन्ध्र दिनभित्र असुल उपर हुन नसकेकोमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह तुरुन्त असुल उपर गर्ने।

९२. **<u>लेखा वा लेखा विवरण दाखिला गर्नेः</u>** (१) लेखा वा लेखा विवरण दाखिला गर्ने सम्बन्धमा यस नियमावलीमा अन्यत्र कुनै व्यवस्था भएकोमा सोही बमोजिम र कुनै व्यवस्था नभएकोमा देहाय बमोजिम लेखा वा लेखा विवरण दाखिला गर्नु पर्नेछः-

(क) दैनिक पठाउनु पर्ने विवरण भोलिपल्ट,

(ख) साप्ताहिक रूपमा पठाउनु पर्ने विवरण सो समय समाप्त भएको तीन दिनभित्र,

(ग) मासिक रूपमा पठाउनु पर्ने विवरण महिना भुक्तान भएको सात दिनभित्र,

(घ) महालेखा परीक्षकको कार्यालय वा मन्त्रालय वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालय वा सम्बन्धित तालुक निकायवा अधिकारीले मागेको विवरण माग गरिएको पत्रमा उल्लेख भएको म्यादभित्र,

(ङ) अन्य निकायबाट विवरण प्राप्त गरी पठाउनु पर्ने प्रतिवेदनमा त्यस्तो विवरण प्राप्त भएको तीन दिनभित्र।

(२) उपनियम (१) मा उल्लेख भए बमोजिमको म्यादभित्र विवरण पठाउन नसकेमा पठाउन नसक्नाको कारण खोली पटके रूपमा पठाउनु पर्ने विवरणका हकमा माग गर्ने निकायको प्रमुखसँग र नियमित रूपमा पठाउनु पर्ने विवरणको

हकमा तालुक निकायका प्रमुख समक्ष म्याद थप माग गरी निकासा भई आए अनुसार गर्नु पर्नेछ।

९३. <u>**लेखा नराख्ने वा प्रतिवेदन पेश नगर्नेलाई कारवाही हुने**</u>: लेखा उत्तरदायी अधिकृतले यस नियमावली बमोजिम राख्नु पर्ने राजस्व विनियोजन धरौटी लगायतको लेखा नराख्ने वा प्रतिवेदन पेश नगर्ने सम्बन्धित कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखलाई लेखा नराखेकोमा लेखा नरहेको रकमको पाँच प्रतिशतसम्म र प्रतिवेदन पेश नगरेकोमा सात दिनको तलब बराबरको रकम जरिवाना गर्नु पर्नेछ।

९४. <u>**आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्था**</u>: (१) प्रत्येक मन्त्रालय, सचिवालय, निकाय तथा अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न कामको प्रकृति अनुसार तयार गरिएको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नु गराउनु लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुनेछ। सम्बन्धित मन्त्रालय, सचिवालय, निकायका लेखा उत्तरदायी अधिकृतसँग समन्वय गरी मन्त्रालयले यो नियमावली जारी भएको मितिले एक वर्षभित्र आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका तयार गरिसक्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा निकायगत कामको प्रकृति अनुरूप आवश्यक कुराहरूको व्यवस्था गर्नु पर्नेछ र त्यसमा नियन्त्रणको वातावरण, जोखिम क्षेत्रको पहिचान, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई समेत समेटिनु पर्नेछ।

(३) उपनियम (१) र (२) बमोजिमको आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन गर्नका लागि सम्बन्धित मन्त्रालय, सचिवालय तथा विभागीय प्रमुखले जिम्मेवार अधिकारी तोकी अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम गरिएको अनुगमनबाट देखिएका त्रुटिलाई सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउने जिम्मेवारी उपनियम (१) मा उल्लिखित निकायको हुनेछ।

(५) तालुक निकायले यस नियमावली बमोजिम मातहतका कार्यालयले तोकिएको कार्यहरू प्रभावकारी रूपमा परिपालना गरे नगरेको, आर्थिक अनुशासन र निर्देशनको पालना गरे नगरेको सुपरिवेक्षण र अनुगमन गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिमको सुपरिवेक्षण र अनुगमन वर्षको कम्तीमा दुई पटक गर्नु पर्नेछ। तालुक निकायले अनुगमन र सुपरिवेक्षणको आधारमा देखिएका कैफियतको सुधारको लागि मातहत कार्यालयलाई निर्देशन दिनु पर्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु मातहतका कार्यालयको कर्तव्य हुनेछ।

९५. **आन्तरिक लेखापरीक्षण सम्बन्धी व्यवस्थाः** (१) कार्यालय प्रमुखले आफ्नो कार्यालयको राजस्व, धरौटी तथा विनियोजन तर्फको आय-व्यय तथा प्रचलित कानूनबमोजिम खडा भएको कार्य सञ्चालन कोष र अन्य सार्वजनिक कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोके वमोजिम गराउनु पर्नेछ।

(२) प्रदेश लेखा नियन्त्रक कार्यालयले उपनियम (१) बमोजिम आन्तरिक लेखापरीक्षण गर्दा कार्यालयमा हुने आम्दानी तथा खर्च र त्यसको लेखाङ्कन प्रचलित कानूनद्वारा निर्धारित प्रक्रिया

अनुरूप भए वा नभएको, वित्तीय साधनको उपयोग मितव्ययी तवरले दक्षतापूर्वक प्रभावकारी रूपमा भए वा नभएको, स्वीकृत वार्षिक कार्यक्रम अनुरूप लक्ष्य प्राप्ति गरे वा नगरेको, वित्तीय प्रतिवेदनले आर्थिक कारोबारको सही र यथार्थ चित्रण प्रस्तुत गरे वा नगरेको र आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी भए वा नभएको जस्ता कुराहरूमा केन्द्रित भई प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तयार गरी लागू गरेको आन्तरिक लेखापरीक्षण निर्देशिका अनुरूपको कार्यविधि अपनाई आन्तरिक लेखा परीक्षण गर्नु पर्नेछ।

(३) कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्नेमा असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्नेछ।

(४) तालुक निकायले समेत आफू मातहत निकायको आन्तरिक लेखापरीक्षण समयमै भए वा नभएको, आन्तरिक लेखापरीक्षणबाट कायम भएका बेरुजुहरू समयमै फछ्र्यौट गरे वा नगरेको अनुगमन गरी समयमै आन्तरिक लेखापरीक्षण बेरुजु फछ्र्यौट नगर्ने जिम्मेवार अधिकारीलाई सेवा सम्बन्धी प्रचलित कानूनबमोजिम विभागीय कारवाही गर्नु पर्नेछ।

(५) कार्यालय प्रमुख आफैले नियमित गर्न सक्नेमा आफैले नियमित गर्ने र आफैले नियमित गर्न नसक्ने रकमहरू तालुक निकायमा समयमै पेश गर्नु पर्नेछ। तालुक निकायले पनि नियमित गर्नु पर्नेमा समयमै नियमित गरी गराई दिनु पर्नेछ। सो बमोजिम नगरेमा त्यसको जवाफदेही तालुक मन्त्रालय वा सम्बन्धित कार्यालय प्रमुख हुनु पर्नेछ।

(६) आन्तरिक लेखापरीक्षणबाट निस्केको बेरुजुको एक प्रति बोधार्थ तालुक निकायमा पनि पठाउनु पर्नेछ। त्यस्तो बेरुजु फछ्यौंट गरे वा नगरेको अनुगमन तालुक निकायले गर्नु पर्नेछ।

९६. **आन्तरिक नियन्त्रण समितिको कार्यविधि**: (१) ऐनको दफा ३१ वमोजिमको आन्तरिक नियन्त्रण समितिको बैठक सामान्यतः महीनाको एक पटक बस्नेछ।

(२) समितिको बैठक बस्नु भन्दा चौबीस घण्टा अगावै अध्यक्षसँगको परामर्शमा सदस्य सचिवले बैठकका कार्यसूची तयार गरी सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ।

(३) आन्तरिक नियन्त्रण समितिको अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

९७. **अन्तिम लेखापरीक्षण गराउने**: कार्यालय प्रमुखले महालेखा परीक्षकको कार्यालयबाट तोकिदिए बमोजिम लेखा र आर्थिक/वित्तीय विवरण पेश गरी अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

९८. **बेरुजु फर्छ्यौट गर्ने गराउने उत्तरदायित्व**: (१) कार्यालय प्रमुख वा जिम्मेवार व्यक्तिले बेरुजु फर्छ्यौट गरे वा नगरेको अनुगमन गरी नगरेको भए प्रचलित कानून बमोजिम फछ्यौंट गर्न लगाउने दायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(२) लेखापरीक्षणबाट कायम भएका बेरुजु प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फर्छ्यौट गर्ने दायित्व जिम्मेवार व्यक्ति वा कार्यालय प्रमुखको हुनेछ।

(३) बेरुजु फर्छ्यौट गर्ने दायित्व भएको जिम्मेवार व्यक्ति वा कार्यालय प्रमुख वा कर्मचारी सरुवा बढुवा वा अवकाश भई कार्यालय छोड्नु पर्दा निजले फछ्यौंट हुन बाँकी रहेको बेरुजु लगत तथा कारोबार सम्बन्धी कारवाहीको सम्पूर्ण विवरण खोली

हालवालालाई बुझाउनु पर्नेछ। हालवालाले पनि फर्छ्यौट हुन बाँकी रहेको बेरुजु लगत तथा कारोबार सम्बन्धी कारवाहीको सम्पूर्ण विवरण बुझिलिई प्राथमिकताका साथ बेरुजु फर्छ्यौट गर्नु गराउनु पर्नेछ।

९९. <u>बेरुजु फछ्र्यौटको कारवाही गरी जवाफ दिनेः</u> (१) आन्तरिक लेखापरीक्षण वा अन्तिम लेखापरीक्षणबाट औंल्याइएका कैफियत प्रतिवेदन र बेरुजुहरूको सम्बन्धमा सम्बन्धित लेखापरीक्षक वा लेखापरीक्षण गर्ने कार्यालयबाट पत्र लेखी आएपछि सो पत्रमा म्याद तोकिएको भए सो म्याद भित्र र नतोकिएकोमा पैंतीस दिन भित्र नियमित गर्नु पर्ने भए नियमित गरी वा आवश्यक प्रमाण पेश गर्नु पर्ने भए सो पेश गरी गराई वा असुल उपर गर्नु पर्ने भए असुल उपर गरी वा जवाफबाट प्रष्ट गर्नु पर्ने भए प्रष्ट जवाफ दिई बेरुजु फछ्र्यौट गर्नु पर्नेछ र त्यसको जवाफ लेखापरीक्षक वा लेखापरीक्षण गर्ने कार्यालयलाई पैंतीस दिनभित्र दिनु पर्नेछ।कारोबार र प्रमाण सम्बन्धमा कुनै कुरा स्पष्ट गर्नु परेमा लेखा परीक्षकले बन्द सवाल गरी जवाफ तत्कालै लिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम बेरुजु फछ्र्यौट गर्न नभ्याएमा बेरुजु पत्र लेख्ने निकायमा कारण सहित म्याद माग्नु पर्नेछ र सो निकायले थप दिएको म्यादभित्र सो कार्य सम्पादन गरी बेरुजु फछ्र्यौट गर्नु पर्नेछ।

(३) उपनियम (१) वा (२) मा उल्लेख भए बमोजिमको कारवाही र जवाफको बोधार्थ तालुक निकायलाई दिनु पर्नेछ।

(४) उपनियम (१) र (२) बमोजिम बेरुजु फछ्र्यौटको कारवाही नगर्ने तथा दिएको जवाफ पनि सन्तोषजनक नभएमा तालुक निकायका प्रमुखले ऐनको दफा ५६ बमोजिम जरिबाना, वा

सेवा सम्बन्धी प्रचलित कानून बमोजिम विभागीय कारवाही वा दुवै कारवाही गर्न सक्नेछ।

(५) महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण हुँदा औंल्याइएका बेरुजुका सम्बन्धमा बेरुजुको सूचना प्राप्त भएको पैंतीस दिनभित्र सम्परीक्षण हुन नसकी बाँकी रहेका बेरुजु लेखा उत्तरदायी अधिकृतले ऐनको दफा ३९ बमोजिमको बेरुजु फछ्र्यौट समितिमा पेश गरी फछ्र्यौटगराई महालेखा परीक्षकको कार्यालयबाट लगत कट्टा गराउनु पर्नेछ।

(६) ऐनको दफा ३९ बमोजिमको बेरुजु फछ्र्यौट समितिबाट फछ्र्यौट गर्ने निर्णय भएको र प्रदेश लेखा नियन्त्रक कार्यालयले असुल फछ्र्यौट भएको बेरुजुको जानकारी महालेखा परीक्षकको कार्यालयलाई दिई लगत फछ्र्यौट गर्नु पर्नेछ।

**१००. <u>बेरुजु नियमित सम्बन्धी व्यवस्थाः</u>** (१) लेखा उत्तरदायी अधिकृतले प्रचलित कानून बमोजिम नियमित गर्न मिल्ने बेरुजु आफैले नियमित गर्नु पर्नेछ।

(२) लेखा उत्तरदायी अधिकृतले आफूले सोझै नियमित गर्न नमिली कुनै कार्यालय वा अधिकारी वा सम्बन्धित व्यक्ति वा कर्मचारी बुझी नियमित गर्न हुने बेरुजु सो बमोजिम बुझी नियमित गर्नु पर्नेछ।

(३) प्रचलित कानूनको रीत पु-याउनुपर्नेमा सो रीतसम्म नपुर्याई अनियमित भएको तर सरकारी हानी नोक्सानी भएको नदेखिएको बेरुजु कार्यालय प्रमुख र विभागीय प्रमुखको सिफारिसमा सम्बन्धित मन्त्रालय, सचिवालय वा निकायका लेखा उत्तरदायी अधिकृतले नियमित गर्न सक्नेछ।यसरी नियमित गर्दा हानी नोक्सानी नभएको कारण यथासम्भव प्रष्ट गर्नु पर्नेछ।

(४) उपनियम (१), (२) र (३) मा उल्लेख गरिएको बाहेक अन्य बेरुजुलाई नियमित गर्न लेखा उत्तरदायी अधिकृतले मनासिब कारण देखेमा र सो नियमित गर्न मिन्हा दिनु पर्ने भएमा नियम १०५ बमोजिम मिन्हा गर्नु पर्नेछ।

**१०१. <u>प्रदेशको बेरुजुको एकीकृत लगत राख्ने</u>:** महालेखा परीक्षकको कार्यालयबाट गरिएको अन्तिम लेखा परीक्षणबाट औंल्याएको बेरुजुको विवरण महालेखा परीक्षकको कार्यालयले सम्बन्धित निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउनेछ। तालुक निकायले आफूअन्तर्गत निकायको बेरुजुको लगत अद्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ र सोको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले बेरुजुको एकीकृत लगत तयार गर्नु पर्नेछ। प्रदेश लेखा नियन्त्रक कार्यालयले हिनामिना, मस्यौट, बढी भुक्तानी बाहेक विषयगत मन्त्रालयका निकायका लेखा उत्तरदायी अधिकृतले फछ्र्यौट गरेको बेरुजु र प्रदेश सार्वजनिक लेखा समिति र अन्तर्गतको बेरुजु फछ्र्यौट समितिको निर्देशन अनुसार फछ्र्यौट गरेको बेरुजुको अद्यावधिक विवरण तयार गरी महालेखा परीक्षकको कार्यालय र तालुक निकायलाई जानकारी दिनुपर्ने छ।

**१०२. <u>बेरुजु फछ्र्यौट मुल्याङ्कन तथा अनुगमन समिति</u>:** (१) कार्यालयले गरेको बेरुजु फछ्र्यौट को अनुगमन गरी बेरुजु फछ्र्यौट सम्बन्धी काम कारवाहीमा प्रभावकारिता ल्याउन बेरुजु फछ्र्यौट मूल्याङ्कन तथा अनुगमन समिति गठन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको समितिमा देहायका अध्यक्ष र सदस्यहरू रहनेछन्:-

(क) प्रमुख सचिव -अध्यक्ष

(ख) सचिव, मुख्यमन्त्री तथा

मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) प्रदेश लेखा नियन्त्रक -सदस्य

(ङ) प्रदेश सरकारले मनोनयन गरेको अर्थ विज्ञ -सदस्य सचिव

(३) उपनियम (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश अन्तर्गतका मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयले गरेको बेरुजु फछ्र्यौट सम्बन्धी काम कारवाहीको लेखाजोखा तथा मूल्याङ्कन गर्ने,

(ख) कायम भएको बेरुजु कम फछ्र्यौट गर्ने वा फछ्र्यौट नगर्ने मन्त्रालय, सचिवालय वा निकायका प्रमुखलाई समितिमा उपस्थित गराई निजसँग छलफल गर्ने,

(ग) कायम भएको बेरुजु फछ्र्यौट नगर्ने वा नगराउने कार्यालय प्रमुख र कर्मचारीलाई मूल्याङ्कनको आधारमा कारवाहीको लागि सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने र यसरी दिइएको निर्देशन माथि कारवाही नगरेको पाइएमा लेखा उत्तरदायी अधिकृत उपर विभागीय कारवाहीको निमित्त प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(घ) सम्बन्धित मन्त्रालय, सचिवालयलाई बेरुजु फर्छ्यौट गर्न आवश्यक निर्देशन दिने र बेरुजु

फर्छ्यौट सम्बन्धी कारवाही शुरु गरे वा नगरेको वा असुल उपर गर्नु पर्ने भनी ठहर्याएको बेरुजु तोकिएको समयभित्र असुल उपर गरे नगरेको वा तहसिल कार्यालयमा पठाए नपठाएको सम्बन्धमा अनुगमन गर्ने,

(ङ) बेरुजु फछ्र्यौट सम्बन्धी काम कारवाहीको सम्बन्धमा प्रत्येक छ महिनामा सम्बन्धित मन्त्रालय, सचिवालय वा विभागको प्रगति विवरण तयार गरी वार्षिक प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मन्त्रिपरिषदमा पेश गर्ने।

(४) उपनियम (१) बमोजिमको समितिको सदस्य सचिवको पारिश्रमिक र सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(५) उपनियम (१) बमोजिम गठित समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछ।

(६) समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

**१०३.** **लेखा उत्तरदायी अधिकृतको कर्तव्यः** यस नियमावली बमोजिम लेखा राख्ने, लेखा दाखिला गर्ने तथा लेखापरीक्षण भए वा नभएको रेखदेख निरीक्षण गर्ने गराउने र महालेखा परीक्षकको वार्षिक प्रतिवेदनको प्रतिक्रिया दिने, प्रदेश सभाको सार्वजनिक लेखा समितिको छलफलमा भाग लिई बेरुजु फछ्र्यौट सम्बन्धी काम कारवाही गर्ने गराउने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ।

१०४. **<u>मिन्हा सम्बन्धी व्यवस्थाः</u>** (१) ऐनको दफा ५२ बमोजिम मिन्हा दिनु परेमा तीनलाख रूपैंयाँसम्म सम्बन्धित मन्त्रालयको सचिवले र सो भन्दा माथिको रकमको हकमा देहाय बमोजिमको समितिको सिफारिसमा पाँचलाख रुपैयाँसम्मको मिन्हा सम्बन्धित मन्त्रालयले र सो भन्दा बढी रकमको मिन्हा प्रदेश सरकार, मन्त्रिपरिषद्ले दिन सक्नेछः-

(क) प्रमुख सचिव -अध्यक्ष

(ख) आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिव -सदस्य

(ग) सम्बन्धित मन्त्रालयको सचिव -सदस्य

(घ) प्रदेश लेखा नियन्त्रक -सदस्य

(ङ) सम्बन्धित मन्त्रालयको आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ।

## परिच्छेद-१२

## <u>कार्यालय र पदाधिकारीहरूको आर्थिक प्रशासन सम्बन्धी काम, कर्तव्य र अधिकार</u>

१०५. **<u>प्रदेश लेखा नियन्त्रक ईकाइ कार्यालयको काम, कर्तव्य र अधिकारः</u>** ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लेख भएको अतिरिक्त प्रदेश लेखा ईकाइ कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो क्षेत्र भित्र रहेको आर्थिक कारोबार गर्ने कार्यालयहरूको लगत तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयको परामर्शमा कार्यालय संकेत नम्बर दिई सोको लगत अद्यावधिक रूपमा राख्ने,

(ख) प्रदेश लेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रूपमा प्रदेश सरकारका सरकारी कार्यालयहरुको आर्थिक कारोबारको रेखदेख निरीक्षण गर्ने, कार्यालयहरूलाई प्रदेश लेखा नियन्त्रक कार्यालयको नीति निर्देशन र प्रचलित कानूनको अधीनमा रही राय सल्लाह दिने,

(ग) कार्यालयबाट विनियोजन, राजस्व र धरौटी रकमको आम्दानी र खर्चको मास्केवारी लिई आफ्नो क्षेत्र स्थित कार्यालयको मास्केबारी तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने,

(घ) प्रचलित कानून वा प्रदेश सरकारको निर्णयबाट जिल्लास्थित सरकारी कार्यालयहरुको राजस्व, विनियोजन, धरौटी, जिन्सी र प्रचलित कानून बमोजिम खडा भएको कार्य सञ्चालन कोषको प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तोके बमोजिम आन्तरिक लेखापरीक्षण गर्ने,

(ङ) यस नियमावली बमोजिम कार्यालयलाई दिएको अख्तियारी र बजेट बाँडफाँड बमोजिम निकासा दिने रकमको कार्यालयगत र गोश्वारा लेखा राख्ने, निकासा दिने र निकासा दिईएको रकमको

विवरण बैंकबाट प्रमाणित गराई प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने,

(च) साल तमाम भएपछि कार्यालयहरूलाई दिएको निकासा रकमको वार्षिक आर्थिक/वित्तीय विवरण बनाई प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित कार्यालयको तालुक विभागमा पठाउने,

(छ) कार्यालयहरूले आर्थिक वर्षको अन्तमा बाँकी रहेको विनियोजन रकम प्रदेश सञ्चित कोषमा दाखिला गरे वा नगरेको जाँच गर्ने र नगरेको भए दाखिला गराउने,

(ज) राजस्व लेखा र दाखिला तथा धरौटी लेखा फछ्र्यौट सम्बन्धमा आवश्यकता अनुसार कार्यालयको निरीक्षण गरी सोको प्रतिवेदन प्रदेश लेखा नियन्त्रक कार्यालयमा र सम्बन्धित कार्यालयको तालुक विभागमा पठाउने र तत्सम्बन्धमा प्राप्त निर्देशन बमोजिम गर्ने,

(झ) विनियोजन लेखा, तहबिल मौज्दात र बेरुजु फछ्र्यौट सम्बन्धमा कार्यालयहरूको निरीक्षण गरी निरीक्षण प्रतिवेदन प्रदेश लेखा नियन्त्रक कार्यालयमा र सम्बन्धित कार्यालयको तालुक निकायमा पठाउने र तत्सम्बन्धमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त निर्देशन बमोजिम गर्ने,

(ञ) कार्यालयहरूको निरीक्षण गर्दा स्रेस्ता दुरुस्त नरहेको वा हिनामिना भएको वा पेश गर्नु पर्ने

प्रतिवेदनहरू नियमित रूपमा पेश नगरेको वा यस नियमावली बमोजिम गर्नु पर्ने अन्य काम नगरेको पाइएमा कार्यालयको निकासा रोक्का तथा बैंक खाता रोक्का गरी तालुक निकायमा जानकारी दिने,

(ट) मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयले समय समयमा तोकी दिएका अन्य कार्यहरू गर्ने।

१०६. **<u>कार्यालयको काम, कर्तव्य र अधिकारः</u>** ऐन र यस नियमावलीमा अन्यत्र उल्लेख भएको काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यालयको आर्थिक प्रशासन सम्बन्धी काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयसँग विनियोजित रकम माग गरी निकासा भएको रकम आम्दानी बाँधी स्वीकृत बजेट तथा कार्यक्रम र तालुक विभागले दिएको अख्तियारी भित्र रही यस नियमावली बमोजिमको रीत पुर्याई खर्च गर्ने र त्यसको लेखा राख्ने,

(ख) यस नियमावलीमा उल्लेख भए बमोजिमको अवधि भित्र राजस्व, धरौटी र विनियोजनको बैंक हिसाब विवरण भिडाई मास्केवारी र अन्य विवरणहरू सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय, तालुक विभाग र मन्त्रालयमा पठाउने,

(ग) सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयबाट तोके बमोजिम विनियोजन, राजस्व, धरौटी, जिन्सी र प्रचलित कानूनबमोजिम खडा भएको कार्य सञ्चालन कोषको आन्तरिक लेखापरीक्षण गराउने र देखिएको कैफियत अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराई राख्ने,

(घ) यस नियमावली बमोजिम वार्षिक आर्थिक कारोबार प्रतिवेदन र चौमासिक तथा वार्षिक कार्य सम्पादन प्रतिवेदन पेश गर्ने,

(ङ) यस नियमावली बमोजिम सम्पूर्ण आर्थिक कारोबार गर्ने, जिम्मेवारी वहन गर्ने, बेरुजु फर्छ्यौट गर्ने र विवरण पेश गर्ने,

(च) महालेखा परीक्षकको कार्यालयबाट औंल्याइएका बेरुजुको सोही कार्यालयबाट तोकिएको ढाँचामा लगत खडा गरी राख्ने र फछर्यौट को अभिलेख अद्यावधिक गरी राख्ने।

**१०७. <u>कार्यालय प्रमुखको काम, कर्तव्य र अधिकार</u>ः** (१) ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लेख भएको अतिरिक्त कार्यालय प्रमुखको आर्थिक प्रशासन सम्बन्धी काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यालय प्रमुखको हाल साबिक भएमा यस नियमावली बमोजिम बरबुझारथ गर्ने,

(ख) सरुवा बढुवा वा अन्य कारणले जिम्मेवारीबाट अलग भई जाँदा आफ्नो कार्यकालको आय व्ययको लेखा, बेरुजुको लगत, बेरुजु

फछ्र्योटको कारवाहीको स्थिति र कार्यालयको आर्थिक, भौतिक तथा जनशक्तिको वास्तविक स्थितिको विवरण तयार गरी हालवालालाई बुझाउने,

(ग) कार्यालयमा दाखिला हुन आएको सरकारी रकमको लेखा राख्ने, प्रतिवेदनहरू पठाउने र कार्यालयको सम्पूर्ण आर्थिक कारोबारको उत्तरदायित्व वहन गर्ने,

(घ) कार्यालयको नगदी जिन्सीमा हानी नोक्सानी हुन नपाउने गरी नियन्त्रणको व्यवस्था गर्ने,

(ङ) कार्यालयमा आर्थिक अनुशासन कायम गर्ने गराउने,

(च) यस नियमावली तथा आर्थिक प्रशासन सम्बन्धी अन्य प्रचलित कानून पालना गर्ने गराउने,

(छ) लेखापरीक्षणबाट निस्केको बेरुजुको जवाफ समयमै दिई सो बमोजिम फछ्र्योट भयो वा भएन अनुगमन गर्ने र दिएको जवाफ वा प्रमाणबाट फछ्र्योट नभए पुनः पेश गरी फछ्र्योट गराउने।

(२) कार्यालय प्रमुखले आर्थिक कारोबार गर्दा आर्थिक प्रशासन शाखा प्रमुखको राय नलिई वा राय विपरीत निर्णय गरेको खर्चको रकम कलमको जिम्मेवारी वहन गर्नु पर्नेछ। आर्थिक प्रशासन शाखा प्रमुखले राय दिएको रकम कलमको हकमा निजले समेत संयुक्त जिम्मेवारी वहन गर्नु पर्नेछ।

**१०८. सचिवालय र निकायका प्रशासकीय प्रमुख र मन्त्रालयका सचिवको काम, कर्तव्य र अधिकारः** (१) ऐन तथा यस नियमावलीमा अन्यत्र

उल्लेख भएको काम, कर्तव्य र अधिकारको अतिरिक्त सचिवालय तथा निकायको प्रशासकीय प्रमुख तथा मन्त्रालयका सचिवको आर्थिक प्रशासनसम्बन्धी काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बजेट तर्जुमा दिग्दर्शन तथा मन्त्रालयले समय समयमा तोकेअनुसार बजेट र कार्यक्रम तयार गरी सम्बन्धित निकायमा पेश गर्ने,

(ख) मातहत कार्यालयको कुनै रकमको निकासा पूरै वा आंशिक रोक्का राख्नु परेमा तदनुसार रोकी त्यसको सूचना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय र मातहत कार्यालयलाई दिने,

(ग) प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय र मातहतका कार्यालयहरूबाट प्राप्त विवरणका आधारमा प्रदेश भित्रको एकीकृत लेखा राख्ने,

(घ) खण्ड (ग) बमोजिम तयार गरिएको एकीकृत लेखाको आधारमा वैदेशिक ऋण तथा सहायता समेत समावेश गरी एकीकृत आर्थिक/वित्तीय विवरण तयार गर्ने र महालेखा परीक्षकको कार्यालयमा पेश गरी लेखापरीक्षण गराउने। त्यस्तो आर्थिक/वित्तीय विवरण एक प्रति प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने,

(ङ) बजेट शीर्षक, उपशीर्षक अन्तर्गतको राजस्व, विनियोजन खर्च, धरौटी ,जिन्सी तथा अन्य कोष समेतको लेखा परीक्षणबाट कायम भएको बेरुजुको लगत स्वीकृत ढाँचामा राखी फछ्र्यौट

गराउने र त्यसको मासिक र वार्षिक विवरण बेरुजु फछ्र्यौट मूल्याङ्कन र अनुगमन समिति तथा प्रदेश लेखा नियन्त्रक कार्यालयमा समेत पठाउने,

(च) कुनै कार्यालयको निमित्त स्वीकृत बजेट रकममा थप रकमको व्यवस्था गर्नु परेमा वा आफ्नो अधिकार भन्दा बढी रकमको रकमान्तर गर्न परेमा मन्त्रालयबाट निकासा गराई पठाउने,

(छ) मातहतका कार्यालयहरूको सुपरिवेक्षण र अनुगमन गरी गराई आर्थिक अनुशासन र निर्देशनहरू पालना गर्न लगाउने,

(ज) मातहतका कार्यालयहरूले लेखापरीक्षण गराए वा नगराएको र गराएकोमा निस्केको बेरुजुको जवाफ समयमा दिए वा नदिएको, जवाफ वा प्रमाण पेश गरेकोमा फर्छ्यौट भए वा नभएको जानकारी राख्ने र रेखदेख, निरीक्षण, अनुगमन गरी फर्छ्यौट नभएकोमा गर्न लगाउने,

(झ) कार्य सञ्चालन कोष अन्तर्गत खडा भएका कोष तथा अन्य सरकारी कोषको हिसाब महालेखा परीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने,

(ञ) प्रचलित कानूनले तोकेको अन्य कार्य गर्ने।

(२) लेखा उत्तरदायी अधिकृतको उत्तरदायित्वमा सचिवालय तथा निकाय र मन्त्रालयका आर्थिक प्रशासन शाखा प्रमुखको देहाय बमोजिमको काम कर्तव्य हुनेछः-

(क) यस नियमावली बमोजिम सचिवालय तथा निकाय र मन्त्रालयको प्रतिनिधिको रूपमा मातहत कार्यालयका वित्तीय आन्तरिक नियन्त्रण प्रणालीको सुपरीवेक्षण, अनुगमन गरी कम्तीमा वर्षको दुईपटक प्रतिवेदन पेश गर्ने,

(ख) मातहत कार्यालयहरूमा अनुगमन गर्दा स्रेस्ता दुरुस्त नभएको वा हिनामिना भएको वा पेश गर्न पर्ने प्रतिवेदनहरू नियमित रूपमा पेश नगरेको वा यस नियमावली बमोजिम गर्नु पर्ने अन्य तोकिएको काम कर्तव्य पालना नगरेको पाइएमा यस नियमावली बमोजिमको व्यवस्था पालना गर्न निर्देशन दिई सो व्यहोरा खोली लेखा उत्तरदायी अधिकृतलाई प्रतिवेदन दिने र सोको जानकारी प्रदेश लेखा नियन्त्रक कार्यालयलाई समेत दिने। आवश्यक देखिएमा प्रदेश लेखा नियन्त्रक कार्यालयसँग समन्वय गरी निकासा तथा बैंक खाता समेत रोक्का राख्ने,

(ग) मातहत कार्यालयहरूमा कार्यरत आर्थिक प्रशासन शाखाका प्रमुखले यस नियम बमोजिम कार्य गरेको वा नगरेको अनुगमन गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा कम्तीमा वर्षको एक पटक प्रतिवेदन दिने।

(३) विभागीय प्रमुखको उत्तरदायित्व रहने गरी विभाग/निर्देशनालय वा विभाग/निर्देशनालय नभएका महाशाखामा कार्यरत आर्थिक प्रशासन शाखाका प्रमुखले समेत उपनियम (२) मा उल्लिखित काम कर्तव्य पूरा वा पालना गर्नु पर्नेछ।

१०९. **प्रदेश लेखा नियन्त्रक कार्यालयको काम, कर्तव्य र अधिकारः** ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लेख भएको काम, कर्तव्य र अधिकारको अतिरिक्त प्रदेश लेखा नियन्त्रकको कार्यालयको आर्थिक प्रशासन सम्बन्धी काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) लेखाको ढाँचा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत गराई प्रयोगमा ल्याउने,

(ख) संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँड बाट प्राप्त रकम, आन्तरिक आय तथा ऋण तथा अनुदान,विनियोजन, राजस्व र धरौटीको एकीकृत लेखा, सहायता, अनुदान, ऋण र व्याज तथा लाभांशको लेखा राख्ने, एकीकृत आर्थिक विवरण बनाउने, लेखापरीक्षणको लागि पेश गर्ने,

(ग) विनियोजन राजस्व र धरौटी लेखाहरूबाट एकीकृत आय व्यय लेखा तयार गरी महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउने,

(घ) प्रदेश सञ्चित कोष, आकस्मिक कोष र अन्य सरकारी कोषको हिसाब राख्ने र राख्न लगाउने,

(ङ) प्रदेश सरकारबाट लगानी गरिएका रकम र प्रदेश सरकारलाई प्राप्त भएको ऋणको लेखा राख्ने,

(च) विनियोजन, राजस्व, धरौटी, अन्य सरकारी कोष र जिन्सी तथा मौज्दातको परिचालन एवं आर्थिक नियमको परिपालन सम्बन्धमा

आवश्यकतानुसार कार्यालयको निरीक्षण गरी आवश्यक निर्देशन दिने,

(छ) यस नियमावलीको कार्यान्वयन गर्दा आर्थिक प्रशासन सम्बन्धमा उठेका विवादहरूमा राय दिई समाधान गर्ने,

(ज) महालेखा परीक्षक कार्यालयको स्वीकृति लिई राजस्व, विनियोजन, धरौटी, ऋण लगानी लगायत सार्वजनिक कोषको कारोबारलाई व्यवस्थित गर्न नगद वा प्रोदभावी (एक्रुअल) मा आधारित लेखा ढाँचा र खाता सूची बनाई लागू गर्ने,

(झ) आर्थिक प्रशासनमा काम गर्ने प्रत्येक पदको काम कर्तव्यबारे प्रदेश लेखा नियन्त्रक कार्यालयले छुट्टै कार्य विवरण तयार गरी लागू गर्न सक्नेछ,

(ञ) सार्वजनिक वित्तीय व्यवस्थालाई आधुनिकरण र व्यवस्थित गर्न र प्रभावकारिता वृद्धि गर्न आवश्यकता अनुसार व्यवस्थापन सूचना प्रणाली लागू गर्ने,

(ट) यस नियमावलीको कार्यान्वयनको सम्बन्धमा प्रदेश सरकारले तोकिदिएको अन्य काम गर्ने,

(ठ) आर्थिक प्रशासन सम्बन्धमा आवश्यकता अनुसार महालेखा नियन्त्रक कार्यालयसँगको समन्वयमा कार्य गर्ने।

११०. **आर्थिक मामिला तथा योजना मन्त्रालयको काम, कर्तव्य र अधिकारः** ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लेख भएको काम, कर्तव्य र अधिकारको अतिरिक्त आर्थिक मामिला तथा योजना

मन्त्रालयको आर्थिक प्रशासन सम्बन्धी काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कुनै कार्यालयको कुनै रकमको निकासा पूरै वा आंशिक रूपले रोक्नु परेमा तदनुसार निकासा रोकी प्रदेश लेखा नियन्त्रक कार्यालय, सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय, सम्बन्धित निकाय र मन्त्रालयलाई सूचना गर्ने,

(ख) कुनै कार्यालयको निमित्त स्वीकृत बजेट बमोजिमको रकममा नपुग रकमको व्यवस्था गर्न वा रकमान्तर गर्न परेमा सालबसाली विनियोजन ऐनको परिधिभित्र रही निकासा दिने र त्यसको बोधार्थ महालेखा परीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिने।

**१११. <u>आर्थिक प्रशासन शाखा प्रमुखको काम, कर्तव्य र अधिकार</u>ः**

(१) कार्यालय प्रमुखको उत्तरदायित्वमा आर्थिक प्रशासन शाखा प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्य सञ्चालन तथा प्रशासनिक खर्च तर्फको बजेट तर्जुमा गर्ने र कार्यक्रम तर्फको बजेटको हकमा योजना र कार्यक्रम हेर्ने सम्बन्धित शाखा वा महाशाखालाई सहयोग गर्ने,

(ख) आर्थिक कारोबारसँग सम्बन्धित काम र जिम्मेवारी वहन गरी यस नियमावली बमोजिम निकासा माग गर्ने व्यवस्था मिलाउने,

(ग) निकासा भएको रकमको खर्चको हिसाब किताब रीतपूर्वक राख्ने, खर्चका फाँटवारी तथा आर्थिक विवरण तयार गर्ने। त्यस्ता फाँटवारी एवं आर्थिक विवरण कार्यालय प्रमुखबाट स्वीकृत गराई समयमै सम्बन्धित निकायमा पठाउने र लेखा परीक्षण गराउने,

(घ) लेखापरीक्षणबाट कायम हुन आएको बेरुजुको लगत राख्ने र बेरुजु फछ्र्यौट गर्ने प्रमाण जुटाई पेश गर्ने गराउने । नियमित गर्नु पर्ने विषयहरू नियमित गर्न गराउन पेश गर्ने,

(ङ) आफू सरुवा वा बढुवा भई जाँदा आफ्नो जिम्माको सम्पूर्ण स्रेस्ता, नगद र बैंक मौज्दात, बेरुजु लगत र अभिलेखहरू हालवाला वा निजलाई बुझाउने गरी मातहत कर्मचारीलाई बरबुझारथ गर्ने,

(च) आफ्नो रायअनुसार निर्णय भएको रकम कलमको हकमा जिम्मेवारी बहन गर्ने,

(छ) कार्यालय प्रमुखले सुम्पेको आर्थिक कारोबारसम्बन्धी काम गर्ने र आर्थिक कारोबारमा कार्यालय प्रमुखलाई राय दिने।

(२) उपनियम (१) बमोजिमका कार्यहरू आर्थिक प्रशासन महाशाखा वा शाखा प्रमुखले आफ्नो मातहतका अधिकृत वा अन्य सहायक कर्मचारीलाई कामको बाँडफाँड गरी जिम्मेवारी सुम्पन सक्नेछ।

(३) आर्थिक प्रशासन शाखा प्रमुखले आर्थिक कारोबार गर्दा प्रचलित कानून बमोजिम रीत पुगे वा नपुगेको जाँची रीत

पुगेकोमा भुक्तानीको निमित्त पेश गर्ने, रीत नपुगेको वा आफ्नो राय नलिई रीत नपुगेको कुनै कलम सदर भई भुक्तानीको निमित्त प्राप्त हुन आएमा रीत नपुगेको व्यहोरा लिखित रूपमा स्पष्ट खुलाई कार्यालय प्रमुख समक्ष पेश गरी कार्यालय प्रमुखको लिखित आदेश अनुसार गर्नु पर्नेछ।

(४) नियम ३६ को उपनियम (३) बमोजिम खर्च गर्न कार्यालय प्रमुखले आदेश दिएमा आर्थिक प्रशासन शाखा प्रमुखले सोही बमोजिम खर्च गरी त्यस्तो काम भएको सात दिनभित्र त्यस्तो खर्च भएको रकम नियमित गर्न कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ । त्यसरी पेश हुन आएका खर्च नियमित गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ।

## परिच्छेद-१३
## विविध

**११२. आर्थिक कार्यविधि सम्बन्धी आन्तरिक निर्देशिका बनाउन सकिने:** आफ्नो मन्त्रालय अन्तर्गत सञ्चालित आयोजना वा कार्यसँग सम्बन्धित आर्थिक कारोबारलाई सुव्यवस्थित ढङ्गबाट सञ्चालन गर्न सम्बन्धित मन्त्रालय, सचिवालय र संविधानमा व्यवस्था भएका निकायले यो नियमावलीको अधीनमा रही मन्त्रालयको सहमति लिई आर्थिक कार्यविधि सम्बन्धी आन्तरिक निर्देशिका बनाई लागू गर्न सक्नेछ।

**११३. अधिकार प्रत्यायोजनः** (१) यस नियमावली बमोजिम व्यवस्था भएका मिन्हा दिने, योजना स्वीकृत गर्ने, लागत अनुमान संशोधन गर्ने, कबुलियतनामा संशोधन गर्ने अधिकार प्रत्यायोजन गर्न सकिने छैन।

(२) उपनियम (१) मा उल्लिखित अधिकारहरू बाहेक यस नियमावली बमोजिम व्यवस्था भएका अरू अधिकारहरू सो अधिकार प्रयोग गर्ने अधिकार प्राप्त अधिकारीले आफ्नो उत्तरदायित्वमा सम्बन्धित अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ। तर, आर्थिक प्रशासन शाखा प्रमुखको राय लिई निर्णय गर्नु पर्ने विषयको अधिकार प्रत्यायोजन गर्दा आर्थिक प्रशासन शाखा प्रमुख भन्दा माथिल्लो तहको कर्मचारीलाई गर्नु पर्नेछ।

(३) उपनियम (१) को प्रतिकूल नहुने गरी सम्बन्धित सचिवले आफ्नो उत्तरदायित्वमा खाता सञ्चालन लगायत आर्थिक प्रशासन सम्बन्धी अधिकार आर्थिक प्रशासन शाखा प्रमुखलाई प्रत्यायोजन गर्न सक्नेछ । आर्थिक प्रशासन शाखा प्रमुखले आफ्नो उत्तरदायित्वमा आफू अन्तर्गतका कर्मचारीलाई खाता सञ्चालन लगायत लेखा सम्बन्धी कार्यको बाँडफाँड गर्न सक्नेछ।

(४) उपनियम (१) बमोजिम अधिकार प्रत्यायोजन गर्ने अधिकारीले आफूले प्रत्यायोजन गरेको अधिकारका सम्बन्धमा सम्बन्धित अधिकारीबाट बारम्बार आवश्यक जानकारी लिई राख्नु पर्नेछ।

**११४. लेखापरीक्षण गराएर मात्र रमाना दिनेः** (१) आर्थिक कारोबार गर्ने कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखको सरुवा हुँदा निजहरूको पालाको आन्तरिक लेखापरीक्षण गराई भएको जवाफ वा प्रमाण पेश गर्न लगाई हालवालालाई वा हालवालालाई बुझाउने गरी मातहत कर्मचारीलाई बुझाई बरबुझारथ भएपछि मात्र रमाना लिनु दिनु पर्नेछ। बुझ्नेले पनि सो बमोजिम बुझिलिई अन्तिम लेखापरीक्षणको जवाफदेहीता लिनु पर्नेछ।यस्तो अवस्थामा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोके बमोजिमको कार्यालयले पनि आन्तरिक लेखापरीक्षण तत्काल गरिदिनु

पर्नेछ। बरबुझारथ गर्नु पर्ने व्यक्तिले स्रेस्ता तयार गरी आन्तरिक लेखापरीक्षणको लागि सात दिनभित्र पेश गर्नु पर्नेछ। आन्तरिक लेखापरीक्षणबाट निस्केको बेरुजुको जवाफ पनि सात दिनभित्र दिई बरबुझारथ सम्पन्न गरी निजामती सेवा सम्बन्धी प्रचलित कानूनले तोकेको समयभित्र रमाना लिई सक्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम आन्तरिक लेखापरीक्षण नगराई रमाना दिन नसकिने अवस्था भएमा सम्बन्धित मन्त्रालयको सचिवको स्वीकृति लिएर मात्र रमाना दिनु पर्नेछ। स्रेस्ता पेश नगर्ने, आन्तरिक लेखापरीक्षण नगर्ने नगराउने र जवाफ दिन आलटाल गर्ने उपर विभागीय कारवाही गर्नु पर्नेछ।

**११५. <u>सल्लाहकार समिति गठन गर्न सकिने</u>:** कुनै आयोजना वा कार्यालय वा विभागलाई निर्माण सुधार सम्बन्धी काममा गम्भीर प्राविधिक, आर्थिक र सामाजिक समस्या सृजना भई आयोजना कार्यान्वयनमा बाधा पर्ने स्थिति उत्पन्न भएमा व्यहोरा खोली सम्बन्धित सचिवसमक्ष पेश गर्नु पर्नेछ। सम्बन्धित सचिवले आफ्नो र आवश्यकता भए अन्य मन्त्रालयका विज्ञ कर्मचारी समेत समावेश भएको सल्लाहकार समिति गठन गरी सो समितिको सिफारिस अनुसार आवश्यक निर्देशन दिनु पर्नेछ।

**११६. <u>अधिकारमा हस्तक्षेप गर्न नहुने</u>:** (१) यस नियमावली बमोजिम कुनै अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्राप्त गरेका अधिकारीको अधिकारमा तालुक निकाय वा पदाधिकारीले हस्तक्षेप गर्न पाइने छैन। अधिकारको दुरूपयोग भएको भन्ने तालुक निकायलाई लागेमा तत्सम्बन्धी छानबिन गर्न तत्काल कर्मचारी खटाउने वा सम्पूर्ण व्यहोरा खुलाई तत्सम्बन्धी छानबिन गर्ने निकायमा अनुरोध गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको व्यवस्थाले तालुक निकायको सुपरिवेक्षण, अनुगमन गर्ने, निर्देशन दिने अधिकारलाई सीमित गरेको मानिने छैन।

**११७.** **<u>नगद मौज्दात राख्न सकिने</u>:** (१) कार्यालयले दैनिक रूपमा गर्नु पर्ने सानातिना खर्चको लागि प्रदेश स्तरका कार्यालयहरूले पच्चीस हजार रुपैयाँसम्म र अन्य कार्यालयहरूले पन्ध्र हजार रुपैयाँसम्म कुनै कर्मचारीको नाममा पेश्की जनाई नगद मौज्दात राख्न सक्नेछ। यसबाट खर्च भएको रकमको विल भरपाई पेश गरी शोधभर्ना लिनु पर्नेछ। प्रत्येक वर्षको आषाढ २५ गतेभित्र बाँकी रहेको नगद मौज्दात बैंक दाखिला गर्नु पर्नेछ।

(२) उपनियम (१) मा उल्लेख भए बमोजिमको मौज्दातबाट काम नचल्ने भएमा प्रदेश लेखा नियन्त्रक कार्यालयको स्वीकृति लिई नगद मौज्दात राख्ने हद बढाउन सकिनेछ।

**११८.** **<u>चेकको भुक्तानी अवधि</u>:** प्रदेश सञ्चित कोषबाट भुक्तानीको निमित्त खिचिएको चेकको भुक्तानी अवधि तीस दिनको हुनेछ।

**११९.** **<u>बैठक भत्ता</u>:** यस नियमावली बमोजिम गठन भएका समितिहरूको बैठक कार्यालय समयभित्र हुन नसकी कार्यालय समय अघि वा पछि गर्नु परेमा त्यस्तो बैठकमा उपस्थित हुने सदस्यलाई मन्त्रालयले तोके बमोजिम बैठक भत्ता दिइनेछ।

**१२०.** **<u>निर्देशिका बनाउन सक्ने</u>:** यस नियमावलीमा व्यवस्था भएका विषयलाई कार्यान्वयन गर्न आवश्यकता अनुसार मन्त्रालयले निर्देशिका बनाई लागू गर्न सक्नेछ।

**१२१.** **<u>विद्युतीय प्रविधिको प्रयोग</u>:** (१) प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको प्रणाली बमोजिम आर्थिक कारोवारको लेखांकन गर्ने र प्रतिवेदन तयार गर्ने कार्य हुनेछ।

(२) त्यस्तो प्रणालीको कार्यान्वयन कार्यविधि सम्बन्धमा तयार भएको प्रयोगकर्ता पुस्तिका प्रदेश लेखा नियन्त्रक कार्यालयको सिफारिसमा मन्त्रालयबाट स्वीकृत गराई लागू गर्नु पर्नेछ।

१२२. **आर्थिक दायित्व पर्ने विषयमा मन्त्रालयको सहमति लिनु पर्नेः** यस नियमावलीमा उल्लेख भएकोमा बाहेक कुनैपनि कार्यालयले थप आर्थिक दायित्व पर्ने निर्णय गर्दा मन्त्रालयको पूर्व सहमति लिनुपर्नेछ।

१२३. **अनुसूचीमा हेरफेर वा थपघटः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ।

१२४. **यसै नियमावली बमोजिम हुनेः** यस नियमावलीमा उल्लेख गरिएका विषयमा यसै नियमावली बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

अनुसूची-१

(नियम १९ को उपनियम (१) सँग सम्बन्धित)

**मध्यकालीन खर्च संरचना**

**मन्त्रालय/निकायः**

**क्षेत्र (सेक्टर):**

१. पृष्ठभूमि

२. सोच (भिजन)

३. ध्येय (मिसन)

४. लक्ष्य (गोल)

५. उद्देश्य (अब्जेक्टिब्स)

६. मध्यमकालीन नीति/रणनीति

७. मध्यमकालीन समष्टिगत आर्थिक खाका

८. मध्यमकालीन रणनीति अन्तर्गतका कार्यक्रम/आयोजनाको विवरण

८.१ कार्यक्रम/आयोजनाको उद्देश्य, खर्च आवश्यताको पुष्टयाईं तथा कार्यान्वयन गर्ने निकाय

| कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | | लागत तथा पुष्टयाईं | | कार्यान्वयन गर्ने निकाय (विभाग/निर्देशनालय/कार्यालय) |
|---|---|---|---|---|---|---|
| | | सुरु आ.व. | समाप्ति आ.व | लागत (हजार) | पुष्टयाईं | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

८.२ प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, गरिबी, लैंगिक र जलवायु संकेत

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | रणनीतिक स्तम्भ | प्राथमिक ताक्रम | दीगो विकास लक्ष्य सङ्केत | गरिबी न्यूनीकरण सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

९. कार्यक्रम/आयोजनाको विगतको उपलब्धि

९.१ गत आ.व. ....... सम्मको उपलब्धि

९.२ कार्यक्रम/आयोजनाको लक्षित प्रतिफल सूचक र उपलब्धि

| कार्यक्रम/आयोजना | प्रतिफल सूचक | एकाई | (अघिल्लो आ.व. ..)* | | (चालु आ.व. ..)* | |
|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि | लक्ष्य | अनुमानित उपलब्धि |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | | | | | |
| | | | | | | |

**<u>स्पष्टीकरणः</u>** आ.व. २०७५।७६ को बजेट निर्माण गर्ने हो भने अघिल्लो आ.व. भन्नाले आ.व. २०७३।७४ र चालु आ.व. भन्नाले २०७४।७५ लाई जनाउँछ।

९.३ बजेटः विनियोजन र उपलब्धी

(ने.रु. हजारमा)

| क्र. सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | (अघिल्लो आ.व. ..)* | | (चालु आ.व. ..)* | |
|---|---|---|---|---|---|---|
| | | | विनियोजन | यथार्थ खर्च | विनियोजन | संशोधित अनुमान |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१०. प्रति इकाइ लागत अनुमान

| क्र. सं. | विवरण | एकाई | प्रति एकाई लागत | कैफियत |
|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ |
| | | | | |
| | | | | |

११. मध्यम कालीन खर्च अनुमान

११.१ मध्यम कालीन खर्च अनुमानको विनियोजन तथा स्रोत प्रक्षेपण (तीन आ.व.को)

(ने.रु. हजारमा)

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | आ.व. प्रथमको विनियोजन र स्रोत | | | | | | | आ.व. द्वितीयको विनियोजन र स्रोत | | | | | | | आ.व. तृतीयको विनियोजन र स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |

**स्पष्टीकरणः** आर्थिक वर्ष प्रथम, द्वितीय र तृतीय भन्नाले बजेट तर्जुमा गरिने आ.व.देखि क्रमशः तीन आ.व.लाई जनाउँछ ।

११.२ कार्यान्वयन गर्ने एकाईहरूका कार्यक्रम/आयोजनाको मध्यमकालीन खर्च अनुमान

(ने.रु. हजारमा)

| कार्यान्वयन गर्ने एकाई | कार्यक्रम/आयोजना | गत आ.व. ...... को वास्तविक खर्च | चालु आ.व. ... को | | मध्यमकालीन खर्च अनुमान (आगामी तीन आ.व.) | | |
|---|---|---|---|---|---|---|---|
| | | | बजेट | संशोधित खर्च अनुमान | आ.व. पहिलो | आ.व. दोस्रो | आ.व. तेस्रो |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| | | | | | | | |
| | | | | | | | |

१२. क्षेत्रगत नतिजा सूचक र लक्ष्य

१२.१ क्षेत्रगत नतिजा सूचक

| सूचक | एकाई | गत आ.व. ... सम्मको वास्तविक उपलब्धि | चालु आ.व. ..... को संशोधित उपलब्धि | मध्यकालीन लक्ष्य (तीन आ.व.) | | |
|---|---|---|---|---|---|---|
| | | | | आ.व. पहिलो | आ.व. दोस्रो | आ.व. तेस्रो |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | | | | | |
| | | | | | | |

१२.२ कार्यक्रम/आयोजनाको प्रतिफल सूचक र मध्यमकालीन लक्ष्य

| कार्यक्रम/आयोजना | प्रतिफल सूचक | एकाई | मध्यकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | आ.व. पहिलो | आ.व. दोस्रो | आ.व. तेस्रो |
| १ | २ | ३ | ४ | ५ | ६ |
| | | | | | |
| | | | | | |

१३. समस्या तथा चुनौतीहरू

१४. निष्कर्ष तथा आगामी कार्य दिशा

# अनुसूची-२

(नियम २१ को उपनियम (१) सँग सम्बन्धित)

## वार्षिक कार्यक्रम

१. आ.व.
२. बजेट उपशीर्षक नं.
३. मन्त्रालय
४. विभाग/निर्देशनालय/संस्था
५. कार्यक्रम आयोजनाको नाम
६. स्थान (क) जिल्ला
(ख) गा.पा./न.पा./वडा नं.
७. आयोजना सुरु भएको मिति
८. आयोजना पूरा हुने मिति
९. आयोजना/कार्यालय प्रमुखको नाम

१०. वार्षिक बजेट रु.
(क) आन्तरिक (१) नेपाल सरकार
(२) प्रदेश सरकार
(३) संस्था
(४) जनसहभागिता
(ख) वैदेशिक (१) ऋण
(२) अनुदान
(ग) दातृ संस्था

११. आयोजनाको कूल लागतः सुरुको संशोधित
(क) आन्तरिक (१) नेपाल सरकार
(२)प्रदेश सरकार
(३) संस्था
(४) जनसहभागिता
(ख) वैदेशिक (१) ऋण
(२) अनुदान

१२. गत आ.व. सम्मका खर्च रु. (सोझै भुक्तानी र वस्तुगत समेत)
(क) आन्तरिक (१) नेपाल सरकार
(२)प्रदेश सरकार
(३) संस्था
(४) जनसहभागिता
(ख) वैदेशिक (१) ऋण
(२) अनुदान

(रु. हजारमा)

| क.सं. | कार्यक्रम/ क्रियाकलाप | एकाई | आयोजनाको कुल क्रियाकलापको | | | सम्पूर्ण कार्य मध्ये गत आ.व. सम्मको | | वार्षिक लक्ष्य | | | प्रथम चौमासिक | | | दोस्रो चौमासिक | | | तेस्रो चौमासिक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | लागत | भार | सम्पन्न परिमाण | भारित प्रगति | सूचक | भार | बजेट | सूचक | भार | बजेट | सूचक | भार | बजेट | सूचक | भार | बजेट | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | |
| | | | | | | | | | | | | | | | | | | | | |
| (क) | जम्मा | | | | | | | | | | | | | | | | | | | |
| (ख) | प्रशासनिक खर्च | | | | | | | | | | | | | | | | | | | |
| (ग) | कुल जम्मा | | | | | | | | | | | | | | | | | | | |

आयोजना/कार्यालय प्रमुख     विभागीय/संस्था प्रमुख     प्रमाणित गर्ने

मितिः     मितिः     मितिः

**<u>फाराम भर्ने निर्देशिकाः</u>**

विकास आयोजनाहरूको प्रत्येक आर्थिक वर्ष गरिने वार्षिक कार्यक्रम यस फारामको ढाँचामा तयार गर्नुपर्दछ र स्वीकृत गर्ने निकायबाट स्वीकृत भएको हुनुपर्दछ। फाराम भर्ने तरिका यस प्रकार छः-

| | |
|---|---|
| महल नं. १ क्रमसंख्याः | आयोजनाको सम्पूर्ण कार्यहरूको क्रम संख्या लेख्ने। |
| महल नं. २ कार्यक्रम/क्रियाकलापहरूः | आयोजनाको निर्धारित उद्देश्य हासिल गर्न गरिने भौतिक कार्यहरू र त्यस अन्तर्गतका क्रियाकलापहरू नाप्न सकिने इकाईहरूमा विभाजन गरी उल्लेख गर्नु पर्दछ। |
| महल नं. ३ एकाईः | महल नं. २ मा उल्लिखित क्रियाकलापको परिमाण, संख्या आदि जनाउने जस्तैः गोटा, घनमिटर, किलोमिटर, जना, प्रतिशत आदि उल्लेख गर्ने। |

**आयोजनाको कुल क्रियाकलाप अन्तर्गत तीन महलहरू छन्:**

| | |
|---|---|
| महल नं. ४ परिमाणः | सम्पूर्ण आयोजना, अवधिभरमा सम्पन्न गर्नु पर्ने प्रत्येक क्रियाकलाप महल नं. २ मा उल्लिखित क्रियाकलापको कुल भौतिक परिमाण र संख्या आदि उल्लेख गर्ने। |
| महल नं. ५ लागतः | महल नं. २ मा उल्लिखित क्रियाकलाप पूरा गर्न एप्राइजल अनुसार लाग्ने रकम उल्लेख गर्ने। |
| महल नं. ६ भारः | प्रत्येक क्रियाकलापको भार निर्धारण गर्दा सम्बन्धित क्रियाकलापहरूको महल नं. ५ मा छुट्याइएको लागतलाई १०० ले गुणन गरी सोही महलको हरफको जम्मा रकमले भाग गरी आउने अंशलाई लेख्ने। |

**सम्पूर्ण कार्य मध्ये गत आ.व. सम्मको कोलम अन्तर्गत दुई महलहरू छन्:**

| | |
|---|---|
| महल नं. ७ सम्पन्न परिमाणः | आयोजना शुरु भए देखियो कार्यक्रम कार्यान्वयन गरिने वर्ष भन्दा अघिल्लो वर्ष (गत आ.व.) सम्म सम्पन्न गरी सकेको |

सम्बन्धित क्रियाकलापहरूको परिमाण, संख्या आदि उल्लेख गर्ने।

महल नं. ८ भारित प्रगतिः गत आ.व. सम्म सम्पन्न भईसकेका सम्बन्धित क्रियाकलापहरूको प्रगति आयोजना अवधिभरका लागि निर्धारित भारको आधारमा प्रतिशत उल्लेख गर्ने। भारित प्रगति निकाल्दा त्यस अवधिसम्मको प्रगति र कुल क्रियाकलापको अनुपातलाई त्यस क्रियाकलापको निर्धारित भारले गुणन गर्नु पर्दछ। उदाहरणको लागि कालो पत्रे सडक निर्माणको कुल क्रियाकलाप (१००%) मध्ये गत आ.व. सम्मको प्रगति ५० प्रतिशत भयो र कालो पत्रे सडकको भार ६०% छ भने गत आ.व. सम्मको भारित प्रगतिः

$\frac{\text{प्रगति} \times \text{भार}}{\text{लक्ष्य}}$ =(५०×६०/१००= ३० प्रतिशत हुन्छ।)

**वार्षिक लक्ष्य अन्तरगत तीन महलहरू छन्:**

महल नं. ९ सूचकः महल नं. २ मा उल्लिखित क्रियाकलापको स्वीकृत वार्षिक कार्यक्रम अनुसारका सूचक (संख्या, परिमाण आदि) उल्लेख गर्ने।

महल नं. १० भारः प्रत्येक क्रियाकलापको भार निर्धारण गर्दा सम्बन्धित क्रियाकलापको महल नं. ११ मा छुट्याइएको बजेटलाई १०० ले गुणन गरी सोहि महलको हरफ (क) को जम्मा रकमले भाग गरी आउने अंशलाई राख्ने। उदाहरणको लागि सिंचाई आयोजनाको कुल बजेट रु. ५५ लाख छ र सो बजेट मध्ये हेडवर्क्स निर्माणको लागि रु. ३० लाख, नहर निर्माणको लागि रु. १० लाख, पाईप कल्भर्टको लागि रु. १० लाख र प्रशासनिक खर्च रु. ५ लाख छ भने यी

क्रियाकलापहरूको भार क्रमशः यस प्रकार निकाल्नुपर्दछः

कुल बजेट रु. ५५ लाख मध्ये प्रशासनिक खर्च रु. ५ लाख भएकोले प्रशासनिक खर्च कटाई बाँकी हुन आउने आयोजनाको कुल रकम रु.५० लाख भयो।

अतः

हेडवर्क्स निर्माणको भारः $\frac{३० \times १००}{५०} = ६०$

नहर निर्माणको भारः $\frac{१० \times १००}{५०} = २०$

पाईप कल्भर्टको भारः $\frac{१० \times १००}{५०} = २०$

प्रशासनिक खर्चको भार हुँदैन र कुलभार १०० हुनुपर्दछ।

महल नं. ११ बजेटः स्वीकृत वार्षिक कार्यक्रम अनुसारका प्रत्येक कार्यक्रम वा क्रियाकलापहरू पूरा गर्न छुट्याइएको रकम लेख्ने।

**<u>चौमासिक विभाजनहरूः-</u>**

प्रथम चौमासिकसम्मको लक्ष्य महलमा भर्नुपर्दा वार्षिक लक्ष्यलाई मध्य नजर राखी प्रथम, द्वितीय र तृतीय चौमासिक अवधिमा विभाजन गर्नुपर्दछ। सूचकमा उल्लेख भएको परिमाणलाई कार्ययोजना बनाई कुन चौमासिक अवधिमा के कति परिमाण सम्पन्न गर्न सकिने हो सो को आधारमा विभाजन गरी देहाय बमोजिम राख्नुपर्दछः

महल नं. १२, १५ र १८ सूचकः महल नं. २ मा उल्लिखित क्रियाकलापको महल नं. ९ मा उल्लिखित सूचकलाई तीन चौमासिकमा विभाजन गर्नुपर्दछ। उदाहरणको लागि हेड वर्क्स निर्माण कार्यको वार्षिक सूचक १५० मिटर भए यही १५०

मिटरलाई तीन चौमासिकमा बराबर वा कार्ययोजना अनुसार घटी बढी गरी विभाजन गर्न सकिन्छ।

महल नं. १३, १६ र १९ भारः महल नं.१० मा उल्लिखित वार्षिक भारलाई सूचकको परिमाणको अनुपातमा चौमासिक भार विभाजन गर्नुपर्दछ। उदाहरणको लागि हेडवर्क्स निर्माण कार्यको वार्षिक भार ६० भएकोमा सूचकको चौमासिक विभाजन बराबर भएको अवस्थामा प्रत्येक चौमासिक भारको विभाजन २०, २० हुन्छ। सूचक१५० मिटरको चौमासिक विभाजन क्रमशः ०, ५० र १०० भए चौमासिक भारको विभाजन पनि क्रमशः०, २० र ४० हुन्छ।

महल नं. १४, १७ र २० बजेटः स्वीकृत वार्षिक कार्यक्रम अनुसारका प्रत्येक कार्यक्रम वा क्रियाकलापहरू पूरा गर्न छुट्याइएको वार्षिक रकमलाई महल नं. ९ मा उल्लिखित वार्षिक सूचकको परिमाणको अनुपातमा चौमासिक बजेट विभाजन गर्नुपर्दछ। उदाहरणको लागि हेडवर्क्स निर्माण कार्यको वार्षिक सूचक १५० मिटर र यस क्रियाकलापको कुल बजेट रु. ३० लाख भएकोमा सूचकको चौमासिक विभाजनको अनुपातमा बजेटको चौमासिक बाँडफाँड गर्नुपर्दछ। क्रियाकलापको सूचक प्रत्येक चौमासिकमा बराबर भएको अवस्थामा बजेटको विभाजन रु. १०, १० लाख हुन्छ। सूचक१५०मिटरको चौमासिक विभाजन क्रमशः ०, ५० र १०० भए चौमासिक बजेटको विभाजन पनि क्रमशः रु. ०, १० र २०लाख हुन्छ।

<u>हरफ (रो) तर्फ</u>

हरफ तर्फ सबै कार्यक्रम/क्रियाकलापहरू उल्लेख गरि सकेपछि जोड जम्मा गर्नुपर्दछ।

| | |
|---|---|
| हरफ (क) जम्माः | (१) महल नं. ३, ४, ९, १२, १५, १८ मा उल्लिखित क्रियाकलापहरूको इकाई र सूचकहरूको जम्मा गर्नु नपर्ने,<br>(२) महल नं. ५, ६, ८, १०, ११, १३, १४, १६, १७, १९, २० मा उल्लिखित क्रियाकलापहरूको लागत, भार, बजेट र खर्च रकमहरूको ठाडो जोड गरी हुन आउने रकम लेख्ने, |
| हरफ (ख) प्रशासनिक खर्चः | (१) महल नं. ३, ४, ७, ९, १०, १२, १३, १५, १६ मा भर्नु नपर्ने,<br>(२) महल नं. ५ र ११ मा प्रशासनिक खर्चको लागि छुट्याइएको रकम उल्लेख गर्ने,<br>(३) महल नं. १४, १७ र २० मा महल नं. ११ मा प्रशासनिक खर्चको छुट्याइएको वार्षिक रकमको चौमासिक बाँडफाँड रकम उल्लेख गर्ने, |
| हरफ (ग) कुल जम्माः | (१) हरफ (क) र (ख) मा भएको अंक जोडेर लेख्ने। |

## अनुसूची-३

(नियम २१ को उपनियम (२) र नियम२६ सँग सम्बन्धित)

प्रदेश सरकार

..................................................मन्त्रालय/सचिवालय/कार्यालय

**आ.व. ............... को ................... अवधिसम्मको लक्ष्य प्रगति विवरण**

बजेट उपशीर्षक नं. .......................

(रकम रु. हजारमा)

| क्र. सं. | कार्यक्रम/ क्रियाकलापहरू | इकाई | वार्षिकलक्ष्य | | | यस ............ अवधिसम्मको लक्ष्य | | | यस .......... अवधिसम्मको भौतिक प्रगति | | | यस ............. अवधिसम्मको खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सूचक | भार | बजेट | सूचक | भार | बजेट | सूचक | भार | प्रतिशत | रकमरु. | प्रतिशत | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| (क) | जम्मा | | | | | | | | | | | | | |
| (ख) | प्रशासनिक खर्च | | | | | | | | | | | | | |
| (ग) | कुल जम्मा | | | | | | | | | | | | | |

योजना शाखा प्रमुख | आर्थिक प्रशासन शाखा प्रमुख | कार्यालय प्रमुख

<u>फाराम भर्ने निर्देशिकाः</u>

आयोजनाको निर्धारित अवधिमा गरिएको कामको प्रगति विवरण तयार गर्न यो फाराम प्रयोग गर्नु पर्दछ। आर्थिक वर्षको श्रावण देखि प्रत्येक चौमासिक, अर्ध वार्षिक र वार्षिकलाई प्रतिवेदन अवधि मानिने छ। प्रतिवेदन तयार गर्दा जुन अवधिको लागि तयार गर्न लागिएको हो, सो अवधि, शीर्षक र महलहरूको खालि ठाउँमा उल्लेख गर्नु पर्नेछ। सामान्यतया चौमासिक लक्ष्य विभाजन हुने भएकोले अर्ध वार्षिक प्रतिवेदन पठाउनु पर्दा दोस्रो चौमासिक अवधिको सूचक, भार र बजेटको आधा भाग र प्रथम चौमासिक अवधिको सूचक, भार र बजेट जोडी त्यस अवधिको लक्ष्य निर्धारण गर्नु पर्नेछ। प्रगतिसँग आवद्ध भएका आयोजना वा कार्यालयहरूको तालुक कार्यालय मा र प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयमा यो फाराम बमोजिम प्रगति विवरण पठाउनु पर्दछ।

यो फाराम निम्न अनुसार भर्नुपर्दछः

| | |
|---|---|
| महल नं. १क्रम संख्याः | आयोजनाको सम्पूर्ण कार्यहरूको क्रम संख्या लेख्ने। |
| महलनं. २ कार्यक्रम/ क्रियाकलापहरूः | स्वीकृत वार्षिक कार्यक्रम अनुसारका सबै कार्यक्रम र क्रियाकलापहरू लेख्ने। |
| महल नं. ३ इकाईः | महल नं. २ मा उल्लिखित क्रियाकलापको परिमाण, संख्या आदि जनाउने जस्तैः गोटा, घनमिटर, किलोमिटर, जना, प्रतिशत आदि उल्लेख गर्ने। |

**वार्षिक लक्ष्य अन्तरगत तीन महलहरू छन्ः**

| | |
|---|---|
| महल नं. ४ सूचकः | महल नं. २ मा उल्लिखित क्रियाकलापको स्वीकृत वार्षिक कार्यक्रम अनुसारका सूचक (संख्या, परिमाण आदि) उल्लेख गर्ने |

| | |
|---|---|
| महल नं. ५ भारः | प्रत्येक क्रियाकलापको भार निर्धारण गर्दा सम्बन्धित क्रियाकलापको महल नं. ६ मा छुट्याइएको बजेटलाई सोहि महलको जम्मा रकम प्रशासनिक खर्च कटाई बाँकी हुन आउने आयोजनाको कुल रकम अर्थात महल नं. ६ को जम्मा (क) मा भएको रकमले भाग गरी हुन आउने अंशलाई प्रतिशतमा राख्ने। उदाहरणको लागि सिंचाई आयोजनाको कुल बजेट रु. ५५ लाख छ र सो बजेट मध्ये हेडवर्क्स निर्माणको लागि रु. ३० लाख, नहर निर्माणको लागि रु. १० लाख, पाईप कल्भर्टको लागि रु. १० लाख र प्रशासनिक खर्च रु. ५ लाख छ भने यी क्रियाकलापहरूको भार क्रमशः यस प्रकार निकाल्नुपर्दछः<br>कुल बजेट रु. ५५ लाख मध्ये प्रशासनिकखर्च रु. ५ लाख भएकोले प्रशासनिक खर्च कटाई बाँकी हुन आउने आयोजनाको कुलर कमरु. ५० लाख भयो। अतः<br>अतः<br>हेडवर्क्स निर्माणको भारः $\frac{३०\times१००}{५०} = ६०$<br>नहर निर्माणको भारः $\frac{१०\times१००}{५०} = २०$<br>पाईप कल्भर्टको भारः $\frac{१०\text{x}१००}{५०}$=२० |

| | |
|---|---|
| | प्रशासनिक खर्चको भार हुँदैन र कुलभार १०० हुनुपर्दछ। |
| महल नं. ६ बजेटः | स्वीकृत वार्षिक कार्यक्रम अनुसारका प्रत्येक कार्यक्रम वा क्रियाकलापहरू पूरा गर्न छुट्याइएको रकम लेख्ने। |

**यस ............. अवधिसम्मको लक्ष्य अन्तरगत तीन महलहरू छन्:**

| | |
|---|---|
| | यस ............. अवधिसम्मको लक्ष्य भन्ने महल भर्नु पर्दा चालू आर्थिक वर्षको अघिल्लो ......... अवधिको सूचक, भार, बजेट समेत जोडी हुन आउने सूचक, भार, बजेटको लक्ष्य लेख्नु पर्दछ। तर प्रथम ......... अवधिको लक्ष्य भन्ने महलमा अघिल्लो अवधि हुँदैन। चालु आर्थिक वर्षको अन्तिम अवधिको प्रतिवेदनमा वार्षिक लक्ष्यलाई नै यस ........... अवधिसम्मको लक्ष्यमा उल्लेख गर्नुपर्दछ। |
| महल नं. ७ सूचकः | महल नं. २ मा उल्लिखित क्रियाकलापको स्वीकृत वार्षिक कार्यक्रम अनुसारका सूचक (संख्या, परिमाण आदि) मध्ये यस ........... अवधिसम्मको सूचक भन्ने महलमा उल्लेख गर्ने। |
| महल नं. ८ भारः | यस ............. अवधिसम्मको भार उल्लेख गर्ने। |

| | |
|---|---|
| महल नं. ९ बजेटः | यस ............. अवधिसम्मको बजेट उल्लेख गर्ने। |

**यस .......... अवधिसम्मको भौतिक प्रगति अन्तरगत तीनमहलहरू छन्:**

| | |
|---|---|
| महल नं. १० सूचकः | महल नं. ७ मा उल्लिखित सूचक मध्ये यस .......... अवधिसम्ममा सम्पन्न भएको प्रगति सूचक उल्लेख गर्ने। |
| महल नं. ११ भारः | महल नं. २ मा उल्लिखित प्रत्येक क्रियाकलापको यस ........... अवधिसम्मको भारलाई भौतिक प्रगतिमा उल्लेख गर्दा देहाय बमोजिम हिसाब गरी हुन आउने भार उल्लेख गर्नेः $\frac{\text{प्रगति सूचक} \times \text{भार}}{\text{लक्ष्य सूचक}} =$ $\frac{\text{महल नं.११} \times \text{महल नं.८}}{\text{लक्ष्य सूचक}} = \text{क्रियाकलापको प्रगति भार}$ |
| महल नं. १२ प्रतिशतः | महल नं. २ मा उल्लिखित प्रत्येक क्रियाकलापको यस ....................... अवधिसम्मको भौतिक प्रगतिलाई उल्लेख गर्दा देहाय बमोजिम हिसाब गरी हुन आउने भार उल्लेख गर्नेः $\frac{\text{महलनं. ११} \times \text{१००प्रतिशत}}{\text{महल नं .८}} = \text{क्रियाकलापको भौतिक प्रगति प्रतिशत}$ |

**यस ......... अवधिसम्मको खर्च अन्तरगत दुईमहलहरू छन्:**

| | |
|---|---|
| महल नं. १३ रकम रु.: | महल नं. २ मा उल्लिखित प्रत्येक क्रियाकलापको यस ..................... अवधिसम्मको खर्च उल्लेख गर्नेः |
| महल नं. १४ प्रतिशतः | महल नं. २ मा उल्लिखित प्रत्येक क्रियाकलापको यस .................... |

अवधिसम्मको खर्च प्रतिशतमा उल्लेख गर्दा देहाय बमोजिम हिसाब गरी हुन आउने प्रतिशत उल्लेख गर्नेः

$$\frac{\text{महलनं. १३×१००प्रतिशत}}{\text{महल नं .९}} = \text{क्रियाकलापको खर्च प्रतिशत}$$

महल नं. १५ कैफियतः अन्य कुरा भए खुलाउने।

<u>हरफ तर्फ</u>

हरफ तर्फ सबै कार्यक्रम/क्रियाकलापहरू उल्लेख गरीसके पछि जोड जम्मा गर्नुपर्दछ।

हरफ (क) जम्माः

(१) महल नं. ३, ४, ७, १०, १५ मा उल्लिखित क्रियाकलापहरूको इकाई र सूचकहरूको जम्मा गर्नु नपर्ने,

(२) महल नं. ५, ६, ८, ९, ११, १३ मा उल्लिखित क्रियाकलापहरूको भार, बजेट र खर्च रकमहरूको ठाडो जोड गरी हुन आउने रकम लेख्ने,

(३) महल नं. १२ को प्रतिशत उल्लेख गर्दा देहाय बमोजिम हिसाब गरी हुन आउने प्रतिशत उल्लेख गर्नेः

$$\frac{\text{हरफ(क)जम्माको महल नं.११×१०० प्रतिशत}}{\text{हरफ (क)जम्माको महल नं.८}} = \text{जम्मा भौतिक प्रगति प्रतिशत}$$

हरफ (ख) प्रशासनिक खर्चः

(१) महल नं. ३, ४, ५, ७, ८, १०, ११, १२,१५ मा भर्नु नपर्ने,

(२) महल नं. ६ मा प्रशासनिक खर्चको लागि छुट्याइएको वार्षिक रकम उल्लेख गर्ने,

(३) महल नं. ९ मा प्रशासनिक खर्चको लागि छुट्याइएको यस ......... अवधिसम्मको रकम उल्लेख गर्ने,

(४) महल नं. १३ मा प्रशासनिक खर्चको लागि छुट्याइएको रकममध्ये यस ......... अवधिसम्मको खर्च उल्लेख गर्ने,

(५) महल नं. १४ मा प्रतिशत उल्लेख गर्दा देहाय बमोजिम हिसाब गरी हुन आउने प्रतिशत उल्लेख गर्नेः

हरफ (ग) कुल जम्माः

(१) महल नं. ३, ४, ७, १०, १५ मा भर्नु नपर्ने,

(२) महल नं. ५, ८, ११, १२ मा हरफ (क) जम्मामा भएको अंकलाई लेख्ने,

(३) महल नं. ६, ९, १३ मा हरफ (क) र (ख) मा भएको अंक जोडेर लेख्ने,

(४) महल नं. १४ मा हरफ (ग) महल नं. १३लाई (हरफग) महल नं. ९ ले भाग गरी १०० ले गुणन गर्दा आउने प्रतिशत लेख्ने।

अनुसूची-४

(नियम २३ को उपनियम (१) सँग सम्बन्धित)

**<u>आयोजना स्वीकृतिको आधार र तरिका</u>**

१. <u>आयोजना स्वीकृतिको आधारः</u>

अधिकार प्राप्त अधिकारीले निम्न सूचना एवं जानकारीको आधारमा मात्र आयोजना वा कार्यक्रम स्वीकृत गर्नुपर्नेछ।

१.१ आयोजनाको रूपरेखा

१.१.१ आयोजनाकोउद्देश्य

१.१.२ आयोजनाको क्षेत्र

१.१.३ आयोजनाको कार्यान्वयन अवधि

१.२ आयोजनाको कुल लागत अनुमान रु.

१.२.१ विकास तथा निर्माण लागत

१.२.२ सञ्चालन लागत

१.२.३ अन्य (अनुदान दिनुपर्ने भए सो खुलाउने)

१.३ लागत व्यहोरिने स्रोत

१.३.१ नेपाल सरकार

१.३.२ प्रदेश सरकार

१.३.३ स्थानीय तह

१.३.४ बाह्य सहयोग

क) ऋणः

ख) अनुदानः

१.४ आयोजनाबाट प्राप्त हुने प्रतिफल

१.४.१ उत्पादन वृद्धिमा पुग्ने सहयोग वा योगदान

१.४.२ रोजगारीमा हुने वृद्धि

१.४.३ आयोजनाको आन्तरिक प्रतिफल

१.४.४ अन्य आर्थिक सामाजिक प्रतिफल

क) आर्थिकः

ख) सामाजिकः

१.५ आयोजनाको आर्थिक विश्लेषण

१.५.१ लागत लाभको अनुमानित अनुपात

१.५.२ लागत प्रभावकारिताको अनुमान

१.६ आयोजना कार्यान्वयन र खर्च तालिका

| वर्ष | प्रमुख कार्य र परिमाण | | | लागत अनुमान | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रमुख कार्य | इकाई | परिमाण | विकास निर्माण | सञ्चालन | अन्य | जम्मा |
| | | | | | | | |

१.७ आयोजना कार्यान्वयन गर्न आवश्यक पर्ने जनशक्ति र प्रमुख निर्माण सामग्री

१.७.१ आवश्यक पर्ने जनशक्ति

| वर्ष | संख्या |
|---|---|
| | |

`

१.७.२ निर्माण सामग्री

| वर्ष | निर्माण सामग्री विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| | | | |

१.८ आयोजना सञ्चालन प्रस्ताव

आयोजना चरणको कार्य सम्पन्न भइसकेपछि सञ्चालन अवस्थामा कसरी त्यसको सञ्चालन गरिने हो, सञ्चालन खर्च कति लाग्न सक्दछ र कति आय आर्जन गर्न सकिन्छ वा उपभोक्तालाई हस्तान्तरण कहिले गर्ने सो खुलाउनु पर्दछ।

१.८.१ सञ्चालन प्रबन्ध

१.८.२ खर्च अनुमानः- कम्तीमा तीन वर्षको लागि

१.८.३ उपभोक्तालाई हस्तान्तरण गरिने योजना भए प्रदेश सरकार वा स्थानीय तहको सहयोग आवश्यक पर्ने वा नपर्नेः

१.८.४ कम्तीमा तीन वर्षको सम्भावित आय आर्जन

२. <u>आयोजनाको स्वीकृत दिने प्रक्रिया र अधिकारीः</u>

(१) प्रस्तावित आयोजना राष्ट्रिय विकासको उद्देश्य, क्षेत्रगत(Sectoral) कार्यनीति अनुकुल छ छैन एवं स्वीकृत आवधिक योजनामा समावेश भएको हो होइन भन्ने सम्बन्धमा मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयको परामर्श लिनु पर्नेछ।

(२) आयोजनाको कामको लागि प्रस्ताव गरिएको खर्चका आधारहरू प्रचलित मूल्य, लाभ, लागत खर्चको आधारमा मनासिब छ भनी आयोजना प्रमुख वा प्रतिवेदन प्रस्तुत गर्ने प्रमुखले सिफारिश गरेको हुनु पर्नेछ।

(३) आर्थिक मामिला तथा योजना मन्त्रालयको परामर्शलाई ध्यानमा राखी सम्बन्धित मन्त्रालयले निम्न बमोजिम आयोजनाको स्वीकृति एवं कार्यान्वयन गर्नेछ।

(क) स्वीकृत आवधिक योजनामा समावेश भएको एवं त्यसमा उल्लेख भए बमोजिम नै प्रस्तावित आयोजनाको लाभ एवं खर्च हुने देखिएको र आर्थिक मामिला तथा योजना मन्त्रालयको पनि अनुकुल राय भएकोमा सम्बन्धित मन्त्रालयले स्वीकृति दिने।

(ख) आवधिक योजनामा समावेश नभएको वा सो योजनामा छुट्याइएको भन्दा बढी आर्थिक दायित्व पर्ने गरी आयोजना कार्यान्वयन गर्नुपर्ने भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको राय लिनुपर्नेछ।

(ग) आर्थिक मामिला तथा योजना मन्त्रालयको राय अनुकुल नभएमा सो रायहरू उल्लेख गरी सम्बन्धित मन्त्रालयले प्रदेश सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्नुपर्नेछ।सो सम्बन्धमा भएको निर्णयानुसार हुनेछ।

(४) आयोजना प्रस्ताव पेश गर्दा सो आयोजना सम्पन्न भएपछि सो आयोजना सुचारु एवं दिगो रुपमा सञ्चालन गर्ने आयोजना सञ्चालन

योजना प्रस्ताव (Project Operation Plan) पनि आयोजना प्रतिवेदन प्रस्तुत गर्ने प्रमुखले सिफारिश साथ पेश गरेको हुनु पर्नेछ।

(५) माथि उल्लिखित आधारहरूको अतिरिक्त आयोजना/कार्यालयलाई अनुशासनशील एवं सुदृढ गराउने प्रयोजनका लागि आवश्यक प्रक्रियाहरू प्रदेश सरकारले समय समयमा स्पष्ट गरिदिन सक्नेछ।

अनुसूची-५

(नियम २९ को उपनियम (१) सँग सम्बन्धित)

**ऋण/अनुदान (सोध भर्ना हुने) रकम प्रयोगको प्रतिवेदन फाराम**

आ.व. ........ को ........... चौमासिकसम्मको अवस्था

योजनाको नाम र ठेगानाः

उपशीर्षक नं.:

संयोजक वा सोधभर्ना माग गर्ने अधिकारीको नाम र सम्पर्क टेलिफोन नं.:

दातृ संस्थाः

ऋण अनुदान नं.:

ऋण अनुदान सुरु हुने मितिः

ऋण अनुदान बन्द हुने मितिः

यस आ.व. को स्वीकृत बजेट (शोधभर्ना हुने गरी)

| क्याटोगोरी नं. | क्याटोगोरीको नाम | ........... मुद्रामा | | | | विनिमयदर | नेपाली रुपैयाँमा | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सम्झौतामा व्यवस्था भएको कुल रकम | गत आ.व. सम्मको प्राप्त रकम | यस आ.व. मा प्राप्त रकम | बाँकी | | बाँकी | दरखास्तपत्र पेश भएकोमा प्राप्त हुनबाँकी रकम | खर्च भएको तर दरखास्तपत्र पेशगर्न बाँकी रकम | बाँकी/ऋण अनुदान रकम | यस आ.व.को बाँकी अवधिमा खर्च हुने अनुमानित रकम | |
| १ | २ | ३ | ४ | ५ | ६=३-(४+५) | ७ | ८=६x७ | ९ | १० | ११=८-(९+१०) | १२ | १३ |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

आर्थिक प्रशासन शाखा प्रमुखः

मितिः

कार्यालय प्रमुखः

मितिः

**दृष्टव्यः**

(१) यो फाराम नियम ३८ बमोजिम सोधभर्ना माग गर्ने पदाधिकारीले तयार गर्नु पर्दछ।

(२) यो प्रतिवेदन फाराम चौमासिक अवधि समाप्त भएको पन्ध्रदिन भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र तालुक निकाय/मन्त्रालयमा पेश गर्नु पर्नेछ।

अनुसूची-६

(नियम २९ को उपनियम (१) सँग सम्बन्धित)

## ऋण/अनुदान (अग्रिम नगद सहायता) रकम प्रयोगको प्रतिवेदन फाराम

आ.व. ......... को ........... चौमासिकसम्मको अवस्था

संयोजक वा शोधभर्ना माग गर्ने अधिकारीको नाम र सम्पर्क टेलिफोन नं.:

दातृ संस्थाः

ऋण अनुदान संकेत नं.:

योजनाको नाम र ठेगानाः

ऋण अनुदान सुरु हुने मितिः

ऋण अनुदान बन्द हुने मितिः

| बजेट उपशीर्षक नं. | कार्यक्रमको नाम | सम्झौतामा व्यवस्था भएको कुल रकम ...... मुद्रामा | गत आ.व. सम्मको प्राप्त रकम | | यस आ.व. सम्मको प्राप्त रकम | | बाँकी | | नेपाली रुपैयाँमा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ........ मुद्रामा | नेपाली मुद्रामा | ........ मुद्रामा | नेपाली मुद्रामा | ........ मुद्रामा | नेपाली मुद्रामा | गत आ.व. सम्मको खर्च रकम | यस आ.व. को वार्षिक बजेट | यस आ.व. मा भएको निकासा आदेश | बाँकी | यस आ.व.को बाँकी अवधिमा खर्च हुने अनुमानित रकम |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८=३-(४+६) | ९ | १० | ११ | १२ | १३=(५+७)-(१०+१२) | १४ |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

आर्थिक प्रशासन शाखा प्रमुखः

मितिः

कार्यालय/योजना प्रमुखः

मितिः

**द्रष्टव्यः**

(१) महल नं. ३, ४, ६ र ८ मा सम्झौतामा भएको व्यवस्था अनुरुपको मुद्रामा लेख्नुपर्दछ।

(२) महल नं. ९ मा महल नं. ८ लाई ऋण/अनुदानको प्राप्त गरेको दिनको विनिमयदरले गुणन गरी हुने रकम लेख्नुपर्दछ।

(३) महल नं. ५ र ७ मा प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्राप्त रकम लेख्नुपर्दछ।

(४) महल नं. १२ प्रदेश लेखा नियन्त्रक कार्यालयबाट भएको निकासा आदेश रकम लेख्नुपर्दछ।

(५) यो फाराम नियम ३८ बमोजिम सोध भर्ना माग गर्ने पदाधिकारीले तयार गर्नुपर्दछ।

(६) यो प्रतिवेदन चौमासिक अवधि समाप्त भएको पन्ध्र दिन भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र तालुक निकाय/मन्त्रालयमा पेश गर्नु पर्दछ।

अनुसूची-७

(नियम २९ को उपनियम (१) सँग सम्बन्धित)

**अनुदान (सोझै भुक्तानी) रकम प्रयोगको प्रतिवेदन फाराम**

आ.व. ........ को ........... चौमासिकसम्मको अवस्था

योजनाको नाम र ठेगानाः

उपशीर्षक नं.:

संयोजक वा सोध भर्ना माग गर्ने अधिकारीको नाम र सम्पर्क टेलिफोन नं.:

दातृसंस्थाः

अनुदान संकेत नं.:

अनुदान शुरुहुने मितिः

अनुदान बन्द हुने मितिः

| बजेट उपशीर्षक नं. | कार्यक्रमको नाम | ........... मुद्रामा | | | नेपाली रुपैयाँमा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सम्झौतामा व्यवस्था भएको कुल रकम | गत आ. व. सम्मको प्राप्त सोझै भुक्तानी रकम | यस आ.व. मा प्राप्त सोझै भुक्तानी रकम | गत आ.व. सम्म प्राप्त सोझै भुक्तानी रकम | यस आ.व. को सोझै भुक्तानी हुने वार्षिक बजेट | यस आ.व. को सोझै भुक्तानी रकम | यस आ.व.को बाँकी अवधिमा प्राप्त हुने अनुमानित सोझै भुक्तानी रकम |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| | | | | | | | | |
| | | | | | | | | |

आर्थिक प्रशासन शाखा प्रमुखः

मितिः

कार्यालय/योजना प्रमुखः

मितिः

**द्रष्टव्यः**

(१) महल नं. ३, ४ र ५ मा सम्झौतामा भएको व्यवस्था अनुरुपको मुद्रामा लेख्नुपर्दछ।

(२) महल नं. ४ मा योजना शुरु भए देखि गत आ.व. सम्मको सोझै भुक्तानी रकम उल्लेख गर्नुपर्दछ र यो व्यहोरा दातृ संस्थाबाट पुष्टि भएको हुनु पर्दछ।

(३) यो फाराम नियम३८ बमोजिम सोधभर्ना माग गर्ने पदाधिकारीले तयार गर्नुपर्दछ।

(४) यो प्रतिवेदन फाराम चौमासिक अवधि समाप्त भएको पन्ध्र दिन भित्र प्रदेश लेखा नियन्त्रक र तालुक निकाय/मन्त्रालयमा पेश गर्नुपर्दछ।

अनुसूची-८

(नियम २९ को उपनियम (१) सँग सम्बन्धित)

**अनुदान (वस्तुगत सहायता) रकम प्रयोगको प्रतिवेदन फाराम**

आ.व. ........ को ........... चौमासिकसम्मको अवस्था

योजनाको नाम र ठेगानाः

उपशीर्षक नं.:

संयोजक वा सोधभर्ना माग गर्ने अधिकारीको नाम र सम्पर्क टेलिफोन नं.:

दातृ संस्थाः

अनुदान संकेत नं.:

अनुदान शुरु हुने मितिः

अनुदान बन्द हुने मितिः

| बजेट उपशीर्षक नं. | कार्यक्रमको नाम | ........... मुद्रामा | | | नेपाली रुपैयाँमा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सम्झौतामा व्यवस्था भएको कुल रकम | गत आ.व. सम्ममा प्राप्त वस्तुगत सहायता रकम | यस आ.व. मा प्राप्त वस्तुगत सहायता रकम | गत आ.व. सम्ममा प्राप्त वस्तुगत सहायता रकम | यस आ.व. मा वस्तुगत सहायताको वार्षिक बजेट | यस आ.व. मा प्राप्त वस्तुगत सहायता रकम | यस आ.व.को बाँकी अवधिमा प्राप्त हुने अनुमानित वस्तुगत सहायता रकम |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| | | | | | | | | |
| | | | | | | | | |

आर्थिक प्रशासन शाखा प्रमुखः

मितिः

कार्यालय/योजना प्रमुखः

मितिः

**द्रष्टव्यः**

(१) महल नं. ३, ४, र ५मा सम्झौतामा भएको व्यवस्था अनुरुपको मुद्रामा लेख्नुपर्दछ।

(२) महल नं. ४ मा योजना शुरु भए देखि गत आ.व. सम्मको प्राप्त वस्तुगत सहायता रकम उल्लेख गर्नुपर्दछ र यो व्यहोरा दातृसंस्थाबाट पुष्टि भएको हुनुपर्दछ।

(३) यो फाराम नियम ३८ बमोजिम सोध भर्ना मागगर्ने पदाधिकारीले तयार गर्नु पर्दछ।

(४) यो प्रतिवेदन फाराम चौमासिक अवधि समाप्त भएको पन्ध्र दिन भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र तालुक निकाय/मन्त्रालयमा पेश गर्नु पर्दछ।

अनुसूची-९

(नियम ३८ को उपनियम (६) सँग सम्बन्धित)

............... मन्त्रालय

**ऋण/अनुदान (सोध भर्ना हुने) रकमको प्रतिवेदन फाराम**

आ.व. ........ को ........... चौमासिकसम्मको अवस्था

| बजेट उपशीर्षक नं. | योजनाको नाम | ऋण र अनुदान संकेत नं. | दातृ संस्था | सम्झौतामा व्यवस्था भएको कुल रकम ...... मुद्रामा | नेपाली रुपैयाँमा | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सोधभर्ना हुने गरी भएको कुल खर्च | हालसम्म सोधभर्ना प्राप्त | दरखास्त पत्र पेश भएको तर प्राप्त हुन बाँकी | दरखास्त पत्र पेश गर्न बाँकी | बाँकी ऋण र अनुदान रकम | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

आर्थिक प्रशासन शाखा प्रमुखः सचिवः

मितिः मितिः

**द्रष्टव्यः**

(१) महल नं. ५ मा सम्झौतामा भएको व्यवस्था अनुरुपको मुद्रामा लेख्नु पर्दछ।

(२) यो प्रतिवेदन फाराम चौमासिक अवधि समाप्त भएको तीस दिन भित्र मन्त्रालयले प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्दछ।

अनुसूची-१०

(नियम ५६ को उपनियम (१) सँग सम्बन्धित)

प्रदेश सरकार

..................................................मन्त्रालय/सचिवालय/कार्यालय

**<u>बरबुझारथ प्रमाण पत्र</u>**

यस मन्त्रालय/सचिवलाय/कार्यालय/आयोजनाका ... ... ... ... ... ... श्री ... ... ... ... ... ... ... ... को जिम्मा रहेको सरकारी नगदी जिन्सी कागजपत्र र अरू सम्पत्ति आफ्ना हालवाला ... ... ... श्री... ... ... ... ... लाई मिति ... ... ... मा बुझाईसक्नु भएको कुरा प्रमाणित गरिन्छ।

| | | |
|---|---|---|
| बुझ्नेको नाम | बुझाउनेको नाम | कार्यालय प्रमुखको नाम |
| सही | सही | सही |
| मिति | मिति | मिति |

अनुसूची-११

(नियम ६८ को उपनियम (१) सँग सम्बन्धित)

प्रदेश सरकार

.......................................मन्त्रालय/सचिवालय/कार्यालय

## गोश्वारा धरौटी खाता

आर्थिक वर्ष...................

| क्र.सं. | मिति | विवरण | संकेत नं. | धरौटी वापत प्राप्त रु. | फछ्र्यौट रु. | | | बाँकी रु. | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | फिर्ता | सदर स्याहा | जम्मा | नगद | बैंक | जम्मा | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

चढाउनेको नाम थरः-

सहीः-

मितिः-

प्रमाणित गर्नेको नाम थरः-

सहीः-

मितिः-

अनुसूची-१२

(नियम ६८ को उपनियम (१) सँग सम्बन्धित)

प्रदेश सरकार

.....................................मन्त्रालय/सचिवालय/कार्यालय

## व्यक्तिगत धरौटी खाता

धरौटी राख्नेको नामः-

ठेगानाः-

आर्थिक वर्ष........... महिना ............

| भौचर नं. | मिति | विवरण | जम्मा डेबिट | खर्च क्रेडिट | बाँकी डे./क्रे | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

चढाउनेको नाम थरः-

सहीः-

मितिः-

प्रमाणित गर्नेको नाम थरः-

सहीः-

मितिः-

अनुसूची-१३

(नियम ८२ को उपनियम (१) सँग सम्बन्धित)

प्रदेश सरकार

....................................मन्त्रालय/सचिवालय/कार्यालय

**<u>टेलिफोन, इन्टरनेट, धारा, बत्ती र यस्तै अन्य सुविधा वापतको धरौटी विवरण</u>**

| सि.नं. | धरौटी सम्बन्धी विवरण | टेलिफोन नं./मिटर नं./अन्य | धरौटी | | | प्रदेश लेखा नियन्त्रक कार्यालयको लगत नं.(प्र.ले.नि.का.ले भर्ने) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | रकम | धरौटी बुझ्ने कार्यालय | बुझेको मिति र रसिदनं. | | |
| | | | | | | | |

लगत राख्न अनुरोध गर्ने
कार्यालय प्रमुखको नाम थरः
सहीः
मितिः

लगत जनाई प्रमाणित गर्ने
प्र.ले.नि.का.को अधिकृतको नाम थरः
सहीः
मितिः

**नोटः**

यो विवरण रकम बुझेको भरपाईको प्रमाणित प्रतिलिपि संलग्न गरी दुई प्रति प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ। प्रदेश ले. नि. का. ले एक प्रति लगतमा जनाई सम्बन्धित कार्यालयलाई फिर्ता गर्नु पर्दछ। विवरण महलमा धरौटी खर्च लेख्दाको गोश्वारा भौचरमा नै मिति र सुविधा पाउने व्यक्ति भए व्यक्तिको नाम पद समेत खुलाउनु पर्नेछ।

अनुसूची-१४
(नियम ८२ को उपनियम (२) सँग सम्बन्धित)
प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय।प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय
... ... ... ... ... ... ... ... ... ... ... जिल्ला

पत्र संख्याः

**विषयः टेलिफोन, धारा, बत्ती, र यस्तै अन्य सुविधा वापतको धरौटी सम्बन्धी वार्षिक विवरण।**

| सि.नं. | कार्यालयको नाम | धरौटी रहेको रकमको विवरण | | | | | कैफियत (धरौटी रकम फिर्ता भई सञ्चित कोष दाखिला भएमा वा मिन्हा भएमा जनाई पठाउने) |
|---|---|---|---|---|---|---|---|
| | | टेलिफोन | धारा | बत्ती | अन्य | जम्मा | |
| | | | | | | | |

पेश गर्नेको नाम थरः
सहीः
मितिः

प्रमाणित गर्नेको नाम थरः
सहीः
मितिः

अनुसूची-१५

(नियम ८९ को उपनियम (१) सँग सम्बन्धित)

प्रदेश सरकार

...............................................मन्त्रालय/सचिवालय/कार्यालय

आर्थिक वर्ष .................. को आर्थिक कारोबारको

**संक्षिप्त वार्षिक प्रतिवेदन**

विवरण रु.

१. लगती राजस्व (दण्ड जरिवाना सहित)

(क) लगत

१) गत सालबाट

२) यो सालको थप

जम्मा : क (१) +क (२)

(ख) असुली र लगत कट्टा

(१) असुली भई लगत कट्टा

(२) लगत कट्टा

जम्माः ख (१) + ख (२)

(ग) लगत बाँकी (क - ख)

(घ) असूली

(१) कुल असुली

(२) राजस्व खातामा दाखिला

(३) दाखिला गर्न बाँकी

जम्माः घ (१)

२. हसवली राजस्व (लगत बाहेकको विविध आम्दानी)

(क) आम्दानी

(ख) राजस्व खातामा दाखिला

(ग) दाखिला गर्न बाँकी

३. कुल राजस्व घ (१) + २ (क)

४. वार्षिक बजेट निकासा खर्च र बाँकी

बजेट उपशीर्षक नं. कार्यक्रम वार्षिक बजेट निकासा खर्च ....... बाँकी

४.१ स्रोत अनुसार

(क) नेपाल सरकार

(ख) प्रदेश सरकार

(ग) वैदेशिक

(अ) ऋण

- सोधभर्ना हुने
- नगद
- सिधै भुक्तानी

(आ) अनुदान

- सोधभर्ना हुने
- नगद
- सिधै भुक्तानी
- वस्तुगत सहायता

जम्माः

४.२ खर्चको वर्गीकरणः

क) उपभोग खर्च तर्फ

ख) पूँजीगत खर्च तर्फ

जम्मा

बाँकी रकम बैंक दाखिला रु.

फछ्र्यौंट हुन बाँकी पेश्की रु.

५. <u>पेश्की</u>

गत विगत आ.व.को

यो आ.व.को

जम्मा

<u>फछ्र्यौंट</u>

फाँटवारीबाट

नगद दाखिलाबाट

जम्मा

बाँकी

म्याद भित्रको

म्याद नाघेको

जम्मा

६. <u>धरौटी</u>

<u>आम्दानी</u>

गत सालबाट सरेको

यो सालको थप

जम्मा

<u>खर्च</u>

फिर्ता खर्च

सदर स्याहा

जम्मा

<u>बाँकी</u>

७. <u>भुक्तानी गर्नु पर्ने दायित्वहरू</u>

गत सालको

यो सालको

जम्मा

भुक्तानी भएको

बाँकी

जम्मा

८. म.ले.प. बेरुजु

गत आ.व.सम्मको

नियमित गर्ने

असुल गर्ने

जम्मा

यो आ.व. सम्मको

नियमित गर्ने

असुल गर्ने

जम्मा

फछ्र्यौट

नियमित/प्रमाण पेश गरी

असुल गरी

जम्मा

बाँकी

नियमित गर्ने

असुल गर्ने

जम्मा

९. जिन्सी (खप्ने मालसामान भवन आदि) जम्मा (रु. मा)

आम्दानी

गत सालबाट सरेको मौज्दात

यो सालमा खरिद भएको

सहयोगबाट प्राप्त भएको

अन्यत्रबाट हस्तान्तरण भई आएको

जम्मा

खर्च

टुटफुट मिन्हा

लिलाम, बिक्री

हस्तान्तरण भई अन्यत्र गएको

जम्मा

बाँकी रकम

(भवन र उपकरण, मोटर, बस, ट्रक, हेभी इक्वीपमेन्ट आदि १ लाख भन्दा बढी मूल्य पर्ने जिन्सी सामानको विवरण छुट्टै संलग्न गर्नु पर्ने)

जम्मा

१०. उत्पादन व्यवसायको सामान (रकम रु.)

गत सालबाट सरेको

यो सालको थप

जम्मा

बिक्री भएको

काममा लागेको

मिन्हा क्षति भएको

जम्मा

बाँकी (रकम रु.)

११. कार्यालय सामान (खर्च भएर जाने)

बाँकी (रकम रु.)

| आर्थिक प्रशासन शाखा प्रमुख/फाँट प्रमुखको | कार्यालय प्रमुखको |
|---|---|
| नाम थरः | नाम थरः |
| सहीः | सहीः |
| मितिः | मितिः |

**मन्त्रिपरिषदबाट स्वीकृत प्राप्त मितिः २०७६।०८।०५**

**आज्ञाले,**

**डा. मुकुन्द प्रसाद पौड्याल**

**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.३, हेटौंडामा मुद्रित।

मूल्य रु. ६७।-